# विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना
# गण्डकी प्रदेश

२०७७- २०८७ (सन् २०२०-२०३०)

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

गण्डकी प्रदेश, पोखरा

कार्तिक २०७७

# विषयसूची


कार्यकारी सारांश ........................................................................................ ६

अध्याय १: पृष्ठभूमि ........................................................................................ ९

१.१. परिचय........................................................................................ ९

१.२. गण्डकी प्रदेश........................................................................................ ९

१.३. प्रदेशमा विपद्को अवस्था........................................................................................ १०

१.४. ठूला विपदबाट प्राप्त अनुभव र जोखिमको परिदृष्य ........................................................ ११

अध्याय २: वर्तमान नीतिगत व्यवस्था ........................................................................ १४

२.१. संवैधानिक व्यवस्था ........................................................................................ १४

२.२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४:.................................................. १४

२.३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ........................................................................ १५

२.४. विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५ ............................................................ १५

२.५. विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना .................................................. १५

२.६. विपद् जोखिम व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था .......................................................... १६

अध्याय ३: विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना ................................................ १७

३.१. परिचय........................................................................................ १७

३.२. कार्ययोजना तर्जुमा प्रक्रिया........................................................................................ १७

३.३. मार्गदर्शक सिद्धान्त........................................................................................ १९

३.४. दीर्घकालीन सोच, उद्देश्य, अपेक्षित परिणाम र लक्ष्य........................................................ २०

३.५. अपेक्षित परिणाम........................................................................................ २०

३.६. लक्ष्य........................................................................................ २१

अध्याय ४: प्रमुख विपद्को जोखिम न्यूनीकरण कार्ययोजना .................................................. २७

४.१. भूकम्पीय जोखिम न्यूनीकरणका लागि रणनीतिक कार्ययोजना ............................................ २७

(क) प्राथमिकता प्राप्त क्षेत्र १: विपद् जोखिमबारे बुझाइ अभिवृद्धि ........................................ २७

(ख) प्राथमिकता प्राप्त क्षेत्र 2: विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण ................ ३०

(ग) प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरणका लागि लगानी अभिवृद्धि ...................... ३२

(घ) प्राथमिकता प्राप्त क्षेत्र ४: विपद् पूर्वतयारीको सुदृढीकरण .................................................. ३५

४.२. हिमपहिरो तथा हिमताल विष्फोटनबाट उत्पन्न बाढीको जोखिम न्यूनीकरणका लागि रणनीतिक कार्ययोजना........................................................................................ ३८

(क) प्राथमिकता प्राप्त क्षेत्र १: विपद् जोखिमबारे बुझाइ अभिवृद्धि ........................................ ३८

(ख) प्राथमिकता प्राप्त क्षेत्र 2: विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण ...... ४२
(ग) प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरणका लागि लगानी अभिवृद्धि ...... ४३
(घ) प्राथमिकता प्राप्त क्षेत्र ४: विपद् पूर्वतयारीको सुदृढीकरण ...... ४६
४.३. पहिरो जोखिम न्यूनीकरण कार्ययोजना ...... ४९
(क) प्राथमिकता प्राप्त क्षेत्र १: विपद् जोखिमबारे बुझाइ अभिवृद्धि ...... ४९
(ख) प्राथमिकता प्राप्त क्षेत्र 2: विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण ...... ५३
(ग) प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरणका लागि लगानी अभिवृद्धि ...... ५४
(घ) प्राथमिकता प्राप्त क्षेत्र ४: विपद् पूर्वतयारीको सुदृढीकरण ...... ५७
४.४. बाढीको जोखिम न्यूनीकरणका लागि रणनीतिक कार्ययोजना ...... ५९
(क) प्राथमिकता प्राप्त क्षेत्र १: बाढीजन्य विपद् जोखिमबारे बुझाइ अभिवृद्धि ...... ५९
(ख) प्राथमिकता प्राप्त क्षेत्र 2: विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण ...... ६२
(ग) प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरणका लागि लगानी अभिवृद्धि ...... ६३
(घ) प्राथमिकता प्राप्त क्षेत्र ४: विपद् पूर्वतयारीको सुदृढीकरण ...... ६६
४.५. आगलागीको जोखिम न्यूनीकरण कार्ययोजना ...... ६९
(क) प्राथमिकता प्राप्त क्षेत्र १: विपद् जोखिमबारे बुझाइ अभिवृद्धि ...... ६९
(ख) प्राथमिकता प्राप्त क्षेत्र 2: विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण ...... ७२
(ग) प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरणका लागि लगानी अभिवृद्धि ...... ७३
(घ) प्राथमिकता प्राप्त क्षेत्र ४: विपद् पूर्वतयारीको सुदृढीकरण ...... ७६
अध्याय ५: एकीकृत विपद् जोखिम न्यूनीकरण कार्ययोजना ...... ७९
५.१. प्राथमिकता प्राप्त क्षेत्र १: विपद् जोखिमबारे बुझाइ अभिवृद्धि ...... ७९
५.२. प्राथमिकता प्राप्त क्षेत्र २: विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण ...... ८९
५.३. प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरणका लागि लगानी अभिवृद्धि ...... ९४
५.४. प्राथमिकता प्राप्त क्षेत्र ४: विपद् पूर्वतयारीको सुदृढीकरण ...... १०५
अध्याय : ६ रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था ...... ११३
६.१. औपचारिक श्रोत बाँडफाँड प्रक्रिया ...... ११३
६.२. प्रदेश र स्थानीय तहको सार्वजनिक व्यय व्यवस्थापनबाट व्यवस्था भएको बजेट ...... ११३
६.३. नियामक प्रक्रियाबाट प्राप्त श्रोत ...... ११३
६.४. विपद् व्यवस्थापन कोषको परिचालन ...... ११४
६.५. प्रदेशका लागि वा प्रदेशमा सञ्चालन हुने कार्यक्रम र सहयोग ...... ११४
६.६. अन्य स्रोतबाट प्रदेशलाई प्राप्त हुने स्रोत ...... ११४

अध्याय ७: अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन ........ ११५

७.१. कार्ययोजनाको कार्यान्वयन: ........ ११५

७.२. अनुगमन तथा मूल्याङ्कन: ........ ११५

७.३. पुनरावलोकन र अध्यावधिक: ........ ११६

अनुसूची १: कार्ययोजना अनुसारको अनुमानित लागत ........ ११८

सन्दर्भ सामग्री ........ ११९

# कार्यकारी सारांश

विपद्का कारण हुने जनधनको नोक्सानी कम गर्न विपद्जन्य जोखिम न्यूनीकरण तथा आपत्कालीन सहयोगलाई प्रभावकारी बनाउन नेपाल सरकारले विशिष्ट नीतिगत व्यवस्था गरेको छ । नेपालको संविधानको भाग ४ धारा ५१(छ) को प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोगसम्बन्धी नीतिअन्तर्गत जलउत्पन्न प्रकोप नियन्त्रण र प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवं पुन:स्थापना गर्ने कुरा उल्लेख छ । त्यसैगरी संविधानको अनुसूची ७ ले प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभ कार्यलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा सूचीकृत गरेको छ । अनुसूची ८ मा विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको सूचीमा र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा सुचिकृत गरेको छ ।

नेपालले जापानको सेण्डाईमा सन् २०१५ मा आयोजना भएको विपद् जोखिम न्यूनीकरणसम्बन्धी विश्व सम्मेलनबाट अनुमोदित "विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचा (२०१५-२०३०)"; संयूक्त राष्ट्र संघद्वारा प्रतिपादित दिगो विकास लक्ष्य २०१५-२०३० र जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौताको कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएको छ जुन कार्यढाँचा र सम्झौता विपद् उत्थानशील समाजको विकासका सन्दर्भमा महत्वपूर्ण छन् । यिनै प्रतिबद्धता अनुरुप विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनका माध्यमबाट मुलुकको उत्थानशीलता अभिवृद्धि गर्न विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०), २०७५ तर्जुमा गरी लागू गरिसकेको छ।

नेपाल बहूविपद्को उच्च जोखिममा रहेको छ र विश्वव्यापी उष्णीकरणका कारण जलवायु परिवर्तनको प्रभाव पनि उच्च रहेको छ । गण्डकी प्रदेश पनि भूकम्प, बाढी, पहिरो, हिमताल विष्फोट एवं हिमपहिरो, चट्याङ, वन्यजन्तुको आक्रमण, आगलागी, सुख्खा खडेरी, हावाहुरी, सडक दुर्घटना, स्थानीय तथा विश्वव्यापी महामारी लगायतका विपद्को उच्च जोखिममा छ । हिमाली क्षेत्रमा केन्द्रित भएर गरिएका अध्ययन अनुसार हिन्दुकुश हिमालय क्षेत्रमा उत्पत्ति भएका हिमतालहरूमध्ये केही हिमताल विष्फोटको उच्च जोखिममा रहेका छन् । प्रदेशको आफ्नै भूखण्डमा बनेका हिमताल सहित तिब्बती क्षेत्रमा बनेका हिमताल समेत फुटेर तल्लो तटीय क्षेत्रमा ठूलो क्षति हुने सम्भावना रहेको छ ।

विपदबाट हुने क्षति कम गरी जीवन र मानवीय सम्पत्तिको रक्षा तथा विकासमा हुने लगानीको उच्च प्रतिफल सुनिश्चित गरी दिगो विकास लक्ष्य प्राप्तिका लागि जलवायु परिवर्तनका कारणसमेत उत्पन्न हुनसक्ने विपद्को जोखिम न्यूनीकरणमा ध्यान दिनु जरुरी देखिएको छ । प्रदेशलाई विपद् र जलवायु परिवर्तनको प्रभावको सामना गर्ने क्षमताको विकास गर्न विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना (२०२०-२०३०), २०७७ तयार गरिएको छ ।

यस प्राथमिकता प्राप्त कार्ययोजना तर्जुमाको लागि मार्गदर्शनका रूपमा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५; विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७४; विपद् जोखिम न्यूनीकरण राष्ट्रिय प्राथमिकता प्राप्त कार्ययोजना (सन् २०१८-२०३०), २०७५ र जलवायु परिवर्तन राष्ट्रिय नीति, २०७६ लाई लिइएको छ । यसैगरी गण्डकी प्रदेश सरकारले तयार गरेका, दीर्घकालीन, आवधिक तथा वार्षिक योजना एवं कार्यक्रमहरूलाई आधार मानिएको छ ।

विपद् र जलवायु परिवर्तनको प्रभावको सामनाका लागि भएका प्रयास र अभ्यासलाई समेत मार्गदर्शनको रूपमा लिई यो रणनीतिक कार्ययोजना सन् २०२० देखि २०३० को अवधिलाई लक्षित गरी तयार गरिएको छ । यस रणनीतिक कार्ययोजनाले विश्वव्यापी कार्यढाँचा तथा सङ्घिय सरकारद्वारा निर्धारित चार प्राथमिकता प्राप्त क्षेत्रलाई आधार मानेर १४ वटा रणनीति र अन्तर्गतका क्रियाकलापहरू पहिचान गरिएका छन् ।

**प्राथमिकता प्राप्त क्षेत्र १: विपद् जोखिमबारे बुझाइ अभिवृद्धि**

- प्राथमिकता प्राप्त कार्य १: विपद् जोखिम नक्साङ्कन र सम्प्रेषण
- प्राथमिकता प्राप्त कार्य २: विपद् जोखिम ज्ञान व्यवस्थापन
- प्राथमिकता प्राप्त कार्य ३: अन्तरनिकाय समन्वय संयन्त्रको विकास
- प्राथमिकता प्राप्त कार्य ४: क्षमता अभिवृद्धि

**प्राथमिकता प्राप्त क्षेत्र २: विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण**

- प्राथमिकता प्राप्त कार्य ५: समयानुकूल नीतिगत व्यवस्था
- प्राथमिकता प्राप्त कार्य ६: संस्थागत विकास एवं सुदृढीकरण
- प्राथमिकता प्राप्त कार्य ७: सामाजिक समावेशीकरणको सुनिश्चितता

**प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरणका लागि लगानी अभिवृद्धि**

- प्राथमिकता प्राप्त कार्य ८: विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी अभिवृद्धि
- प्राथमिकता प्राप्त कार्य ९: विपद् जोखिम न्यूनीकरणमा निजी लगानी प्रवर्द्धन
- प्राथमिकता प्राप्त कार्य १०: जोखिम हस्तान्तरण पद्धतिको विकास र प्रवर्द्धन
- प्राथमिकता प्राप्त कार्य ११: सहकार्य र साझेदारीको प्रवर्द्धन

**प्राथमिकता प्राप्त क्षेत्र ४: विपद् पूर्वतयारीको सुदृढीकरण**

- प्राथमिकता प्राप्त कार्य १२: विपद् प्रतिकार्यका लागि सशक्त पूर्वतयारी
- प्राथमिकता प्राप्त कार्य १३: पूर्वसूचना प्रणालीको विकास र प्रवर्द्धन
- प्राथमिकता प्राप्त कार्य १४: "अझ राम्रो र बलियो निर्माण" सहित पुनर्लाभ, पुनर्निर्माण र पुनःस्थापना

यस रणनीतिक कार्ययोजनामा प्रत्येक प्राथमिकता प्राप्त कार्यलाई अझ विस्तृत गर्ने लक्ष्यका साथ रणनीतिक क्रियाकलापहरू निर्धारित गरिएका छन् । ती कृयाकलापलाई आर्थिक वर्ष २०७७/०७८ देखि ०७९/८० सम्मको अवधिलाई अल्पकालीन, २०७७/७८ देखि २०८१/०८२ सम्मको

अवधिलाई मध्यकालीन र आर्थिक वर्ष २०७७/०७८ देखि २०८६/८७ सम्मको अवधिलाई दीर्घकालीन तथा निरन्तर गर्नुपर्ने क्रियाकलापका रूपमा प्रस्ताव गरिएका छन् । सबै क्रियाकलापलाई प्रदेश सरकारले आफ्ना वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्दै जानेगरी प्रस्ताव गरिएको छ।

प्राथमिकता प्राप्त कार्ययोजनालाई कार्यान्वयन योग्य बनाउने प्रयास गरिएको छ । तथापि विश्वव्यापी रूपमा भइरहेको अनपेक्षित परिवर्तनका कारण विपद्को जोखिममा पनि आउने परिवर्तनले कुनै रणनीतिक प्राथमिकता वा रणनीतिक क्रियाकलापमा परिमार्जन गर्नु पर्ने अवस्था देखिएमा पुनरावलोकन गर्न सकिनेछ ।

यस विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०७७/७८-२०८६/८७ लाई ७ वटा अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा पृष्ठभूमिको रूपमा नेपालमा विपद् जोखिमको अवस्था, प्रदेशमा विपद् र त्यसको जोखिमको अवस्था, दोस्रो अध्यायमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिगत व्यवस्था र कार्यढाँचाका बारेमा संक्षिप्त जानकारी राखिएको छ । तेस्रो अध्यायमा विपद् **जोखिम न्यूनीकरण** प्रादेशिक रणानीतिक कार्ययोजनाको परिचय, तर्जुमा प्रक्रिया, उद्देश्य, महत्व तथा आवश्यकता, प्राथमिकता प्राप्त कार्ययोजनाका मार्गदर्शक सिद्धान्त, लक्ष्य र लक्ष्य प्राप्तिका लागि निर्धारण गरिएका प्राथमिकता प्राप्त क्षेत्रहरू प्रस्तुत गरिएको छ । चौथो र पाचौं अध्यायमा प्राथमिकता प्राप्त क्षेत्र अन्तरगतका रणनीतिक प्राथमिकता प्राप्त कार्य र क्रियाकलापहरू राखिएको छ । यस कार्ययोजनाको छैटौं अध्यायमा प्राथमिकता प्राप्त कार्ययोजना कार्यान्वयनका लागि वित्तीय विकल्प र विषयगत निकायहरूको भूमिका र जिम्मेवारी प्रस्तुत गरिएको छ भने यो रणनीति कार्यान्वयनका लागि अनुमान गरी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रुपमा खर्च हुने बजेटको समेत अनुमान गरिएकोछ (अनुसूची- १: कार्ययोजना अनुसारको अनुमानित लागत) । कार्ययोजनाको सातौं अध्यायले योजनाको अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकनको विषयमा उल्लेख गरेको छ ।

# अध्याय १ः पृष्ठभूमि

## १.१. परिचय

नेपालको संविधान, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (पहिलो संशेधन) ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय प्राथमिकता प्राप्त कार्ययोजना (सन् २०१८-२०३०) समेतले सरकारका तीन तहले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि गर्नु पर्ने कार्य निर्धारण गरेका छन् । विशेषगरी, ऐनको परिच्छेद ६ दफा १४(२) ले निर्दिष्ट गरेका काम कर्तव्य तथा अधिकारअनुरुप गण्डकी प्रदेशले विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा गर्नु उपयुक्त देखिएको छ ।

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय प्राथमिकता प्राप्त कार्ययोजनाको तयारीले विकासका विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनका कार्यलाई मूलप्रवाहीकरण गर्ने आधार तयार हुनेछ । सरकारका सबै तह र अङ्गमा विकास र विपदबीचको अन्तर्सम्बन्धलाई एकीकृत गरेर जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी ज्ञानको प्रवर्द्धन, सुशासन, पर्याप्त लगानीका साथै विपद् प्रतिकार्य र पुनर्निर्माण तथा पुनःस्थापनका कार्यमा जिम्मेवारी र जवाफदेहिताको विकास गर्नु आवश्यक छ । खासगरी, व्यवस्थित रूपमा विपद्को जोखिम लेखाजोखा, क्रियाशील विपद् अल्पीकरण, जोखिम न्यूनीकरण र पूर्वतयारीका समग्र कार्यलाई समान रूपमा हेर्नु पर्नेमा विश्वको दृष्टिकोणमा नेपाल सरकारसमेत सहमत रहेको छ र गण्डकी प्रदेश यसमा संवेदनशील रहेको छ ।

यस रणनीतिक कार्ययोजनाले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई बृहत्तर रूपमा कार्यान्वयन गर्न सबै विषयगत मन्त्रालय, स्थानीय तह, दातृ निकाय, प्रदेशमा कार्य गर्ने विकास साझेदार संस्था, निजी क्षेत्र, सञ्चारमाध्यम तथा नागरिकका लागि समेत मार्गदर्शन र जिम्मेवारी प्रदान गरेको छ । यस रणनीतिक कार्ययोजनाले बहूविपद् जोखिम न्यूनीकरणको मान्यताअनुरूप प्रदेश सरकार, स्थानीय तह, गैरसरकारी संस्था समुदाय, व्यवसायिक प्रतिष्ठान, निजी क्षेत्र र प्रत्येक नागरिकलाई विपद् र जलवायुजन्य जोखिम न्यूनीकरणका आधारभूत क्षेत्र, रणनीति र क्रियाकलाप उपलब्ध गराएको छ । प्रदेश सरकारले तयार गरेको यस विपद् जोखिम न्यूनीकरण प्रादेशिक रणनीतिक कार्ययोजनाले गण्डकी प्रदेश विपद् र जलवायु उत्थानशील भएर देशको दिगो विकास लक्ष्य प्राप्त गर्न योगदान पुर्याउने मात्र होइन प्रदेशको दिगो र प्रतिफलमुखी विकासलाई टेवा पुग्ने छ।

## १.२. गण्डकी प्रदेश

नेपालको मध्य भागमा अवस्थित गण्डकी प्रदेश हिमालदेखि तराईसम्म फैलिएको छ । समुद्र सतहबाट ९१ मिटर होचो नवलपुर जिल्लाको त्रिवेणी सुस्तादेखि ८१६७ मिटर उचाइ रहेको नेपालको छैटौं

अग्लो हिमशिखर धौलागिरी रहेको छ । क्षेत्रफलको हिसाबले नेपालकै सबैभन्दा ठूलो मानिने पोखरा महानगरपालिका यस प्रदेशको राजधानी हो । पूर्वमा वागमती प्रदेशका रसुवा, धादिङ र चितवन जिल्ला; पश्चिममा कर्णाली प्रदेशका डोल्पा, पूर्वी रुकुम र रोल्पा, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा प्रदेश नं ५ का पाल्पा, नवलपरासी र भारतको बिहार राज्यको बीचमा रहेको प्रदेशको कूल क्षेत्रफल क्षेत्रफल २१,९७४ वर्गकिलोमिटर (नेपालको १४.६९ प्रतिशत) छ । विसं. २०६८ को जनगणनाअनुसार प्रदेशको कूल जनसङ्ख्या २४,०३,०१६ छ जुन नेपालको कूल जनसङ्ख्याको ९.०६ प्रतिशत हुन आउँछ ।

हिमाली, पहाड र तराईको क्षेत्रफल क्रमशः २६.८, ६७.२ र ६ प्रतिशतमा विस्तारित प्रदेशका ११ जिल्लामा १ महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँ विकास समितिसमेत ८५ स्थानीय तह रहेका छन् । राजनीतिक रूपमा प्रदेश १८ प्रतिनिधि सभा र ३६ प्रदेश सभा निर्वाचन क्षेत्रमा विभाजित छ ।

गण्डकी प्रदेश नेपालको मध्यभागमा अवस्थित छ । अधिकांश भूक्षेत्र हिमाल र पहाडमा पर्ने यस प्रदेशभित्र अन्नपूर्ण, धौलागिरी, माछापुच्छ्रे, निलगिरी र मनास्लु हिमालजस्ता प्रशिद्ध हिमश्रृङ्खला रहेका छन् ।प्रदेशको राजधानी पोखरा, मनास्लु संरक्षण क्षेत्र, कागवेनी, मुक्तिनाथ क्षेत्र, देवघाट, ढोरपाटन, मनकामना र विन्ध्यवासिनी मन्दिर, गोरखा दरबार, घलेगाउँ आदि चर्चित स्थान प्रदेशका प्रमुख पर्यटकी क्षेत्र रहेका छन् ।

गण्डकी प्रदेश जलस्रोतका दृष्टिले धनी र रसिलो छ । नदी, ताल र स-साना पानीका मुहानका कारण यहाँको भूमि उर्बर छ । यस प्रदेशमा थुप्रै तालहरू छन् भने सेती, कालीगण्डकी, बुढीगण्की, मर्श्याङ्दी, मोदी, मेदी, दरौंदी, आँधीखोला, बडीगाढ र उत्तरगङ्गा प्रमुख नदी रहेका छन् ।यो प्रदेश आर्थिक, सामाजिक, शिक्षा, स्वास्थ्य र मानव विकास सूचकाङ्का दृष्टिले पश्चिम नेपालका अन्य प्रदेशका तुलनामा अग्रस्थानमा रहेको छ ।

## १.३. प्रदेशमा विपद्को अवस्था

नेपाल सरकार गृह मन्त्रालयको विसं २०६८ देखि २०७५ को अवधिमा गण्डकी प्रदेशका ११ जिल्लामा १८ प्रकारका विपद्जन्य घटना १,३४८ पटक भएको अभिलेख छ । प्रकोपका घटनाको सङ्ख्याका आधारमा यस अवधिमा सबभन्दा बाढी आगलागीका ६८३ घटना, दोस्रोमा पहिरोका २६१ घटना, तेस्रोमा चट्याङका १३३ घटना, बाढीका ९९ घटना भएको देखिन्छ । यसका साथै भूकम्प, भीषण वर्षा, हावाहुरी, लेक लाग्ने, वन्यजन्तुको आक्रमण, आगलागी, डुङ्गा दुर्घटना, आँधी, हिमआँधी, कीटपतङ्ग, सलह, बालीनाली विनाश, हिमपहिरोलगायतका विपद्जन्य घटना भएका छन् । विपद्का कारण प्रभावित भएका व्यक्तिहरूको सङ्ख्या प्रतिलाख जनसङ्ख्यामा ४१५ रहेको छ ।

प्रदेशमा आगलागी, दुर्घटना, संरचना भत्किनेजस्ता मानवीय कमजोरी र प्रविधिजन्य प्रकोप; पहिरो, बाढी, भीषण वर्षा, चट्याङ, हावाहुरी, आँधीलगायतका जलवायुजन्य प्रकोप; भूकम्प, पहिरोजस्ता भौगर्भिक, महामारीजस्ता जैविक प्रकोप र मानव प्रकृति द्वन्द्व र जनावर आतङ्क पनि उल्लेखनीय छन्।

अभिलेख अनुसार प्रदेशमा २०६८ देखि २०७५ सम्ममा भएका १८ प्रकारका १,३४८ पटक भएका विपदमा परेर ९३१ मानिसको मृत्यु, १,७२९ मानिस घाइते भएको र प्रत्यक्ष रूपमा १ अर्ब ६० करोड रुपैयाँ बराबर आर्थिक क्षति भएको छ ।

एकीकृत पर्वतीय विकास केन्द्र र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमका अनुसार प्रदेशमा ५० वर्षपहिले माछापुछ्रे हिमताल र सन् १९६४ मा तिब्बतको लोङ्गडा हिमताल विष्फोटबाट त्रिशुली नदीमा बाढी आएको थियो । यी दुवै बाढीबाट के कस्तो क्षति भयो भन्ने अभिलेख उपलब्ध छैन । अध्ययनअनुसार यस प्रदेशमा अहिले पनि नेपालतर्फ २ र चीनतर्फ एक जोखिमयुक्त हिमताल रहेका छन् । ती ताल विष्फोट भएमा त्रिशुली र मर्स्याङ्दी नदीमा विनाशकारी बाढीको सम्भावना रहेको बताइएको छ ।

## १.४. ठूला विपदबाट प्राप्त अनुभव र जोखिमको परिदृष्य

(क) भूकम्प

विभिन्न अध्ययन अनुसार इण्डियन टेक्टोनिक प्लेट उत्तरतर्फ सरिरहेको कारण उत्तरतिर रहेको टिबेटीयन टेक्टोनिक प्लेटमा दवाव परिरहेको छ र त्यसभन्दा उत्तरमा रहेको युरेशियन टेक्टोनिक प्लेट पनि प्रत्येक वर्ष उत्तरतर्फ सरिरहेको छ । यी प्लेटहरूको गतिशीलताका कारण यो भूखण्ड विश्वकै सर्वाधिक गतिशील क्षेत्र मानिन्छ । इण्डियन टेक्टोनिक प्लेट प्रति वर्ष करिब २ सेन्टीमिटरका दरले उत्तरतर्फ बढिरहेको[१] बताइएको छ । यसैकारण नेपालमा भूकम्पको जोखिम उच्च रहेको छ । नेपालमा विसं १९९०, २०४५, २०६८ र २०७२ मा ठूला भूकम्प गए, जसबाट जनधनको व्यापक क्षति भयो ।

वि. सं. २०७२ वैशाख १२ गते गोरखा केन्द्रविन्दु भएको ७.६ रिक्टर स्केलको भूकम्प र वैशाख २९ गते सिन्धुपाल्चोक केन्द्रविन्दु भएको ७.३ रिक्टर स्केलको पराकम्पनका साथै त्यसपछि निरन्तर गएका पराकम्पनका कारण जनधनको व्यापक क्षति भयो । उक्त भूकम्पले हिमपहिरो, सुख्खा पहिरो, बाटो अवरोधजस्ता विपत्तीहरू उत्पन्न गर्यो । भूकम्पबाट प्रभावित भएका ३१ जिल्ला मध्ये १४ जिल्लालाई सरकारले अति प्रभावित जिल्ला घोषणा गर्यो जसमध्ये यस प्रदेशको गोरखा जिल्ला मूख्य रहेको छ।

यस भूकम्पका कारण ८,९७० मानिसहको मृत्यु भएको थियो भने २२,३०० भन्दा बढी मानिस घाइते भए । कम्तीमा ४९८,८५२ निजी घर तथा २,६५६ सरकारी भवनहरू नष्ट भए। यस्तै

[१] *गोरखा भूकम्प २०७२: अनुभव र सिकाई, नेपाल सरकार गृह मन्त्रालय, २०७३ ।*

२,५६,६९७ निजी घर तथा ३,६२२ सरकारी भवनहरू आंशिक रूपले क्षतिग्रस्त भए । यस बाहेक स्कुलका १९,००० भन्दा बढी कक्षा कोठा पूर्णरूपमा नष्ट भए र ११,००० भन्दा बढी कक्षा कोठा आंशिक रूपमा क्षतिग्रस्त बने । गोरखा भूकम्पबाट भएको क्षतिको पुनर्निर्माण गर्ने कार्य अहिले पनि चलिरहेको छ ।

अध्ययनअनुसार नेपालको गोरखादेखि पश्चिम काङ्गडासम्मको भूखण्डमा ५०० वर्षभन्दा पहिलेदेखि ठूलो भूकम्प गएको छैन ।भूकम्पविद्हरुका अनुसार जति लामो समय भूकम्प जाँदैन त्यत्ति नै ठूलो र विनाशकारी भूकम्प जाने सम्भावना रहन्छ । यसबाट पनि स्पष्ट हुन्छ गण्डकी प्रदेश भूकम्पको उच्च जोखिममा रहेको छ र यसको सामनाका लागि सरकारले अल्पीकरण र पर्याप्त पूर्वतयारीका माध्यमबाट जोखिम न्यूनीकरण गर्नु आवश्यक छ ।

(ख) बाढी

अन्नपूर्ण हिमालबाट उत्पत्ति भएको पोखरा उपत्यका हुँदै बग्ने सेती नदीमा मनसुन सुरु नहुँदै २०६९ साल वैशाख २३ गते (५ मे २०१२) एकाएक विशाल बाढी आएको थियो । यस बाढीका कारण सार्दीखोलास्थित खारापानी, भुजुङ खोलास्थित तातोपानी र तल्लो तटीय क्षेत्रमा व्यापक क्षति भयो । बाढीमा परेर भुजुङमा रहेको प्रशिद्ध तातोपानीको कुण्डमा नुहाइरहेका स्वदेशी र विदेशी गरी ७ जनाको मृत्यु भएको भयो ।

अध्ययनअनुसार अन्नपुर्ण हिमश्रृङ्खलामा गएको हिमपहिरो र चट्टान खसेर थुनिएको सेती नदी पहिरोको ड्याम खोलेर बाढी आएको भनिएको छ । यस बाढीले भुजुङमा रहेको तातो पानीको कुण्ड, सेती नदीका तीनवटा झोलुङ्गे पुल, पेखरामा वितरण गरिएको पिउने पानीको मूल पाइप बगाएर पोखरामा पिउने पानीको समेत हाहाकार भएको थियो ।

यस बाढीको सामना गर्न नेपाली सेनाबाट भुजुङ नजिकै घटनास्थल उद्धार क्याम्प स्थापना भयो भने तत्कालीन जिल्ला दैवी प्रकोप उद्धार समितिले विषयगत क्षेत्र (Cluster) समेत परिचालन गरेर मानवीय सहायतालाई प्रभावकारी बनायो । विभिन्न क्षेत्रबाट भएका अध्ययन र विश्लेषणहरूअनुसार नेपाल सरकारले २०६४ सालबाट प्रारम्भ गरेको विषयगत क्षेत्र र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणमा देखाएको क्रियाशीलताले विपद् प्रतिकार्यलाई प्रभावकारी बनाएको देखाएका छन्।

यसका अतिरक्त, यस प्रदेशमा विगत ८ वर्षमा बाढीका ९७ घटनामा परेर ३० जनाको ज्यान गएको छ भने ३३ जना हराएका छन् । यस अवधिमा बाढीका कारण मात्र २ करोडबराबरको आर्थिक क्षति भएको देखिन्छ ।

प्रदेशमा बाढीको जोखिम कम गरेर मानवीय र आर्थिक क्षेत्रको क्षति न्यूनीकरण गर्नु जरुरी देखिएको छ जसका लागि नदी अतिक्रमण रोकथाम, तटीय क्षेत्रको व्यवस्थापन र जनचेतना अभिवृद्धि र आपत्कालीन योजना तयार गरी कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिएको छ ।

(ग) पहिरो

गृहमन्त्रालमा अभिलेख भएका २०६८ देखि २०७५ सालसम्मको तथ्याङ्कअनुसार गण्डकी प्रदेशमा २१६ वटा पहिरोमा परेर परेर १६५ जनाको मृत्यु भयो भने १२ जना हराए। यस अवधिमा घर र गोठ गरेर २३७ नष्ट भए भने ५ करोड २७ लाख ६८ हजर रुपैयाँबराबर आर्थिक नोक्सानी भएको पाइन्छ । पहिरोका कारण कृषि भूमि, आवास क्षेत्र, राजमार्ग, वन तथा जैविक विविधतालगायत प्राकृतिक स्रोतमा भएको क्षतिको अभिलेख उपलब्ध छैन । खासगरी, भूउपयोग योजना बनाएर सोअनुसार भूमिको उपयोग गर्ने परम्परा नहुनु पहिरोको कारण देखिएको छ । त्यसैगरी भौगोलिक र भौगर्भिक अध्ययन नगरी जतातते ग्रामीण सडक खन्नु र पूर्वाधार निर्माण गर्नु नै पहिरोको जोखिम बढ्नुको प्रमुख कारण रहेको छ।

(घ) हिमपहिरो र हिमताल विष्फोट

नेपाल हिमताल विष्फोटन र हिमपहिरोको समेत उच्च जोखिममा रहेको छ । गण्डकी प्रदेशको अन्नपूर्ण पदयात्रा मार्गमा हिमपहिरोको उच्च जोखिम रहेको छ । २०७१ सालमा गएको हुदहुद आँधीका कारण ४३ जना स्वदेशी र विदेशी पर्यटकको मृत्यु भयो । २०६९ सालको सेतीको बाढी पनि हिमपहिरोकै कारण गएको थियो । वि. सं. २०७१ आश्विन २८ गते नेपालको मनाङ र मुस्ताङ जिल्लास्थित अन्नपूर्ण र धौलागिरी आसपासको क्षेत्रमा धेरै हिमपात भयो भने श्रृङ्खलावद्ध हिमपहिरो गयो । सोही वर्षको आश्विन २० गते बङ्गालको खाडीबाट उत्पन्न भएको हुदहुद आँधीको प्रभाव नेपालमा पनि पर्यो । सो आँधीका कारण भएको हिमपात र हिमपहिरोमा परेर २१ जना पदयात्रीसहित ४३ व्यक्तिको मृत्यु भयो । अनुमानित ५० जना मानिस हराएका थिए भने १७५ व्यक्ति घाइते भएका थिए । लगभग ४०० मानिसलाई मनाङ र मुस्ताङका विभिन्न क्षेत्रबाट उद्धार गरिएको थियो । विश्वव्यापी उष्णीकरणका कारण हिउँ पग्लिने क्रम पनि तीव्र छ । परिणामस्वरुप हिमतालको उत्पत्ति हुने र ताल फुट्ने सम्भावना पनि बढ्दै गएको छ । यो प्रदेश हिमताल विष्फोटबाट धेरै प्रभावित हुनसक्ने जोखिमको सम्भावनामा छ । यस अवस्थाबाट सुरक्षित रहन प्रदेशले संघ, स्थानीय तह र अन्य प्राविधिक संस्थासँग समन्वय गरेर जोखिम न्यूनीकरणका कार्य गर्नु आवश्यक छ।

(ङ) अन्य

गण्डकी प्रदेशमा गएको ८ वर्षमा सबैभन्दा बाढी आगलागीका ६८३ घटना भएको तथ्याङ्कले देखाउँछ। त्यसैगरी चट्याङ, भीषण वर्षा, हावाहुरी, वन्यजन्तु आक्रमण, आँधी, डुङ्गा दुर्घटना र लेक लाग्ने घटना क्रमश:१३३, ६६,२२, १०, ९, ९ र १२ रहेका छन् भने अन्य संरचना भत्किएका लगाएतका १७ घटना भएका देखिन्छन् । यी घटना प्रत्येक वर्ष दोहोरिने र जनधनको क्षति बढाइरहने विपद्का रूपमा रहेका छन् । गण्डकी प्रदेशको पोखरामा हवाइ र प्रदेशका सबै क्षेत्र सडक दुर्घटनाबाट समेत उच्च जोखिममा रहेको छ । यसका साथै प्रदेशका औद्योगिक क्षेत्रहरूमा समेत प्राविधिजन्य दुर्घटनाबाट विपद् उत्पन्न हुने, वातावरण प्रदूषणका साथै जलवायु परिवर्तनलगायतका कारणले उत्पन्न कीटपतङ्गको जोखिम, डेङ्गु, स्थानीय तथा विश्वव्यापी सङ्क्रामक रोगजन्य महामारी वा प्याण्डामिकको समेत उच्च जोखिम रहेको छ ।

# अध्याय २: वर्तमान नीतिगत व्यवस्था

## २.१. संवैधानिक व्यवस्था

नेपालको संविधानले विपद् जोखिम न्यूनीकरणको कार्यलाई संघीय संरचनाअनुसार अधिकार र कार्यक्षेत्र निर्धारण गरेको छ, जुन निम्नअनुसार रहेको छः

- भाग २८ धारा २६७ (४) नेपाल सरकारले नेपाली सेनालाई संघीय कानून बमोजिम विपद् व्यवस्थापनका कार्यमा समेत परिचालन गर्न सक्ने व्यवस्था छ ।
- भाग ३० धारा २७३ को उपधारा (१) मा अन्य विषयसँगै प्राकृतिक विपद् वा महामारीका कारण गम्भीर सङ्कट उत्पन्न भएमा देशभर वा कुनै क्षेत्रमा राष्ट्रपतिले सङ्कटकालीन अवस्थाको घोषणा गर्ने उल्लेख छ।
- उपधारा (२) अनुसार कुनै प्रदेशमा प्राकृतिक विपद् वा महामारीको कारणले गम्भीर सङ्कट उत्पन्न भएमा सम्बन्धित प्रदेश सरकारले नेपाल सरकार समक्ष प्रदेश वा प्रदेशको कुनै भागमा सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश जारी गर्नका लागि अनुरोध गर्न सक्ने व्यवस्था छ।
- अनुसूची ७ संघ र प्रदेशको साझा अधिकारको सूची १७ मा प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभसम्बन्धी कार्य गर्ने उल्लेख छ ।
- अनुसूची ८ स्थानीय सरकारको एकल अधिकारको सूची २० मा विपद् व्यवस्थापनका सबै कार्य गर्ने भूमिका दिइएको छ।
- अनुसूची ९ संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारअन्तर्गत सूची ९ मा विपद् व्यवस्थापनका कार्यलाई साझा कार्यको रूपमा परिभाषित गरिएको छ ।
- संविधानमा राज्यका नीतिहरू अन्तरगत धारा ५१ (छ) ४ र ९ मा जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिँचाइको विकास गर्ने र प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवं पुनःस्थापना गर्ने सुनिश्चित गरेको छ ।
- मानव अधिकार संरक्षण, लैङ्गिक तथा महिला, बालबालिका, जेष्ठ नारिक तथा अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण सुनिश्चत गरेको छ ।

## २.२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४:

नेपालको संसदबाट २०७४ सालमा दैवी प्रकोप (उद्धार) ऐन, २०३९ लाई विस्थापति गर्दै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ पारित भयो । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनलाई संघीय संरचनाअनुरुप थप प्रभावकारी बनाउन २०७५ सालमा पहिलो संशोधन भयो । यो कार्य नेपालको विपद् व्यवस्थापनको इतिहासमा अग्रगामी कार्य सावित भएको छ । विपद् जोखिम न्यूनीकरण ऐन, २०७४ प्रभावकारी कार्यका लागि **संस्थागत र समितिगत स्वरूपमा** गतिशील बनेको छ । ऐनले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि समर्पित संस्था विपद् जोखिम

न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्थापना गरेर यस क्षेत्रमा नयाँ आयाम थप्यो । ऐनले संविधानको भावना र संघीय संरचनाको मर्मअनुरुप संघ, प्रदेश, जिल्ला र स्थानीय तहको काम कर्तव्य तथा अधिकार निर्धारण गरेको छ र ऐनको कार्यान्वयनको लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७५ समेत नेपाल सरकारले जारी गरेको छ ।

## २.३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

विपद् व्यवस्थापनका कार्यलाई स्थानीय तहबाटै प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको काम, कर्तव्य र अधिकार अन्तर्गत विपद् व्यवस्थापन र सोसँग सम्बन्धित विषयलाई स्पष्ट रुपमा परिभाषित गरेको छ ।ऐनको परिच्छेद ३ को दफा ११ (छ)(६) मा राष्ट्रिय भवन संहिता तथा मापदण्डबमोजिम अनुमति प्रदान गर्ने र अनुगमन गर्ने भूमिका र जिम्मेवारी दिएको छ भने दफा ११(झ) मा आधारभूत स्वास्थ्य र सरसफाइका कार्य गर्ने जिम्मेवारी दिएको छ । त्यसैगरी दफा ११ (न) मा विपद् व्यवस्थापनका लागि स्थानीय तहको काम, कर्तव्य तथा अधिकारलाई १२ बुँदामा स्पष्टसँग उल्लेख गरेको छ । जसअनुसार स्थानीय नीति, कानून, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, अनुगमन र नियमन गर्ने, स्थानीय स्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय गर्ने, स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन गर्ने, विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण गर्नेलगायतका भूमिका र जिम्मेवारी दिएको छ।

## २.४. विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५

विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा, दिगो विकासका लक्ष्यहरू, जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौतालगायतका अन्तर्राष्ट्रिय सम्झौता तथा अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत प्रतिबद्धताका साथै राष्ट्रिय आवश्यकता अनुरुप सरकारबाट "विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५" निर्माण भएको छ । नीतिले विपद् जोखिम न्यूनीकरण, रोकथाम तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन तीनवटै तहका सरकारबीच समन्वय, सहकार्य, विपद् सुशासन र समावेशीकरण, वित्तीय लगानी, पुनर्लाभ पुनः स्थापनमा "अझ बलियो र अझ" राम्रो निर्माणको सिद्धान्तलाई अवलम्बन गर्ने कुरामा जोड दिएको छ । नीतिले विपदबाट सुरक्षित र उत्थानशील नेपालको विकासका लागि विकासका विषयगत क्षेत्रमा जोखिम न्यूनीकरण मूलप्रवाहीकरणका कार्यलाई समेत प्रभावकारी बनाउने स्पष्ट दृष्टिकोण प्रस्तुत गरेको छ ।

## २.५. विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना

सुरक्षित र समृद्ध नेपालको विकासका लागि विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई सबै क्षेत्रमा सुनिश्चित गर्ने आशयका साथ नेपाल सरकारले "विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना सन् २०१८-२०३०" तर्जुमा गरेको छ। कार्ययोजना विपद् जोखिम न्यूनीकरणका लागि

सेन्डाई कार्यढाँचा २०१५-२०३० र एशियाली मन्त्री स्तरीय सम्मेलन २०१६ बाट पारित क्षेत्रीय योजनालाई सम्बोधन गरेर निर्माण भएको छ ।

विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचाले पहिल्याएका लक्ष्यअनुरुप विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाले चारवटा प्राथमिकता प्राप्त क्षेत्र र १८ वटा प्राथमिकता प्राप्त कार्य निर्धारण गरेको छ । प्रत्येक प्राथमिकता प्राप्त कार्यहरूलाई अल्पकालीन, मध्यकालीन, दीर्घकालीन र निरन्तर गरिने गरी क्रियाकलापहरू राखिएका छन् ।

विपद् व्यवस्थापनका कार्यमा सरकारका तीनवटै तहबीच समन्वय र सहकार्य, दातृ निकाय र विकास साझेदार संस्थासँग सहकार्य, निजी क्षेत्रको संलग्नता र जोखिम हस्तान्तरण लगायतका क्षेत्र यसले समेटेको छ। कार्ययोजनाले व्यक्तिको जीवन र सम्पत्ति वा जीविकोपार्जन एवं उत्पादनका साधन, स्वास्थ्य, र सांस्कृतिक तथा वातावरणीय सम्पदाको सुरक्षा सुनिश्चित गरेको छ । त्यसैगरी, विपद् प्रभावितको मानव अधिकारको प्रवर्द्धन गर्ने, प्रभावित एवं सिमान्तीकृत समुदायको शसक्तिकरण र समावेशी विपद् व्यवस्थापनको प्रवर्द्धनलाई जोड दिएको छ ।

## २.६. विपद् जोखिम व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था

नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रलाई समेट्ने अन्य धेरै नीतिगत र कार्यगत दस्तावेजहरू निर्माण भएका छन् । जलवायु परिवर्तन नीति, २०७६; कृषि नीति, २०७१; राष्ट्रिय औद्योगिक नीति, २०६७; भू तथा जलाधार संरक्षण ऐन, २०३९; सडक सुरक्षा कार्ययोजना, लगायतका नीति र ऐनले विपद् जोखिम न्यूनीकरणका कार्यलाई कुनै न कुनै रूपमा सम्बोधन गरेका छन् । त्यसैगरी, जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२; राष्ट्रिय शहरी विकास रणनीति, २०७३; राष्ट्रिय स्वास्थ्य नीति, २०७१; सङ्क्रामक रोग ऐन, २०२०; राष्ट्रिय पुनर्निर्माण तथा पुनःस्थापन नीति, २०७२; विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६; राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (पहिलो संशोधन २०७६); प्रकोप पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड, २०७६; विपद् पीडित पूनर्वास सञ्चालन कार्यविधि, २०७१; विपद् पश्चातको शव व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०६८ र बारूणयन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०६७ पनि प्रमुख दस्तावेज हुन् ।

नेपाल सरकारले अवलम्बन गरेका नीतिअनुसार प्रदेश सरकार र स्थानीय तहले आवश्यक नीति, नियम, रणनीति र कार्यक्रम तथा योजना तयार गरी विकासका विषयगत क्षेत्रमा जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गरी उत्थानशील विकासका माध्यमबाट दिगो विकास लक्ष्य प्राप्त गर्न प्रदेश सरकारले यो विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा गरेको छ ।

# अध्याय ३: विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना

## ३.१. परिचय

प्राकृतिक स्रोत र वातावरण संरक्षण गर्दै सामाजिक-आर्थिक विकासका माध्यमबाट प्रदेशको समृद्धिको लागि केन्द्र र प्रदेश सरकारका साथै स्थानीय तहले सञ्चालन गर्ने विकास आयोजनामा विपद्को जोखिम न्यून गर्दै विपद्का समयमा प्रभावकारी प्रतिकार्य गरी मानव र मानवीय सम्पत्तिको रक्षालाई सुनिश्चित गर्नका लागि मार्गदर्शनका रूपमा निर्माण गरिएको दस्तावेज नै विपद् जोखिम न्यूनीकरण रणनीति हो । विपदबाट सुरक्षित र उत्थानशील प्रदेशको विकासका लागि यस रणनीतिक कार्ययोजनाले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

## ३.२. कार्ययोजना तर्जुमा प्रक्रिया

प्रदेशमा विपदबाट भइरहेको नोक्सानी र क्षतिलाई कम गर्दै समुदायलाई विपद् उत्थानशील बनाउन यो रणनीतिक कार्ययोजना तयार गरिएको छ । विपद् व्यवस्थापन गर्नु सरकारको मूल दायित्व भए पनि यस कार्यलाई प्रभावकारी बनाउन सरकारका सबै अङ्ग, दातृ निकाय, विकास साझेदार संस्था, निजीक्षेत्र, सञ्चार माध्यम,प्राज्ञिक क्षेत्र र नागरिकबीच सहकार्य र साझेदारी अनिवार्य हुन्छ । यही यथार्थलाई मनन गर्दै विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना निर्माणका लागि निम्नअनुसारका विधि अवलम्बन गरिएको थियो:

(क) **समितिको गठन**: विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमाका लागि संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमले प्राविधिक सहयोग गर्ने समझदारीपछि आन्तरिक मामिला तथा कानून मन्त्रालयका मन्त्रीको संयोजकत्वमा निर्देशक समिति र सचिवको संयोजकत्वमा कार्यदल गठन गरियो । विज्ञहरू सदस्य रहेको यस समितिले नियमित छलफल गरी विषयगत क्षेत्र र सरोकारवालाबाट प्राप्त सुझावसमेत समेटेर यो रणनीतिक कार्ययोजना तयार गरियो ।

(ख) **प्रदेशस्तरीय कार्यशाला**

(ग) **विषयगत क्षेत्रको बैठक**: विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना निर्माणका क्रममा पाँचवटा विषयगत क्षेत्र पहिचान गरियो र सबै विषयगत क्षेत्र, प्राथमिकता प्राप्त क्षेत्र प्राथमिकता प्राप्त कार्यका हरेक चरणमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, वृद्धवृद्धालगायत सामाजिक समावेशीकरणका विषय समावेश गर्ने निर्णय भयो । यसरी निर्धारण गरिएका पाँचवटा विषयगत क्षेत्र निम्नअनुसार रहेका छन्:

१. उत्पादनमूलक क्षेत्र (कृषि, उद्योग र पर्यटन)

२. सामाजिक विकास क्षेत्र (शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन, सुशासन, सामाजिक समावेशीकरण र मानव अधिकार)

३. भौतिक पूर्वाधार विकास (शहरी विकास, आवास, यातायात, ऊर्जा र सिँचाइ तथा सबै क्षेत्रका भौतिक संरचना वा पूर्वाधार)

४. प्राकृतिक स्रोत, वन र वातावरण (वन, वातावरण, जैविक विविधता र जलवायु परिवर्तन अनुकूलन)

५. विपद् प्रतिकार्य र पुनर्निर्माणका लागि पूर्वतयारी (आपत्कालीन प्रतिकार्य र "अझ बलियो र अझ राम्रो" निर्माणका लागि पूर्वतयारी)

उल्लेखित पाँचवटा विषयगत क्षेत्रका प्राथमिकता प्राप्त कार्य पहिचान र कार्ययोजना तयार गर्दा प्रदेशका सबै मन्त्रालय, विकास साझेदार संस्था, निजी क्षेत्र र सञ्चार माध्यमका प्रतिनिधि समेतको सहभागिता रह्यो । विषयगत क्षेत्रका सुझाव र प्राथमिकतालाई यस रणनीतिमा प्राथमिकता प्राप्त क्षेत्रअन्तरगत समावेश गरिएका छन् ।

(घ) **लिखित पृष्ठपोषण:** तहगत र संस्थागत रूपमा सल्लाह र सुझाव लिएर तयार गरिएको रणनीतिको मस्यौदामाथि प्रदेश सरकारका सबै मन्त्रालय, सुरक्षा निकाय, र सरोकारवालासँग लिखित सुझाव समेत लिइयो । प्राप्त सुझावलाई मस्यौदामा समावेश गरी कार्ययोजनालाई अन्तिम रूप दिने कार्य गरियो ।

(ङ) **नियमित बैठक:** रणनीतिक कार्ययोजनाको निर्माणका क्रममा कार्यदलको बैठक नियमित रूपमा बस्यो । बैठकबाट विपद् व्यवस्थापन विज्ञको सहयोगमा रणनीतिक कार्ययोजनाको मस्यौदा तयार गर्ने, सरोकारवालाबाट प्राप्त सुझावलाई समावेश गर्ने रणनीतिक कार्ययोजनालाई अन्तिम रूप दिने कार्य भयो ।

त्यसैगरी, निर्देशक समितिले मस्यौदा उपसमितिबाट भएका कार्यको अनुगमन, मस्यौदामाथि छलफल र पृष्ठपोषण दिने र रणनीतिक कार्ययोजनालाई कार्यान्वयनयोग्य बनाउने कार्य भयो । यस कार्ययोजना तर्जुमाका क्रममा कार्यदलको ४ र निर्देशक समितिको २ पटक बैठक बसेर रणनीतिक कार्ययोजनालाई अन्तिम रूप दिइयो ।

**(च) स्वीकृति:**

विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमाका सम्पूर्ण प्रक्रिया पूरा गरी विपद् व्यवस्थापन कार्यकारी समिति र विपद् व्यवस्थापन परिषदको सिफारिसमा मन्त्री परिषदको मिति २०७७/../.. को निर्णयबाट लागू गरिएको छ ।

## ३.३. मार्गदर्शक सिद्धान्त

गण्डकी प्रदेशको विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा गर्दा निम्नअनुसारका मार्गदर्शक सिद्धान्त अवलम्बन गरिएको छः

(क) विपद् व्यवस्थापन परिषदले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि नीतिगत तथा संस्थागत व्यवस्था गर्नेछ । यसका लागि प्रदेश सरकारले सुदृढ संस्थागत व्यवस्था गर्नेछ । आवश्यकता अनुसार परिषदले नेपाल सरकारसँगको समन्वयमा स्थानीय, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तथा द्वीपक्षीय संस्था तथा समुदायसँग सहकार्य गर्नेछ।

(ख) परिषदसँगको समन्वय र स्वीकृतिमा सबै निकाय र सरोकारवालाबीच समन्वय, सहजीकरण, व्यवस्थापन, निर्देशन र नियन्त्रणको प्रमुख जिम्मेवारी प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको हुनेछ ।

(ग) नेपाल सरकार, सुरक्षा निकाय, स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी, विकास साझेदार संस्था र सामाजिक संघसंस्थाहरूबाट विपद् जोखिम व्यवस्थापनमा भएका र भइरहेका भूमिका तथा असल अभ्यासहरूको प्रवर्द्धन गर्दै विकासका विषयगत क्षेत्रमा अन्तरसम्बन्धित सवालको रूपमा मूलप्रवाहीकरण गर्ने र विपद् व्यवस्थापका कार्यलाई एकद्वार प्रणालीका माध्यमबाट प्रभावकारी बनाइनेछ ।

(घ) प्रदेश सरकारले स्थानीय तह, सरोकारवाला संघसंस्थाहरू तथा समुदाय, निजी क्षेत्र, र नागरिकको प्रत्यक्ष सहभागिता र साझेदारीमा विपद् जोखिम न्यूनीकरण र जोखिम हस्तान्तरणलाई प्राथमिकता दिनेछ।

(ङ) विपद्को जोखिममा रहेका समुदाय विपद् अल्पीकरण, जोखिम न्यूनीकरण र सशक्त पूर्वतयारीका माध्यमबाट विपद् सामना क्षमता अभिवृद्धि गर्न प्रदेश सरकार क्रियाशील रहनेछ ।

(च) भूगोल, जातीयता, लिङ्ग, उमेर वा विचारका आधारमा भेदभाव नगरी विशिष्ट आवश्यकता भएका खासगरी बृद्ध-वृद्धा, अपाङ्गता भएका व्यक्ति, महिला, स्तनपान गराउने महिला, बालबालिका र सीमान्तीकृत समुदायलाई प्राथमिकतामा राखेर सेवा प्रवाहमा उनीहरूको पहुँच सुनिश्चित गर्नेछ ।

(छ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि प्रदेश सरकार र स्थानीय तहबाट निर्धारण भएका प्राथमिकता अनुसार सरकारी निकाय, स्थानीय तह, प्राज्ञिक र निजी क्षेत्रका सरोकारवालाको भूमिका र जिम्मेवारी निर्धारण गरी साझेदारी प्रोत्साहन गर्नेछ ।

(ज) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा विज्ञान तथा प्रविधिको विकास गरी स्थानीय स्रोत, ज्ञान र सीपको उपयोग गर्दै प्रविधि हस्तान्तरणलाई प्रोत्साहन गर्नेछ ।

(झ) विपद्पछिको पुनर्लाभ, पुनर्निर्माण, पुनःस्थापनालाई "अझ बलियो र अझ राम्रो" बनाउन आवश्यक मार्गदर्शन तथा कार्यढाँचा निर्माण गरी विपद् उत्थानशील समाजको विकास सुनिश्चित गर्ने ।

## ३.४. दीर्घकालीन सोच, उद्देश्य, अपेक्षित परिणाम र लक्ष्य

(क) **दीर्घकालीन सोच**

विपद् तथा जलवायु परिवर्तनबाट सुरक्षित र उत्थानशील प्रदेशको विकास गर्नु ।

(ख) **ध्येय**

विपद् एवं जलवायु उत्थानशील विकासका माध्यमबाट समृद्ध प्रदेशको निर्माण गर्नु ।

(ग) **उद्देश्य**

(१) विपद् र जलवायुजन्य जोखिमसम्बन्धी अध्ययन अनुसन्धान र अभिलेखीकरण एवं सूचना सम्प्रेषणका माध्यमबाट ज्ञान व्यवस्थापन गरी जोखिम न्यूनीकरणका विधि र प्रक्रिया पहिचान गर्ने,

(२) सामाजिक समावेशी विपद् जोखिम शासकीय पद्धतिलाई सुदृढ गरी विपद् उत्थानशीलता अभिवृद्धि गर्ने,

(३) विषयगत विकास योजना तयारी र कार्यान्वयनमा भूउपयोग योजना अनुरुप विपद् जोखिम न्यूनीकरणका विधिलाई मूलप्रवाहीकरण गरी सुरक्षित र समृद्ध प्रदेशको विकास गर्नु।

(४) विपद् जोखिम न्यूनीकरणका लागि सार्वजनिक तथा निजी लगानी अभिवृद्धि गरी बहुसरोकारवाला बीच साझेदारीका माध्यमबाट जोखिम हस्तान्तरण सुनिश्चित गर्ने,

(५) विपद् व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण तथा बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास एवं विस्तार गरी सूचनामा समुदायको पहुँच बढाउने,

(६) विपद् प्रतिकार्य एवं पुनर्लाभ र पुनर्निर्माणका क्रममा विकासका विषयगत क्षेत्रमा "अझ बलियो र अझ राम्रो" अवधारणा अवलम्बन गरी सुदृढ पूर्वतयारीमार्फत् विपद् प्रतिकार्य र पुनःस्थापनलाई प्रभावकारी बनाउने।

## ३.५. अपेक्षित परिणाम

(१) प्रदेशमा बहुप्रकोप लेखाजोखाका माध्यमबाट नक्साङ्कन र अभिलेखीकरण एवं सम्प्रेषणद्वारा सबै तह र वर्गमा विषयगत क्षेत्रमा भएको विपद् जोखिमबारे सूचना र जानकारी प्राप्त भएको हुनेछ ।

(२) विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा निजी तथा सार्वजनिक लगानी र साझेदारी अभिवृद्धि भएर लगानी सुनिश्चित भएको हुनेछ ।

(३) विकासका सबै प्रक्रियामा विपद् जोखिम न्यूनीकरण मूलप्रवाहीकरण गरी उत्थानशीलता विकास भई मानवीय मृत्यु तथा प्रभावित व्यक्तिहरूको सङ्ख्यामा कमी हुनेछ ।

(४) विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा सरोकारवाला निकायका, संघ संस्था, समुदायमा आधारित संस्था र नागरिकको प्रत्यक्ष सहभागिता अभिवृद्धि भई विपद् उत्थानशीलताको विकास भएको हुनेछ ।

(५) विपद् व्यवस्थापन सूचना प्रणाली र भौगोलिक सूचना प्रणाली, पूर्वसूचना प्रणाली लगायतका क्षेत्रमा समयानुकूल विकास भएर विपद्का समयमा हुने मानवीय क्षति र मानवीय सम्पत्तिमा हुने क्षति न्यून भएको हुनेछ ।

(६) विपद्पछिको पुनर्निर्माण, पुनःस्थापनका क्रममा सबै विषयगत क्षेत्र समेटिनेगरी अझ राम्रो र अझ बलियो निर्माणको अवधारणा कार्यान्वयन गरी विपद् उत्थानशील विकास भएको हुनेछ ।

(७) विपद्पछिको खाद्य सुरक्षा, पुननिर्माण, पुनःस्थापनका क्रममा अझ राम्रो र अझ बलियो निर्माणको अवधारणा कार्यान्वयन गरी विपद् उत्थानशील विकास भएको हुनेछ ।

(८) विषद्का समयमा लैङ्गिक हिंसामा कमी, उद्धार र राहतका साथै पुनर्निर्माण तथा पुनःस्थापना सहितको संरक्षण कार्ययोजना बजेको हुनेछ ।

## ३.६. लक्ष्य

प्रदेशको विकास प्रक्रियामा विपद् र जलवायुजन्य जोखिम न्यूनीकरणका विधि अवलम्बन गर्दै विपद् उत्थानशीलता अभिवृद्धि गरी मानवीय मृत्यु, प्रभावित हुने मानिसको सङ्ख्या र जीवन निर्वाहका साधन, स्वास्थ्य, शिक्षा लगायतका आधारभूत सेवाप्रदायक क्षेत्रमा हुने क्षति तथा नोक्सान कम गरी उत्थानशीलता बढाउनु यस रणनीतिक कार्ययोजनाको लक्ष्य रहेको छ।

सन् २०३० सम्मका लागि विश्वव्यापी रूपमा तय भएको दिगो विकास लक्ष्य, विपद् र जलवायु परिवर्तनबाट उत्पन्न हुने जोखिम न्यूनीकरण गरी विपद् उत्थानशीलता अभिवृद्धि गर्ने लक्ष्यलाई नेपाल सरकारले समेत आत्मसात गरेको छ । प्रदेश सरकारले सोही लक्ष्यमा आधारित भएर प्रदेशको पञ्चवर्षीय तथा विषयगत योजनामा समेत विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गरी प्रदेशको उत्थानशीलता अभिवृद्धिका लागि निम्नअनुसार लक्ष्य निर्धारण गरेको छ:

| क्रसं. | सूचक | आधार रेखा | न्यूनीकरण लक्ष्य (वार्षिक औषत) | | |
|---|---|---|---|---|---|
| | | २०७६ सम्मको औसत | अल्पकालीन (२०७८) | मध्यकालीन (२०८१ सम्म) | दीर्घकालीन (२०८७ सम्म) |
| १ | **प्रदेशमा विपदबाट हुने मानवीय मृत्युदर घटाउने** | | | | |
| १.१ | विपद् बाट हुने मानवीय मृत्यु सङ्ख्या घटाउने (व्यक्ति) | ५० | ३० | २० | १० |
| १.२ | सडक दुर्घटनाबाट हुने मानवीय मृत्युको सङ्ख्या घटाउने (व्यक्ति) (ट्राफिक प्रहरीबाट परीक्षण गरी सच्याउनु पर्ने) | ४५० | ३५० | २५० | १५० |
| २ | **प्रदेशमा विपदबाट प्रभावित परिवारको सङ्ख्या उल्लेख्य मात्रामा घटाउने** | | | | |
| २.१ | विपदबाट प्रभावित हुने परिवारको सङ्ख्या घटाउने (परिवार) | ११,५०० | ९,५०० | ७,००० | ५,५०० |
| २.२ | विपदबाट घाइते हुने मानिसको सङ्ख्या घटाउने (व्यक्ति) | २१६ | १५० | १०० | ५० |
| २.३ | सडक दुर्घटनाबाट घाइते हुनेको सङ्ख्या घटाउने (व्यक्ति) (ट्राफिक प्रहरीबाट परीक्षण गरी सच्याउनु पर्ने) | ३,५०० | ३,००० | २,५०० | १,५०० |
| २.४ | विपदबाट सरकारी, सार्वजनिक र निजी भवन तथा घरमा हुने क्षतिको सङ्ख्या घटाउने (सङ्ख्या) | ३० | २५ | २० | १० |
| २.५ | असुरक्षित पक्की घरमा बसोबास गर्ने घरपरिवारको सङ्ख्या कम गर्ने (प्रतिशत) | ० | ७५ | ५० | २५ |
| ३ | **प्रदेशको कूल गार्हस्थ्य उत्पादनमा विपदबाट प्रत्यक्ष र अप्रत्यक्ष रूपमा हुने आर्थिक क्षति कम गर्ने** | | | | |
| ३.१ | कूल गार्हस्थ्य उत्पादनमा विपदबाट हुने आर्थिक क्षति कम गर्ने (प्रतिशतमा) | ०.९ | ०.८ | ०.५ | ०.१ |
| ४ | **महत्वपूर्ण पूर्वाधार र आधारभूत सेवाहरूमा विपद उत्थानशीलता बढाएर क्षति र अवरोध घटाउने** | | | | |
| ४.१ | स्वास्थ्य भवनहरूको प्रबलीकरण गर्ने | सामाजिक वि म बाट लिने | | | |
| ४.२ | विद्यालय भवन र कक्षा कोठाहरूको मर्मतसम्भार र प्रबलीकरण गर्ने | सामाजिक वि म बाट लिने | | | |
| ४.३ | विपद् जोखिम न्यूनीकरणका माध्यमबाट गुणस्तरीय शिक्षाका लागि सुरक्षित विद्यालयको नमूना विकास गर्ने | सामाजिक वि म बाट लिने | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.४ | सार्वजनिक र सरकारी भवनहरूको प्रबलीकरण गरी उत्थानशीलता बढाउने (सङ्ख्या) | ० | १८० | २६० | ३०० |
| ४.५ | सांस्कृतिक सम्पदाको प्रबलीकरण गरी उत्थानशीलता विकास गर्ने | उ प व वा म बाट लिने | | | |
| ४.६ | बिमानस्थलहरूको प्रबलीकरण गरी उत्थानशीलता विकास गर्ने | ० | ४ | ४ | ५ |
| ४.७ | खानेपानीका संरचनाहरूको मर्मतसम्भार गरी उत्थानशीलता विकास गर्ने | ५०० | १५०० | ३५०० | ४००० |
| ४.८ | एकीकृत जलस्रोत व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने (सङ्ख्या) | ० | ५ | १० | १५ |
| ४.९ | गण्डकी नदी बेँशीमा रहेका जोखिमयुक्त हिमताल विस्फोटनबाट उत्पन्न हुने बाढीको जोखिम न्यूनीकरण गर्ने (सङ्ख्या) | ० | ० | १ | २ |
| ४.१० | बायो इञ्जिनीयरिङ् प्रविधिद्वारा तटबन्ध निर्माण गरी नदी किनाराको संरक्षण गर्ने (कि.मी.) | २९.४ | ६० | ७५ | ३०० |
| ४.११ | जलाधारहरूको संरक्षण गर्ने (सङ्ख्या) | ० | १० | २० | ३० |
| ४.१२ | सिमसार र स्थानीय पोखरीहरूको संरक्षण गर्ने (सङ्ख्या) | ० | १०० | १०० | ३०० |
| ४.१३ | वातावरण मैत्री गाउँको विकास | ७२ | ७२ | ८५ | ८५ |
| ४.१४ | जलवायुमैत्री कृषि गाउँको विकास गर्ने | ० | १५ | ४७ | ५० |
| **५** | **स्थानीय तहहरूमा विपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना तयार गर्ने** | | | | |
| ५.१ | स्थानीय तहहरूमा विपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना तयार गर्ने (सङ्ख्या) | ४ | ४० | ८५ | ८५ |
| ५.२ | प्रदेश, स्थानीय तह र सरोकारवाला बीच समन्वय र साझेदारी अभिबृद्धि गर्न विकास भएका संयन्त्र (सङ्ख्या) | ५ | ६ | ६ | ६ |
| ५.३ | पुनर्लाभ, पूनःस्थापना तथा पुनर्निर्माणका लागि "अझ राम्रो र बलियो निर्माण" को सिद्धान्तअनुरुप स्रोत व्यवस्थापन र कार्यान्वयन गर्ने सरकारी कार्यालयहरू (सङ्ख्या) | ११ | ५० | १६० | १८० |
| **६** | **बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना सम्प्रेषण तथा उपलब्धता र पहुँच बढाउने** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६.१ | प्रदेशको कूल क्षेत्रफलमध्ये बहूप्रकोप पूर्वसूचना प्रणालीको स्थापना, अनुगमन र सञ्चालन भएको क्षेत्रफल बढाउने (प्रतिशतमा) | | २५ | ५० | ७५ |
| ६.२ | विपद् जोखिमयुक्त क्षेत्रहरूमा पूर्वानुमानमा आधारित पूर्वतयारी र प्रतिकार्य योजना भएका स्थानीय तहहरूको सङ्ख्या बढाउने (सङ्ख्या) | २८ | ४० | ८५ | ८५ |
| ६.३ | समुदाय स्तरमा विपद् जोखिम सम्बन्धी सूचना तथा जानकारी उपलब्ध गराउने (प्रतिशतमा) | | ५० | १०० | १०० |
| ६.४ | पूर्वसूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएका जनसङ्ख्या बढाउने (प्रतिशतमा) | | ५० | १०० | १०० |

उपरोक्त सङ्ख्यात्मक लक्ष्य प्राप्तिले देहायअनुसार गुणात्मक प्रतिफल हासिल गरी विपद् तथा जलवायु परिवर्तनबाट सुरक्षित र उत्थानशील प्रदेशको विकास गर्न प्रदेश सरकार सफल हुनेछः

१. प्रदेशमा सडक दुर्घटनासहितका विपदबाट हुने मानवीय मृत्युदर उल्लेख्य रूपमा घटाउने ।
२. प्रदेशमा विपदबाट प्रत्यक्ष रूपमा प्रभावित परिवारको उल्लेख्य रूपमा घटाउने ।
३. प्रदेशको कूल गार्हस्थ्य उत्पादनमा विपदबाट हुने आर्थिक क्षतिलाई ०.५ प्रतिशतमा घटाउने ।
४. विपदबाट सरकारी, सार्वजनिक, निजी भवन र घर तथा संरचनामा हुने क्षति उल्लेख्य रूपमा घटाउने ।
५. स्वास्थ्य संस्था, शिक्षालयलगायत आधारभूत सेवा प्रदान गर्ने महत्वपूर्ण पूर्वाधारमा विपदबाट हुने क्षति र अवरोध कम गरी उत्थानशीलता अभिवृद्धि गर्ने।
६. सार्वजनिक भवनहरूको प्रबलीकरण गरी तिनको उत्थानशीलता बढाउने ।
७. राष्ट्रिय भवन संहिताको कार्यान्वयन गर्ने ।
८. खानेपानीका संरचनाहरूको मर्मतसम्भार गरी सबलीकरण गर्ने ।
९. प्रदेशका सबै विमानस्थललाई विपद्का समयमा समेत उपयोग गर्नसकिने गरी सुधार गर्ने ।
१०. उच्च जोखिमयुक्त कम्तीमा ७ ओटा तालको जोखिम न्यूनीकरण गर्ने ।
११. बाढीको जोखिम भएका नदीमा तीन सय किलोमिटर जैविक इञ्जिनीयरिङ विधिबाट तटबन्ध निर्माण गर्ने ।

१२. प्रदेशका प्रमुख ३० ओटा जलाधारहरू पहिचान गरी एकीकृत संरक्षण योजना निर्माण र कार्यान्वयन गर्ने ।

१३. प्रदेशमा भएका १०० ओटा सिमसार र स्थानीय पोखरीहरूको संरक्षण गर्ने ।

१४. २०० ओटा गाउँलाई जलवायु मैत्री कृषि गाउँको रूपमा विकास गर्ने ।

१५. खेतीयोग्य भूमिमा विपद् तथा जलवायु परिवर्तनबाट हुने क्षति घटाउने ।

१६. सबै स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना तयार गर्ने ।

१७. प्रदेशका प्रमुख नदीहरूमा पूर्वसूचना प्रणालीको स्थापना र सञ्चालन गर्ने ।

१८. स्थानीय र राष्ट्रिय सूचना प्रणालीमार्फत् पूर्वसूचना प्राप्त गर्ने जनसङ्ख्या शतप्रतिशत बनाउने।

१९. सबै स्थानीय तहमा पूर्वतयारी र प्रतिकार्य योजना निर्माण गर्ने ।

२०. महिला बालबलिका जेष्ठ नागरिक तथा अपाङ्गतामैत्री र अन्य वर्गका लागि संरक्षण विषयगत क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य योजना बनेर कार्यान्वयन गर्ने ।

२१. विपद्पछिको पुनर्निर्माण र पुनःस्थापनका लागि अझ बलियो र अझ राम्रो निर्माणका लागि कार्यढाँचा निर्माण र कार्यान्वयन गर्ने ।

उल्लिखित लक्ष्य प्राप्तिका लागि देहायबमोजिमका प्राथमिकता प्राप्त क्षेत्र र प्राथमिकता प्राप्त कार्य पहिचान गरिएका छन् ।

**प्राथमिकता प्राप्त क्षेत्र १: विपद् जोखिमबारे बुझाइ अभिवृद्धि**

- प्राथमिकता प्राप्त कार्य १: विपद् जोखिम नक्साङ्कन
- प्राथमिकता प्राप्त कार्य २: विपद् जोखिम ज्ञान व्यवस्थापन
- प्राथमिकता प्राप्त कार्य ३: अन्तरनिकाय समन्वय संयन्त्रको विकास
- प्राथमिकता प्राप्त कार्य ४: क्षमता अभिवृद्धि

**प्राथमिकता प्राप्त क्षेत्र २: विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण**

- प्राथमिकता प्राप्त कार्य ५: समयानुकूल नीतिगत व्यवस्था
- प्राथमिकता प्राप्त कार्य ६: संस्थागत विकास एवं सुदृढीकरण
- प्राथमिकता प्राप्त कार्य ७: सामाजिक समावेशीकरणको सुनिश्चितता

**प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरणका लागि लगानी अभिवृद्धि**

- प्राथमिकता प्राप्त कार्य ८: विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी अभिवृद्धि
- प्राथमिकता प्राप्त कार्य ९: विपद् जोखिम न्यूनीकरणमा निजी लगानी प्रवर्द्धन
- प्राथमिकता प्राप्त कार्य १०: जोखिम हस्तान्तरण पद्धतिको विकास र प्रवर्द्धन
- प्राथमिकता प्राप्त कार्य ११: सहकार्य र साझेदारीको प्रवर्द्धन

**प्राथमिकता प्राप्त क्षेत्र ४: विपद् पूर्वतयारीको सुदृढीकरण**

प्राथमिकता प्राप्त कार्य १२: विपद् प्रतिकार्यका लागि सशक्त पूर्वतयारी

प्राथमिकता प्राप्त कार्य १३: पूर्वसूचना प्रणालीको विकास र प्रवर्द्धन

प्राथमिकता प्राप्त कार्य १४: "अझ राम्रो र बलियो निर्माण" सहित पुनर्लाभ, पुनर्निर्माण र पुनःस्थापना

उपरोक्त अनुसारका रणनीतिक प्राथमिकता र कार्ययोजनालाई देहायअनुसार अल्पकालीन, मध्यकालीन र दीर्घकालीन वा निरन्तर गरी तीन समयाअवधिमा सम्पन्न गर्ने गरी राखिएको छ ।

| कार्यावधि | आर्थिक वर्ष | वर्ष (सन्) |
|---|---|---|
| अल्पकालीन | २०७७/०७८ देखि ०७९/८० | २०२०-२०२२ |
| मध्यकालीन | २०७७/०७८ देखि २०८१/०८२ | २०२०-२०२५ |
| दीर्घकालीन/निरन्तर | २०७७/०७८ देखि २०८६/८७ | २०२०-२०३० |

# अध्याय ४: प्रमुख विपद्को जोखिम न्यूनीकरण कार्ययोजना

गण्डकी प्रदेशको विशिष्ट भूगोल र बहूविपद्को संवेदनशीलतालाई दृष्टिगत गरी प्रमुख प्रकोप र प्रकोपका कारण उत्पन्न विपद्को पृष्ठभूमिलाई आधार मानेर प्राथमिकता प्राप्त क्षेत्र, प्राथमिकता प्राप्त कार्य र रणनीतिक क्रियाकलाप निर्धारण गरिएका छन् । यस अध्यायमा प्रदेशका प्रमुख पाँच प्रकोप भूकम्प, हिमपहिरो तथा हिमताल विष्फोटनबाट उत्पन्न बाढी, पहिरो, बाढी र आगलागीको जोखिम न्यूनीकरणका लागि छुट्टा-छुट्टै कार्ययोजना तयार गरिएको छ ।

प्रकोपको प्रकृति, प्रकार, उत्पत्तिको स्वरुप, आवृत्ति, सङ्कटासन्नता तथा जोखिमको अवस्था र त्यसले पार्ने प्रभावको पहिचान गरी सो अनुरुप जोखिम न्यूनीकरण गर्नु जरुरी देखिएको छ । यसका लागि प्रदेशले विपद्को प्रकृतिअनुसार जोखिम न्यूनीकरण र विपद्का समयमा त्यसको व्यवस्थापन गर्न संस्थागत विकास र सुदृढीकरण गर्नेछ । साथै, विषयगत क्षेत्रअनुरुप दक्ष मानव संसाधनको विकास र व्यवस्था गरी उच्च जोखिममा रहेका क्षेत्रको नियमित अवलोकन गर्ने तथा आपत्कालीन खोज, उद्धार र राहतलाई प्रभावकारी बनाउन प्रोत्साहित गर्नेछ । प्रदेश सरकारले नेतृत्वदायी भूमिका निर्वाह गर्ने राजनीतिक दल र भातृ संगठनहरू, सुरक्षा निकायहरू, दातृ संस्था, नेपाल रेडक्रस सोसाइटी, विकास साझेदार संस्था, स्थानीय र राष्ट्रिय संघ संस्था, समुदायमा आधारित संस्था, निजी क्षेत्रलगायतका सरोकारवालासँगको सहकार्यमा विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यलाई अगाडि बढाउनेछ ।

यी कार्यलाई प्रतिफलमुखी बनाउन निम्नअनुसार कार्ययोजना तर्जुमा गरिएको छ:

## ४.१. भूकम्पीय जोखिम न्यूनीकरणका लागि रणनीतिक कार्ययोजना

### (क) प्राथमिकता प्राप्त क्षेत्र १: विपद् जोखिमबारे बुझाइ अभिवृद्धि

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १. प्राथमिकता प्राप्त कार्य: विपद् जोखिम नक्साङ्कन | | | | | |
| १.१ | प्रदेशमा भूकम्पको जोखिम र जोखिम न्यूनीकरणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञद्वारा अध्ययन तथा अनुसन्धान गराएर | पहिचान गरिएका भूकम्पीय जोखिम क्षेत्रबारे समुदायले जानकारी पाएका हुनेछन् | अल्पकालीन | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• आन्तरिक | • प्रदेश सरकार<br>• प्रदेश नीति तथा योजना आयोग<br>• खानी तथा भूगर्भ विभाग<br>• भूमि व्यवस्था, |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | जोखिम नक्साङ्कन गर्ने। | | | मामिला तथा कानून मन्त्रालय | कृषि तथा सहकारी मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| १.२ | नक्साङ्कन भएको भूकम्पीय जोखिमलाई विपद् व्यवस्थापन सूचनाभित्र समाविष्ट गर्दै अत्याधुनिक विधिबाट अभिलेख तथा अध्यावधिक गर्ने । | भूकम्पीय जोखिमको अभिलेखीकरण र अध्याविधक भएर जोखिम न्यूनीकरणका आधार तयार भएका हुनेछन् । | निरन्तर | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय | • भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| १.३ | प्रदेशको भूउपयोग योजना तयारीका क्रममा नक्साङ्कन भएको भूकम्पीय जोखिमलाई आधार मानेर भूमिको वर्गीकरण गर्ने । | जोखिमयुक्त भूमिको वर्गीकरणका कारण बसोबासका लागि सुरक्षित क्षेत्र सुनिश्चित भएको हुनेछ | मध्यकालीन | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• विषयगत मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| **२. प्राथमिकता प्राप्त कार्य: विपद् जोखिम ज्ञान व्यवस्थापन** | | | | | |
| २.१ | भूकम्पको जोखिमका कारण, प्रभाव र जोखिम न्यूनीकरणका लागि अपनाउनु पर्ने विधिबारे सामग्री उत्पादन र विभिन्न माध्यमबाट सम्प्रेषण गरी जनचेतना अभिवृद्धि गर्ने । | आम मानिसमा भूकम्पको कारण, जोखिम र यसबाट बच्ने उपायबारे ज्ञान प्राप्त भएको हुनेछ । | निरन्तर | • भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• स्थानीय तह | • प्रदेश सरकार<br>• खानी तथा भूगर्भ विभाग<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| २.२ | भूकम्पीय जोखिम | भूकम्पीय विपद्को | निरन्तर | • आन्तरिक | • प्रदेश सरकार |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | न्यूनीकरण र आपत्कालीन समय काम गर्न सक्ने मानवस्रोत विकास गर्ने । | पूर्वतयारी र यसको प्रतिकार्यका लागि सक्षम जनशक्ति तयार हुनेछ। | | मामिला तथा कानून मन्त्रालय<br>• विषयगत मन्त्रालय | • गण्डकी विश्वविद्यालय<br>• गण्डकी विज्ञान तथा प्रविधि प्रतिष्ठान<br>• सुरक्षा निकाय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| **३. प्राथमिकता प्राप्त कार्य: अन्तरनिकाय समन्वय संयन्त्रको विकास** | | | | | |
| ३.१ | भूकम्पको जोखिम न्यूनीकरणका लागि संघ, प्रदेश र स्थानीय तहबीच कार्यगत एकता सुनिश्चित गर्न समन्वय संयन्त्र स्थापना गर्ने । | भूकम्पीय जोखिम न्यूनीकरणका लागि सबै तहका सरकारबीच समन्वय भएको हुनेछ । | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | • नेपाल सरकार<br>• विपद् व्यवस्थापन परिषद<br>• विपद् व्यवस्थापन कार्यकारी समिति |
| ३.२ | भूकम्पीय जोखिम न्यूनीकरणका लागि सार्वजनिक तथा निजी क्षेत्रबीच समन्वय गरी कार्य गर्ने । | सरकार र निजी क्षेत्रबीच जोखिम न्यूनीकरणका लागि प्रभावकारी समझदारी तथा समन्वय भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• विषयगत मन्त्रालय | • विपद् व्यवस्थापन परिषद<br>• विपद् व्यवस्थापन कार्यकारी समिति<br>• नेपाल रेडक्रस सोसाइटी<br>• निजी क्षेत्र |
| **४. प्राथमिकता प्राप्त कार्य: क्षमता अभिवृद्धि** | | | | | • |
| ४.१ | भूकम्पीय जोखिम न्यूनीकरण एवं प्रतिकार्यमा दक्ष प्राविधिक र प्रशासनिक जनशक्ति तयार गर्ने । | भूकम्प जोखिम न्यूनीकरणका कार्य प्रभावकारी रूपमा कार्यान्वयन भएका हुनेछन् । | मध्यकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• विषयगत मन्त्रालय | • सुरक्षा निकाय<br>• शैक्षिक निकाय वा प्रतिष्ठान<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ४.२ | प्रदेश विपद् खोज तथा उद्धार दलभित्र भूकम्प उद्धार समूहको विकास | भूकम्पपछिको खोज तथा उद्धारका लागि विशिष्ट समूह गठन | मध्यकालीन | आन्तरिक मामिला तथा कानून | • सुरक्षा निकाय<br>• नेपाल रेडक्रस सोसाइटी |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | गर्ने । | भएर खोज तथा उद्धार सहज भएको हुनेछ । | | मन्त्रालय | |
| ४.३ | सुरक्षा निकाय, विद्यालय एवं समुदाय तहमा भूकम्पीय सुरक्षा सम्बन्धी कृत्रिम घटना अभ्यास नियमित रूपमा सञ्चालन गर्ने। | भूकम्पका समयमा जीवन रक्षा गर्न विधि र प्रक्रियाबारे सबै तह र वर्गमा ज्ञान अभिवृद्धि भएको हुनेछ । | निरन्तर | • प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र<br>• स्थानीय तह<br>• शिक्षालय | • प्रदेश सरकार<br>• सुरक्षा निकाय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ४.४ | भूकम्पसम्बन्धी पारिवारिक पूर्वतयारी योजना तर्जुमा गराउने । | प्रदेशका सबै घरपरिवारको भूकम्प सुरक्षा सम्बन्धी घरायसी योजना तयार भएको हुनेछ । | दीर्घकालीन | नागरिक/परिवार स्थानीय तह | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |

## (ख) प्राथमिकता प्राप्त क्षेत्र २:विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| **५. प्राथमिकता प्राप्त कार्य: समयानुकूल नीतिगत व्यवस्था** | | | | | |
| ५.१ | प्रदेश सरकारले निर्माण गर्ने विषयगत नीति, ऐन, रणनीति र कार्यविधिमा समयानुकूल भूकम्पीय जोखिम न्यूनीकरणका विषय समावेश गर्ने । | प्रदेशको विपद् र अन्य विषयगत ऐनलगायतका कानूनी दस्तावेजमा भूकम्प जोखिम न्यूनीकरणका विषय समेटिएका हुनेछन् । | मध्यकालीन | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• विषयगत मन्त्रालय | • प्रदेश सरकार<br>• खानी तथा भूगर्भ विभाग<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ५.२ | भूकम्प जोखिम न्यूनीकरणका लागि भवन एवं भौतिक पूर्वाधार निर्माण मापदण्ड निर्माण गर्ने । | भूकम्पीय जोखिमको संवेदनशीलताबाट उत्थानशील भौतिक पूर्वाधार निर्माण भएका हुनेछन् । | मध्यकालीन | भौतिक पूर्वाधार विकास मन्त्रालय | • प्रदेश सरकार<br>• विकास साझेदार संस्था<br>• नेपाल रेडक्रस सोसाइटी<br>• निजी क्षेत्र |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ५.३ | आफ्नै भवन निर्माण संहिता नबनेसम्म राष्ट्रिय भवन संहिता कार्यान्वयनमा ल्याउने। | भूकम्प प्रतिरोधिभवन निर्माण भएर उत्थानशीलता अभिवृद्धि भएको हुनेछ । | निरन्तर | • भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• स्थानीय तह | • प्रदेश सरकार<br>• प्रदेश नीति तथा योजना आयोग<br>• विकास साझेदार संस्था<br>• नेपाल रेडक्रस सोसाइटी<br>• निजी क्षेत्र |
| **६. प्राथमिकता प्राप्त कार्य: संस्थागत विकास एवं सुदृढीकरण** | | | | | |
| ६.१ | भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत भूकम्पीय जोखिम न्यूनीकरण प्राविधिक इकाई स्थापना गर्ने । | भूकम्पीय जोखिम संवेदनशील पूर्वाधार निर्माणमा संस्थागत संरचनाको विकास भएको हुनेछ । | अल्पकालीन | • भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• स्थानीय तह | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ६.२ | प्रदेशमा भवन संहिता कार्यान्वयनसम्बन्धी अनुगमनको व्यवस्था गर्ने । | सबै तहमा राष्ट्रिय वा प्रादेशिक भवन संहिताको पालना सुनिश्चित भएको हुनेछ। | मध्यकालीन | • भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• स्थापना गर्न | • विपद् व्यवस्थापन परिषद र कार्यकारी समिति<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| **७. सामाजिक समावेशीकरणको सुनिश्चितता** | | | | | |
| ७.१ | भूकम्पीय जोखिम न्यूनीकरण सम्बन्धी निर्णय र कार्यक्रम सञ्चालनमा लैङ्गिक समानता तथा लक्षित वर्गको मानवीय अधिकारको सम्मान गर्दै | भूकम्पीय जोखिम न्यूनीकरणका सबै प्रक्रियामा समाजका सबै वर्ग र समुदायको अधिकारको सम्मान सहित सहभागिता भएको हुनेछ । | निरन्तर | • सामाजिक विकास मन्त्रालय<br>• विषयगत मन्त्रालय<br>• विषयगत मन्त्रालय | • प्रदेश नीति तथा योजना आयोग<br>• भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | समाजका सबै वर्गको सहभागिता सुनिश्चित गर्ने । | | | | • नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ७.२ | सबै संरचना भूकम्प प्रतिरोधिका साथै अपाङ्गता, बालबालिका, वृद्धवृद्धा एवं महिलामैत्री बनाइनेछ । | प्रदेशमा निर्माण हुने सबै पूर्वाधार विशेष आवश्यकता भएका वर्गका लागि समेत सहज उपभोग्य र उत्थानशील भएका हुनेछन् । | निरन्तर | • भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• विषयगत मन्त्रालय | • विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था<br>• निजी क्षेत्र |
| ७.३ | भूकम्पसम्बन्धी जानकारी दिने या ज्ञान प्रवर्द्धन गर्ने सामग्री समुदायका सबै वर्ग र भाषाभाषीले बुझ्नेगरी निर्माण तथा सम्प्रेषण गरिनेछ । | भूकम्पको जोखिम र यसको न्यूनीकरण सम्बन्धी जानकारी वा ज्ञान समुदायका सबै वर्गले सहज रूपमा प्राप्त गरेका हुनेछन् । | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय स्थानीय तह | • विषयगत मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |

## (ग) प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरणका लागि लगानी अभिवृद्धि

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| **८. भूकम्पीय जोखिम न्यूनीकरणका लागि सार्वजनिक लगानी अभिवृद्धि** | | | | | |
| ८.१ | प्रदेशका भवन र अन्य भौतिक पूर्वाधार भूकम्पीय जोखिम संवेदनशील बनाउन आवश्यक बजेट विनियोजन गर्ने । | सरकारी तथा सार्वजनिक भवनहरू भूकम्प प्रतिरोधी बनेका हुनेछन् । | निरन्तर | • भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• स्थानीय तह | • प्रदेश सरकार<br>• विषयगत मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ८.२ | प्रदेशभरका पुराना भवन र भौतिक पूर्वाधारको जोखिम लेखाजोखाबाट | सबै पुराना भवनहरू प्रबलीकरण भएर भूकम्पीय विपदबाट | दीर्घकालीन | • भौतिक पूर्वाधार विकास | • प्रदेश सरकार<br>• विषयगत मन्त्रालय |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | प्राप्त नतिजाअनुसार प्रबलीकरण गर्न कार्यक्रम सहित बजेट विनियोजन गर्ने । | उत्थानशील भएका हुनेछन् । | | मन्त्रालय<br>• स्थानीय तह | • नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| **९. भूकम्पीय जोखिम न्यूनीकरणमा निजी लगानी प्रवर्द्धन** | | | | | |
| ९.१ | निजी भवन, औद्योगिक तथा व्यवसायिक प्रतिष्ठान भूकम्प प्रतिरोधी बनाउन बैंक व्याजदर, कर एवं दस्तुरमा विशेष छुट वा अनुदान दिने। | सबै उद्योग, कारखाना र निजी कार्यालय र व्यवसायिक भवनहरू भूकम्प प्रतिरोधी भएका हुनेछन् । | निरन्तर | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• व्याङ्कर<br>• नागरिक परिवार | • भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• निजी क्षेत्र<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ९.२ | निजी क्षेत्रका पुराना भवन र कारखाना र पूर्वाधारको जोखिम लेखाजोखा गरी जोखिमयुक्त संरचनाको प्रबलीकरण गर्न प्रोत्साहित गर्ने । | निजी क्षेत्रका जोखिमयुक्त भवनहरू प्रबलीकरण भएर भूकम्पीय जोखिम धान्न सक्षम भएका हुनेछन्। | दीर्घकालीन | • निजी क्षेत्रका उद्योगी तथा व्यापारी<br>• नागरिक परिवार | • भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• नेपाल रेडक्रस सोसाइटी |
| **१०. जोखिम हस्तान्तरण पद्धतिको विकास र प्रवर्द्धन** | | | | | • |
| १०.१ | सरकारी र सार्वजनिक भवन र भौतिक पूर्वाधारको बीमा गरी भूकम्पबाट हुनसक्ने क्षतिको जोखिम हस्तान्तरण अनिवार्य रूपमा गर्ने । | सबै सरकारी र सार्वजनिक भवन र भौतिक पूर्वाधारको भूकम्पबाट हुने सक्ने क्षतिको पूर्ति भएको हुनेछ । | निरन्तर | • भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• स्थानीय तह<br>• सम्बन्धित कार्यालयहरु | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• निजी क्षेत्र<br>• बिमा कम्पनी<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| १०.२ | निजी घर वा भवन, उद्योग, कलकारखाना एवं व्यवसायिक भवन र | निजी क्षेत्रका घर वा भवन र अन्य सबै संरचनामा भूकम्पबाट | निरन्तर | • निजी क्षेत्रका उद्योगी तथा व्यापारी | • भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• विषयगत |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | संरचनाको भूकम्पबाट हुनसक्ने क्षतिको बिमा अनिवार्य गर्ने । | क्षति भएमा क्षति पूर्ति सुनिश्चित भएको हुनेछ। | | • नागरिक परिवार | मन्त्रालय<br>• स्थानीय तह<br>• नेपाल रेडक्रस सोसाइटी |
| १०.३ | जोखिम हस्तान्तरणका लागि सबै क्षेत्र, समुदाय र व्यक्तिलाई विशेष प्रोत्साहन दिने । | बिमाको माध्यमबाट भूकम्पीय जोखिम हस्तान्तरण भई सरकारबाट दिने राहतमा कमी भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• निजी क्षेत्र |
| ११. | **सहकार्य र साझेदारी प्रवर्द्धन** | | | | • |
| ११.१ | भूकम्पीय जोखिम न्यूनीकरणका लागि संघ, प्रदेश,स्थानीय तह र अन्तरप्रदेश र अन्तर स्थानीय तहबीच सहकार्य गर्ने । | गण्डकी प्रदेश सरकार र स्थानीय तहबीच संघ र अन्य प्रदेश र स्थानीय तहबीच भूकम्पीय जोखिम न्यूनीकरणमा सहकार्य साझेदारी अभिवृद्धि भई उत्थानशीलता अभिवृद्धि भएको हुनेछ। | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • प्रदेश सरकार<br>• मूख्य मन्त्रीको कार्यालय<br>• विषयगत मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी |
| ११.२ | सरकारी र गैरसरकारी क्षेत्र र निजी क्षेत्र तथा समुदायमा आधारित समूहहरूबीच भूकम्पको सामना क्षमता विकासका लागि साझेदारी गर्ने । | समाजका सबै तह र वर्गबीच भूकम्पको सामनाका लागि हुने सहकार्यले उत्थानशील समाजको विकासमा योगदान पुगेको हुनेछ। | निरन्तर | • सामाजिक विकास मन्त्रालय<br>• स्थानीय तह | • नेपाल सरकार<br>• विषयगत मन्त्रालय<br>• निजी क्षेत्र<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ११.३ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतबाट भूकम्पीय जोखिम न्यूनीकरणका प्रविधि एक-आपसमा हस्तान्तरण गर्न सहकार्य गर्ने । | भूकम्पीय जोखिम न्यूनीकरणका अत्याधुनिक प्रविधिको हस्तान्तरण भएर उत्थानशीलता अभिवृद्धि भएको | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• भौतिक पूर्वाधार | • प्रदेश सरकार<br>• छिमेकी तथा द्वीपक्षीय सम्बन्ध भएका भगिनी शहर वा नगर र प्रदेशहरू । |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | | हुनेछ। | | विकास मन्त्रालय | • नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |

### (घ) प्राथमिकता प्राप्त क्षेत्र ४: विपद् पूर्वतयारीको सुदृढीकरण

विपद् जोखिम कम गर्न गरिएका अल्पीकरण तथा न्यूनीकरणका कार्य प्रभावकारी भएको अवस्थामा उत्थानशीलता अभिवृद्धि हुनेछ । तथापि, कुनै न कुनै रुपमा न्यून अंशमा नै भए पनि विपदबाट क्षति हुने सम्भावनालाई अस्वीकार गर्न सकिन्न । त्यसैले विपद् अल्पीकरण र न्यूनीकरणका कार्यका साथै विपद् पर्नासाथ र त्यसपछि गरिने खोज, उद्धार, राहत व्यवस्थापनका साथै पुनर्निर्माण र पुन:स्थापनका लागि सुदृढ पूर्वतयारी गर्नु जरुरी छ । यसका लागि देहायका प्राथमिकता प्राप्त कार्य र क्रियाकलाप प्रक्षेपण गरिएको छ:

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १२. | **विपद् प्रतिकार्यका लागि शसक्त पूर्वतयारी** | | | | |
| १२.१ | प्रदेश भूकम्पीय पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने । | भूकम्पको सामना गर्न प्रदेशको आफ्नै पूर्वतयारी तथा प्रतिकार्य योजना तयार भएको हुनेछ । | अल्पकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • प्रदेश सरकार<br>• विषयगत मन्त्रालय<br>• स्थानीय तह नेपाल रेडक्रस सोसाइटी |
| १२.२ | भूकम्पबाट क्षति भएको अवस्थामा प्रभावकारी उद्धारका लागि उपकरणको व्यवस्था गर्ने । | भूकम्प गएको अवस्थामा खोज तथा उद्धारका कार्य सहज रुपमा भएका हुनेछन् । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • नेपाल सरकार<br>• प्रदेश सरकार<br>• नेपाली सेना<br>• सशस्त्र प्रहरी बल नेपाल<br>• प्रदेश प्रहरी<br>• नेपाल रेडक्रस सोसाइटी |
| १३. | **पूर्वसूचना प्रणालीको विकास र प्रवर्द्धन** | | | | |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १३.१ | भूकम्पीय जोखिमबारे जानकारी प्रवाहका लागि भौगोलिक सूचना प्रणालीमा विशेष स्लट राख्ने । | भूकम्प सम्बन्धी सबै प्रकारको जोखिमबारे जानकारी तथा सूचना प्रवाह भएको हुनेछ । | दीर्घकालीन | • भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय | • प्रदेश सरकार<br>• छिमेकी तथा द्वीपक्षीय सम्बन्ध भएका मुलुक<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| १३.२ | भूकम्पबारे सूचना प्रवाह गर्ने गरी प्राविधिक अध्ययनसहित पूर्वसूचना प्रणालीको स्थापना र प्रवर्द्धन गर्ने । | भूकम्पको धक्का महसूस हुनु केही पहिले जानकारी प्राप्त भएर मानवीय हताहती कम भएको हुनेछ । | दीर्घकालीन | • भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय | • प्रदेश सरकार<br>• प्रदेश विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| **१४.** | **"अझ राम्रो र अझ बलियो निर्माण" सहित पुनर्लाभ, पुनर्निर्माण र पुनस्थापना** | | | | |
| १४.१ | भूकम्पपछिको पुनर्निर्माण र पुन:स्थापनाका लागि "अझ राम्रो र अझ बलियो निर्माण" अवधारणा अनुरुप काम, कर्तव्य र जिम्मेवारी विभाजनसहितको कार्ययोजना निर्माण गर्ने । | भूकम्पपछिको पुनर्निर्माण र पुन:स्थापनको कार्य प्रभावकारी र भूकम्पीय विपद् उत्थानशील हुने सुनिश्चित भएको हुनेछ। | अल्पकालीन | • भौतिक पूर्वाधार विकास मन्त्रालय | • प्रदेश सरकार<br>• छिमेकी तथा द्वीपक्षीय सम्बन्ध भएका भगिनी शहर वा नगर र प्रदेशहरू ।<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| १४.२ | भूकम्पपछिको पुनर्निर्माण र पुन:स्थापनाका लागि "अझ राम्रो र अझ बलियो निर्माण" का लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतबाट प्रविधि प्राप्त गर्ने । | भूकम्पपछिको पुनर्निर्माण र पुन:स्थापनका लागि अत्याधुनिक प्रविधि प्राप्त भएर उत्थानशील विकासका लागि योगदान प्राप्त भएको हुनेछ। | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• भौतिक पूर्वाधार विकास मन्त्रालय | • प्रदेश सरकार<br>• छिमेकी तथा द्वीपक्षीय सम्बन्ध भएका भगिनी शहर वा नगर र प्रदेशहरू ।<br>• नेपाल रेडक्रस सोसाइटी |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | | | | | • विकास साझेदार संस्था |
| १४.३ | भूकम्पपछिको पुनर्निर्माणका लागि विशेष बजेटको व्यवस्था गर्ने । | अझ राम्रो र अझ बलियो निर्माण सुनिश्चित भएको हुनेछ। | निरन्तर | • भौतिक पूर्वाधार विकास मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |

## ४.२. हिमपहिरो तथा हिमताल विष्फोटनबाट उत्पन्न बाढीको जोखिम न्यूनीकरणका लागि रणनीतिक कार्ययोजना

(क) प्राथमिकता प्राप्त क्षेत्र १: विपद् जोखिमबारे बुझाइ अभिवृद्धि

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ४.२.१. प्राथमिकता प्राप्त कार्य: विपद् जोखिम नक्साङ्कन | | | | | |
| २.१ | प्रदेशमा हिमपहिरो र हिमताल बन्ने प्रक्रिया तथा विष्फोटन भई तल्लो तटीय क्षेत्रलाई समेत पर्नसक्ने प्रभावको अनुसन्धान गरी नक्साङ्कन र अभिलेखीकरण गरी जोखिम न्यूनीकरणका उपाय पहिचान गर्ने । | हिमपहिरो र हिमतालको विस्तारका साथै विष्फोटनबाट उत्पन्न जोखिमबारे वैज्ञानिक नक्साङ्कन र अभिलेखीकरणका साथै जोखिम न्यूनीकरणका उपाय पहिचान भएका हुनेछन् । | दीर्घकालीन | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय | • नेपाल सरकार<br>• भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय<br>• सुरक्षा निकाय<br>• इसिमोड<br>• यूएनडीपी<br>• प्राज्ञिक निकाय<br>• अन्तर्राष्ट्रिय प्राज्ञिक संस्था<br>• सरोकारवाला निकायहरू |
| २.२ | हिमपहिरो र हिमताल विष्फोटनसम्बन्धी जोखिम सम्बन्धी जानकारी प्रदेशको आफ्नै र नेपाल सरकारबाट तयार भएको विपद् व्यवस्थापन सूचना प्रणालीभित्र प्राथमिकताका साथ अभिलेखीकरण गर्ने । | प्रदेशका हिमाली क्षेत्रमा बन्दै गरेका हिमताल र तिनको अवस्था तथा हिमपहिरोको जोखिमयुक्त क्षेत्र पहिचान र जोखिम न्यूनीकरणका आधार तयार भएर पर्यटन व्यवसाय र तल्लो तटीय क्षेत्रका समुदाय सुरक्षित भएका हुनेछन्। | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• विषयगत मन्त्रालय | • नेपाल सरकार<br>• जल तथा मौसम विज्ञान कार्यालय<br>• विषयगत मन्त्रालय<br>• इसिमोड<br>• यूएनडीपी<br>• प्राज्ञिक निकाय<br>• विकास साझेदार |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | | | | | संस्था<br>• नेपाल रेडक्रस सोसाइटी |
| १.३ | प्रदेशको भूउपयोग योजना बनाउँदा हिमाली क्षेत्रको वस्तु स्थितिबारे पनि दृष्टिगत गरी गहन अध्ययन गर्ने । | जोखिमयुक्त भूमिको वर्गीकरणका कारण बसोबासका लागि सुरक्षित क्षेत्र सुनिश्चित भएको हुनेछ | मध्यकालीन | • भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय<br>• विषयगत मन्त्रालय | • नेपाल सरकार<br>• उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• इसिमोड<br>• यूएनडीपी |
| **४.२.२. प्राथमिकता प्राप्त कार्य: विपद् जोखिम ज्ञान व्यवस्थापन** | | | | | • |
| २.१ | हिमपहिरो र हिमतालको जोखिम, त्यसका कारण, सम्भावित प्रभाव र जोखिम न्यूनीकरणका उपायबारे सामग्री उत्पादन र विभिन्न माध्यमबाट सम्प्रेषण गरी जनचेतना अभिवृद्धि गर्ने । | आम मानिसमा हिमपहिरो र हिमताल विष्फोटनका कारण, जोखिम र बच्ने उपायबारे ज्ञान प्राप्त भएको हुनेछ । | निरन्तर | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय | • प्रदेश सरकार<br>• विषयगत मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| २.२ | हिमपहिरो हिमताल विष्फोटनबाट उत्पन्न बाढीको जोखिम न्यूनीकरणका र आपत्कालीन समयमा आवश्यक पर्ने मानवस्रोत विकास गर्ने। | हिमपहिरो र हिमताल विष्फोटबाट हुने क्षति न्यूनीकरण भएको हुनेछ । | मध्यकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | • प्रदेश सरकार<br>• सुरक्षा निकाय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| **४.२.३. प्राथमिकता प्राप्त कार्य: अन्तरनिकाय समन्वय संयन्त्रको विकास** | | | | | • |
| ३.१ | पर्यटन पदयात्रा मार्गमा हिमपहिरोको जोखिम | हिमपहिरोको जोखिम रहेका क्षेत्र स्थानीय | निरन्तर | • आन्तरिक मामिला तथा | • प्रदेश सरकार<br>• विपद् |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | न्यूनीकरणका लागि सम्बन्धित क्षेत्रका स्थानीय तहबीच कार्यगत एकता सुदृढ बनाउने । | तह र प्रदेशबीच जोखिम न्यूनीकरणका लागि समन्वय र कार्यगत एकता सुदृढ भएको हुनेछ । | | कानून मन्त्रालय<br>• उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | व्यवस्थापन परिषद<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ३.२ | हिमपहिरोको जोखिम न्यूनीकरण गरी सुरक्षित समुदाय र पर्यटन प्रवर्द्धनका लागि निजी क्षेत्रसँग समन्व गरी कार्य गर्ने । | सरकार र निजी क्षेत्रबीच जोखिम न्यूनीकरणका लागि प्रभावकारी समन्वय भएको हुनेछ । | मध्यकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | • विपद् व्यवस्थापन परिषद<br>• विपद् व्यवस्थापन कार्यकारी समिति<br>• नेपाल रेडक्रस सोसाइटी<br>• निजी क्षेत्र |
| ३.४ | हिमताल विष्फोटबाट उत्पन्न हुने बाढीको जोखिम न्यूनीकरणका लागि संघ र स्थानीय तहबीच निरन्तर सम्बाद र समन्वय गर्ने । | हिमतालको सम्भावित जोखिम न्यूनीकरणका लागि नेपाल सरकार र स्थानीय तहहरूबीच नियमित समन्वय र सम्बाद भई कार्य भएका हुनेछन् । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | • प्रदेश सरकार<br>• विपद् व्यवस्थापन परिषद<br>• विपद् व्यवस्थापन कार्यकारी समिति<br>• नेपाल रेडक्रस सोसाइटी<br>• निजी क्षेत्र |
| **४.२.४. प्राथमिकता प्राप्त कार्य: क्षमता अभिवृद्धि** | | | | | |
| ४.१ | प्रदेशको वस्तुस्थिति बमोजिम हिमपहिरो र हिमताल विष्फोटको | हिमपहिरो र हिमताल विष्फोटको जोखिम न्यूनीकरण र | मध्यकालीन | • आन्तरिक मामिला तथा कानून | • प्रदेश सरकार<br>• दातृ नकाय<br>• नेपाल |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | जोखिम न्यूनीकरण एवं आपत्कालीन समयमा कार्य गर्न दक्ष जनशक्ति तयार गर्ने । | आपत्कालीन कार्यका लागि प्रदेशको आफ्नै जनशक्ति तयार भएको हुनेछ । | | मन्त्रालय<br>• उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• सुरक्षा निकाय | रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था<br>• निजी क्षेत्र |
| ४.२ | प्रदेशमा हिमपहिरोको समयमा खोज तथा उद्धारका लागि उपकरणसहितको प्रशिक्षित उद्धार समूहको विकास गर्ने । | प्रदेशमा हिमपहिरोको समयमा खोज तथा उद्धार सहज रूपमा भएको हुनेछ । | मध्यकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>सुरक्षा निकाय | • प्रदेश सरकार<br>• सुरक्षा निकाय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ४.३ | सुरक्षा निकाय एवं हिमपहिरोको जोखिमयुक्त क्षेत्रका समुदायमा हिमपहिरोको सामनाका लागि कृत्रिम घटना अभ्यास सञ्चालन गर्ने। | हिमपहिरोको सम्भावना भएमा जीवन रक्षा गर्ने विधि र प्रक्रियाबारे हिमपहिरोको जोखिम भएका समुदाय सक्षम भएका हुनेछ । | निरन्तर | • प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र<br>• सुरक्षा निकाय<br>• स्थानीय तह | • नेपाल सरकार<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था<br>• निजी क्षेत्र |
| ४.४ | पदयात्रामा जाने पर्यटकका लागि हिमपहिरोको जोखिम भएको क्षेत्र र पहिरोको सङ्केत र सुरक्षा उपायबारे अभिमुखीकरण गर्न परामर्श केन्द्रको स्थापना गर्ने र पदयात्रामा जानुपहिले नियमित रूपमा अभिमुखीकरण गर्ने । | प्रदेशमा पर्यापर्यटन तथा पदयात्राका लागि आउन स्वदेशी तथा विदशी पर्यटकमा हिमपहिरोको जोखिम र त्यसबाट सुरक्षित रहने उपायबारे ज्ञान प्राप्त भएर सम्भावित विपदबाट सुरक्षित रहने वातावरण तयार भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | • सुरक्षा निकाय<br>• पर्यटन व्यवसायी तथा निजी क्षेत्र<br>• नेपाल रेडक्रस सोसाइटी |

(ख) प्राथमिकता प्राप्त क्षेत्र २: विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ४.२.५. प्राथमिकता प्राप्त कार्य: समयानुकूल नीतिगत व्यवस्था | | | | | • |
| ५.१ | प्रदेश सरकारका विशेषगरी पर्यटन प्रवर्द्धनसँग सम्बन्धित र अन्य विषयगत नीति, ऐन, रणनीति र कार्यविधिमा हिमपहिरो र हिमताल विष्फोटनका सन्दर्भलाई एकीकृत गरी समावेश गर्ने । | हिमपहिरो र हिमताल विष्फोटनबाट उत्पन्न जोखिमको सम्बोधन विषयगत नीति, ऐन र नियमहरूमा भई सुरक्षित प्रदेशको निर्माणका लागि मार्ग प्रशस्त भएको हुनेछ । | मध्यकालीन | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• सुरक्षा निकाय<br>• पर्यटन व्यवसायी तथा निजी क्षेत्र<br>• नेपाल रेडक्रस सोसाइटी |
| ४.२.६. प्राथमिकता प्राप्त कार्य: संस्थागत विकास एवं सुदृढीकरण | | | | | |
| ६.१ | हिमताल विष्फोटन र हिमपहिरो अनुगमन इकाई गठन गरी नियमित अनुगमन र अवस्था सार्वजनिक गर्ने पद्धतिको विकास गर्ने। | हिमपहिरोको संवेदनशीलताअनुरुप विकल्प पहिचान भई सुरक्षित समाज र पर्यापर्यटनको विकास भएको हुनेछ । | दीर्घकालीन | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय | • सुरक्षा निकाय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• निजी क्षेत्र |
| ४.२.७. सामाजिक समावेशीकरणको सुनिश्चितता | | | | | |
| ७.१ | हिमताल विष्फोटनबाट उत्पन्न बाढीको सामनाका लागि गरिने नीतिगत व्यवस्था र कार्यगत प्रणालीभित्र महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकसहित समाजका सबै वर्गको सक्रिय सहभागिता सुनिश्चित गर्ने । | हिमताल विष्फोटनबाट उत्पन्न बाढीको सामनाका लागि बन्ने कानूनी वा कार्यगत दस्तावेजमा सामाजिक समावेशीकरण सुनिश्चित भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• सामाजिक विकास मन्त्रालय<br>• स्थानीय तह<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ७.२ | हिमपहिरो र हिमताल विष्फोटन तथा त्यसको | हिमपहिरो र हिमताल विष्फोटन तथा त्यसको | निरन्तर | • आन्तरिक मामिला तथा | • उद्योग, पर्यटन, वन तथा |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | प्रभाव र जोखिम न्यूनीकरण एवं सुरक्षा उपायबारे जानकारी दिने वा ज्ञान प्रवर्द्धन गर्ने सामग्री समुदायका सबै वर्ग र भाषाभाषीले बुझ्नेगरी निर्माण गरी सम्प्रेषण गरिनेछ । | प्रभाव र जोखिम न्यूनीकरण एवं सुरक्षा उपायसम्बन्धी जानकारी समुदाय र सरोकारवाला निकाय र व्यक्तिले सहज रूपमा प्राप्त गरेका हुनेछन् । | | कानून मन्त्रालय<br>• स्थानीय तह | वातावरण मन्त्रालय<br>• सामाजिक विकास मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |

## (ग) प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरणका लागि लगानी अभिवृद्धि

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| **४.२.८. हिमताल विष्फोट र हिमपहिरोको जोखिम न्यूनीकरणका लागि सार्वजनिक लगानी अभिवृद्धि** | | | | | |
| ८.१ | प्रदेशका हिमाली क्षेत्र र यसतर्फ प्रभाव पार्नेगरी तिब्बतमा समेत उत्पन्न जोखिमयुक्त हिमतालको जोखिम न्यूनीकरणका लागि नेपाल सरकार र दातृ निकायसँग समन्वय गरी स्रोतको व्यवस्थापन गर्ने। | हिमताल विष्फोटबाट उत्पन्न बाढीको सम्भावना न्यून गर्ने कार्यमा स्रोत परिचालन भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• स्थानीय तह | • प्रदेश सरकार<br>• भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• अन्य विषयगत मन्त्रालय<br>• निजी क्षेत्र<br>• विकास साझेदार संस्था |
| ८.२ | हिमपहिरोको जोखिम भएका आवास क्षेत्र र पदमार्गलाई सुरक्षित बनाउन वा न्यून जोखिम भएका क्षेत्रमा आवास स्थानान्तरण गर्न वा वैकल्पिक पदमार्ग निर्माणका लागि कार्यक्रम र बजेट वृद्धि गर्ने । | हिमपहिरो र हिमताल विष्फोटका कारण प्रभावित क्षेत्रका आवास क्षेत्र र पर्यटकीय क्षेत्र उत्थानशील भएका हुनेछन् । | दीर्घकालीन | • भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• स्थानीय तह | • प्रदेश सरकार<br>• विषयगत मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ८.३ | जोखिमयुक्त हिमतालको | हिमताल र | अल्पकालीन | • उद्योग, | • प्रदेश सरकार |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | र हिमपहिरोको जोखिम न्यूनीकरणका साथै आपत्कालीन कार्यका लागि एक स्थायी कोषको निर्माण गर्ने । | हिमपहिरोको जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थाका लागि स्रोतको दिगो व्यवस्था भएको हुनेछ । | | पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• स्थानीय तह | • नेपाल पर्यटन बोर्ड<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• पर्यटन व्यवसाय<br>• निजी क्षेत्र |
| **४.२.९. हिमपहिरोको जोखिम न्यूनीकरणमा निजी लगानी प्रवर्द्धन** | | | | | |
| ९.१ | हिमपहिरो र हिमताल विष्फोटबाट उत्पन्न बाढीका कारण तल्लो तटीय क्षेत्र र पर्यटकीय क्षेत्रमा पर्ने प्रभाव न्यूनीकरणमा निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्ने । | हिमपहिरोबाट प्रभावित हुने क्षेत्र र हिमताल विष्फोटनबाट उत्पन्न बाढीका कारण प्रभावित हुने क्षेत्रको जोखिम न्यूनीकरणका लागि लगानी अभिवृद्धि भएको हुनेछ । | निरन्तर | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• निजी क्षेत्रका पर्यटन व्यवसायी | • प्रदेश सरकार<br>• नेपाल पर्यटन बोर्ड<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ९.२ | हिमपहिरोबाट पर्यटन क्षेत्रलाई सुरक्षित बनाउन निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्ने । | निजी पर्यटन क्षेत्रको लगानी हिमपहिरोको जोखिम न्यून गर्न प्रवर्द्धन भएर पर्यटन व्यवसाय सुरक्षित भएको हुनेछ । | निरन्तर | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• निजी क्षेत्रका पर्यटन व्यवसायी | • प्रदेश सरकार<br>• नेपाल पर्यटन बोर्ड<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• आर्थिक मामिला तथा योजना मन्त्रालय |
| **४.२.१० जोखिम हस्तान्तरण पद्धतिको विकास र प्रवर्द्धन** | | | | | |
| १०.१ | हिमपहिरो र हिमताल विष्फोटबाट बाढी आउने सम्भावित क्षेत्रका समुदाय र सामुदायिक सम्पत्तिको सामूहिक बिमा गर्ने र | हिमताल विष्फोटबाट प्रभावित हुने क्षेत्रका समुदाय सम्भावित क्षतिको परिपूर्ति पाउने सुनिश्चित भएर उत्थानशील भएका | निरन्तर | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• स्थानीय तह | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | बिमा प्रिमियममा सरकारले अनुदान दिने। | हुनेछन् । | | | • बिमा कम्पनी<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| १०.२ | हिमपहिरोको जोखिममा रहेका क्षेत्रमा जाने पर्यटक र व्यवशायीको दुर्घटना बिमा अनिवार्य गर्ने । | हिमपहिरोबाट क्षति भएमा त्यस्ता व्यक्ति र तिनका परिवारले क्षति पूर्ति पाउने सुनिश्चित भएको हुनेछ। | निरन्तर | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• स्थानीय तह | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• बिमा कम्पनी<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| **४.२.११. हिमपहिरो र हिमताल विष्फोटबाट उत्पन्न बाढीको जोखिम न्यूनीकरणका लागि सहकार्य र साझेदारी प्रवर्द्धन** | | | | | |
| ११.१ | हिमाली क्षेत्रमा उत्पन्न हुने हिमतालको जोखिम पहिचानलगायत जोखिम न्यूनीकरणका लागि संघ, प्रदेश, स्थानीय तह र अन्तरप्रदेश एवं अन्तर स्थानीय तहबीच सहकार्य गर्ने । | हिमपहिरो र हिमतालको जोखिम न्यूनीकरण तथा आपत्कालीन कार्यका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच सहकार्य र साझेदारी अभिवृद्धि भएको हुनेछ। | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• स्थानीय तह | • प्रदेश सरकार<br>• मूख्य मन्त्रीको कार्यालय<br>• विषयगत मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• निजी क्षेत्र |
| ११.२ | हिमपहिरो र हिमतालको जोखिम न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय तहबाट समेत प्रविधि प्राप्त गरी जोखिम न्यूनीकरणका कार्य सुनिश्चित गर्ने । | समाजका सबै तह र वर्गबीच हिमपहिरो र हिमताल विष्फोटबाट उत्पन्न बाढीको सामना गर्न हुने सहकार्यले उत्थानशील समाजको विकासमा योगदान | मध्यकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• उद्योग, पर्यटन, वन तथा | • प्रदेश सरकार<br>• मूख्य मन्त्रीको कार्यालय<br>• विषयगत मन्त्रालय<br>• निजी क्षेत्र |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | | पुगेको हुनेछ। | | वातावरण मन्त्रालय<br>• स्थानीय तह | |
| ११.३ | हिमपहिरो र हिमताल विष्फोटबाट कृषि भूमिमा रहेको जोखिम न्यूनीकरणको लागि मन्त्रालयमा छुट्टै शाखा गठन गरी भूमिको संरक्षण गर्ने। | पहिरोबाट कृषिभूमिमा हुन सक्ने क्षति न्यून भएको हुनेछ भने विपद्पछि पुन:स्थापना सुनिश्चित भएको हुनेछ । | अल्पकालीन | • भूमि व्यवथा, कृषि तथा सहकारी मन्त्रालय | • नेपाल सरकार<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• विकास साझेदार |

### (घ) प्राथमिकता प्राप्त क्षेत्र ४: विपद् पूर्वतयारीको सुदृढीकरण

गण्डकी प्रदेश हिमताल विष्फोटबाट उत्पन्न बाढीको जोखिममा रहेको छ । यस प्रदेशमा नेपालतर्फ त्रिशुली र मर्स्याङदी नदीको उपल्लो जलाधार क्षेत्रमा एक एकवटा र त्रिशुली नदीको तिब्बती जलाधार क्षेत्रमा एकवटा जोखिमयुक्त हिमताल रहेका छन् । संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम र एकीकृत पर्वतीय विकास केन्द्रबाट भएको अध्ययनअनुसार यी हिमतालको विष्फोट भएमा नेपाल, भारत र बङ्गलादेशको भूक्षेत्रसम्म जनधनको व्यापक क्षति हुन सक्नेछ ।

त्यसैगरी पदयात्राको लागि प्रशिद्ध अन्नपूर्ण क्षेत्र हिमपात र हिमपहिरोको दृष्टिले अत्यन्तै जोखिमपूर्ण रहेको छ । अन्नपूर्ण हिमशृङ्खला क्षेत्रको पदायात्रा जोखिमपूर्ण बन्नु नेपालकै पर्या-पर्यटन जोखिममा पर्नु हो । अत: यस रणनीतिक कार्ययोजनाले जोखिम न्यूनीकरणका साथै आपत्कालीन समयमा गर्ने कार्य पहिचान गरेको छ । हिमपहिरोको समय र हिमताल विष्फोटबाट उत्पन्न बाढीको सामना गर्न प्रदेश सरकारले देहायका कार्यलाई प्राथमिकतासाथ अघि बढाउनेछ:

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ४.२.१२. विपद् प्रतिकार्यका लागि शसक्त पूर्वतयारी | | | | | |
| १२.१ | उच्च हिमाली क्षेत्र र पदमार्ग क्षेत्रमा हिमपात भएको खण्डमा हिमपहिरोको सामनाका लागि प्रशिक्षित उद्धारकर्ताको समूह | हिमपहिरोबाट हुन सक्ने मानवीय क्षति न्यूनीकरण सुनिश्चित भएको हुनेछ | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• मानवीय उद्धार कर्मी | • प्रदेश सरकार<br>• विषयगत मन्त्रालय<br>• नेपाल पर्यटन बोर्ड<br>• पर्यटन व्यवसायी |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | आवश्यक उपकरणसहित तयारी अवस्थामा राख्ने । | | | • सुरक्षा निकाय | • हिमालयन उद्धार संघ |
| १२.२ | हिमताल विष्फोटनबाट उत्पन्न बाढीका कारण हुने मानवीय क्षति र सम्पत्तिको रक्षाका लागि प्रशिक्षित र उपकरणसहितको उद्धार दल तयारी अवस्थामा राख्ने । | हिमताल विष्फोटबाट उत्पन्न बाढीको सामना क्षमता वृद्धि भई त्यसको प्रभाव कम भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• मानवीय उद्धार कर्मी<br>• सुरक्षा निकाय | • प्रदेश सरकार<br>• विषयगत मन्त्रालय<br>• नेपाल पर्यटन बोर्ड<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| १२.२ | हिमपहिरो र हिमताल विष्फोटबाट उत्पन्न बाढीका कारण घाइते भएकाको उपचार र आपत्कालीन सुरक्षाका लागि प्रदेशमा एक सुविधासम्पन्न आश्रयस्थल तथा पुनर्लाभ केन्द्र स्थापना गर्ने। | हिमपहिरो र हिमताल विष्फोटका कारण घाइते र प्रभावितको लागि तत्कालीन उपचार र आवासको व्यवस्था भएको हुनेछ। | मध्यकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• सामाजिक विकास मन्त्रालय<br>• स्थानीय तह | • नेपाल सरकार<br>• नेपाल पर्यटन बोर्ड<br>• पर्यटन व्यवसायी<br>• निजी क्षेत्र<br>• सुरक्षा निकाय<br>• रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| **४.२.१३. पूर्वसूचना प्रणालीको विकास र प्रवर्द्धन** | | | | | |
| १३.१ | हिमपहिरो र हिमताल विष्फोटको पूर्वसूचना र तत्कालीन सूचना व्यवस्थापन र सम्प्रेषण प्रणालीको स्थापना गर्ने। | हिमपहिरो र हिमताल विष्फोटनसम्बन्धी प्रारम्भिक र आकस्मिक सूचना पाएर समुदाय र पर्यटक सुरक्षित रहेका हुनेछन् । | मध्यकालीन | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय | • प्रदेश सरकार<br>• इसीमोड र यूएन्डीपी<br>• पर्यटन व्यवसायी<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| १३.२ | हिमपहिरो र हिमताल विष्फोटको पूर्वसूचना र | हिमपहिरो र हिमताल विष्फोटनसम्बन्धी | मध्यकालीन | • आन्तरिक मामिला तथा | • प्रदेश सरकार<br>• उद्योग, पर्यटन, |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | तत्कालीन सूचना प्रणालीलाई प्रदेश, स्थानीय र केन्द्रीय विपद् व्यवस्थापन सूचना प्रणालीमा आबद्ध गर्ने । | सूचना केन्द्र, प्रदेश र स्थानीय तहसम्म सहज रूपमा सम्प्रेषण भएर सबै तह र वर्गमा सचेतता विकास भएको हुनेछ । | | कानून मन्त्रालय | वन तथा वातावरण मन्त्रालय<br>• पर्यटन व्यवसायी<br>• रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| **४.२.१४. "अझ राम्रो र अझ बलियो निर्माण" सहित पुनर्लाभ, पुनर्निर्माण र पुनस्थापना** | | | | | |
| १४.१ | हिमपहिरो र हिमताल विष्फोटका कारण पूर्वाधारमा भएको क्षतिका विरुद्ध "अझ राम्रो र अझ बलियो निर्माण" अवधारणा अनुरुप कार्यजिम्मेवारी सहितको कार्ययोजना निर्माण गर्ने । | हिमपहिरो र हिमताल विष्फोटबाट उत्पन्न बाढीपछिको पुनर्निर्माण र पुन:स्थापनको कार्य सुनिश्चित भएको हुनेछ। | मध्यकालीन | • भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | • प्रदेश सरकार<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• विषयगत मन्त्रालय<br>• विकास साझेदार संस्था |
| १४.२ | हिमपहिरो र हिमताल विष्फोटबाट भएको क्षतिको "अझ राम्रो र अझ बलियो निर्माण" सुनिश्चित गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतबाट प्रविधि प्राप्त गर्ने । | पुनर्निर्माण र पुन:स्थापनका लागि अत्याधुनिक प्रविधि प्राप्त भएर उत्थानशीलता विकास भएको हुनेछ। | निरन्तर | • भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | • नेपाल सरकार<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• विषयगत मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |

## ४.३. पहिरो जोखिम न्यूनीकरण कार्ययोजना

गण्डकी प्रदेशको ठूलो भूभाग महाभारत र हिमाली क्षेत्रमा पर्ने हुँदा यहाँ पहिरोको उच्च जोखिम रहेको छ । पहिरो नियन्त्रणका लागि प्रदेशले विशेष ध्यान दिनु पर्ने आवश्यकता महसूस गरी चारवटा प्राथमिकता प्राप्त क्षेत्रअन्तर्गत निर्धारण भएका प्राथमिकता प्राप्त कार्यको कार्यान्वयन निम्न अनुसार गरिने गरी रणनीतिक कार्ययोजना तयार गरिएको छ:

### (क) प्राथमिकता प्राप्त क्षेत्र १: विपद् जोखिमबारे बुझाइ अभिवृद्धि

प्रदेशका सबै तह र वर्गमा पहिरोको कारण, यसको जोखिम र जोखिम न्यूनीकरण गरी सुरक्षित र दिगो विकासका विषयवस्तुबारे बुझाइको विकास गर्न निम्न कार्य गरिनेछ:

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ४.३.१ प्राथमिकता प्राप्त कार्य: विपद् जोखिम नक्साङ्कन | | | | | |
| १.१ | पहिरोको जोखिम रहेका सबै स्थानीय तहको छुट्टा छुट्टै जोखिम नक्साङ्कन गरी त्यसको एकीकृत जोखिम लेखाजोखा र नक्साङ्कन गर्ने। | प्रदेशका सबै स्थानीय तहमा रहेको पहिरोको जोखिम न्यूनीकरणको ढाँचा तयार भएको हुनेछ । | मध्यकालीन | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• भौतिक पूर्वाधार बिकास मन्त्रालय | • नेपाल सरकार<br>• खानी तथा भूगर्भ विभाग<br>• भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय<br>• स्थानीय तह<br>• प्राज्ञिक निकाय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
आगलागी र डढेलोजन्य विपद् जोखिम न्यूनीकरणका लागि प्रदेश सरकारले सार्वजनिक तथा निजी लगानी प्रवर्द्धन गर्न निम्नअनुसारका कार्यक्रम सञ्चालन गर्नेछ:

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| **४.५.८ आगलागी जोखिम न्यूनीकरणका लागि सार्वजनिक लगानी अभिवृद्धि** | | | | | • |
| ८.१ | आगलागीको लेखाजोखा र अभिलेखका आधारमा | आगलागी नियन्त्रण र रोकथामका | निरन्तर | • उद्योग, पर्यटन, वन तथा | • नेपाल सरकार<br>• विषयगत |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | रोकथाम गर्ने र आगलागीको जोखिम भएका क्षेत्रमा नियन्त्रणका उपाय अवलम्बन गर्ने गरी कार्यक्रम र बजेट विनियोजन गर्ने । | कार्यले प्रभावकारी रुपमा निरन्तरता पाएको हुनेछ । | | वातावरण मन्त्रालय<br>• स्थानीय तह | मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था<br>• निजी क्षेत्र |
| ८.२ | आगलागीबाट वन र प्राकृतिक स्रोतको विनाश रोक्न जोखिममा रहेका क्षेत्रमा पानीका स्रोतको उच्चतम उपयोगका लागि कार्यक्रम र बजेट विनियोजन गर्ने । | सार्वजनिक निजी साझेदारिमा आगलागी नियन्त्रणका कार्य भएका हुनेछन् । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• स्थानीय तह | • नेपाल सरकार<br>• अन्य विषयगत मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था<br>• निजी क्षेत्र |
| **४.५.९** | **आगलागीको जोखिम न्यूनीकरणमा निजी लगानी प्रवर्द्धन** | | | | • |
| ९.१ | आगलागी र डढेलोको जोखिम रहेका क्षेत्रमा सार्वजनिक तथा निजी लगानीका क्षेत्र पहिचान गरी व्यवसायिक योजना तयार गरी निजी क्षेत्रको लगानी प्रवर्द्धन र प्रोत्साहन गर्ने । | आगलागी र डढेलोको जोखिम भएका क्षेत्रको संरक्षण गर्न व्यवसायिक रूपमा निजी लगानी परिचालन भएको हुनेछ । | निरन्तर | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• स्थानीय तह | • निजी क्षेत्रका उद्योगी तथा व्यापारी,<br>• व्याङ्कर<br>• नागरिक परिवार<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ९.२ | आगलागीको जोखिममा रहेका कच्ची वा परालको छानो भएका घरहरुको सुधार गरी आगलागी प्रतिरोधी बनाउन योगदानमा आधारित सामुदायिक अग्नि हाइड्रेंटको अवधारणामा व्यक्ति, व्यवसायिक र सरकारी | जोखिम न्यूनीकरणका कार्यमा सबै क्षेत्रबीच साझेदारी अभिवृद्धि भएको हुनेछ । | निरन्तर | • भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• स्थानीय तह<br>• स्थानीय समुदाय | • विषयगत मन्त्रालय<br>• विकास साझेदार संस्था |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | क्षेत्रको लगानी प्रवर्द्धन गर्ने । | | | | |
| **४.५. १० जोखिम हस्तान्तरण पद्धतिको विकास र प्रवर्द्धन** | | | | | |
| १०.१ | आगलागीबाट हुनसक्ने जोखिमको लागि सार्वजनिक तथा निजी भवन र सम्पत्तिको बिमा गरी जोखिम हस्तान्तरण अनिवार्य गर्ने । | घरायसी वा व्यवसायिक क्षेत्रमा आगलागीबाट हुने क्षतिको परिपूर्ति सुनिश्चित भएको हुनेछ । | अल्पकालीन र निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • प्रदेश सरकार<br>• अन्य विषयगत मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था<br>• निजी क्षेत्र |
| १०.२ | आगलागीको जोखिम हस्तान्तरणका अन्य विधि र प्रविधिको उपयोगका लागि सबै क्षेत्रलाई विशेष प्रोत्साहन दिने । | जोखिम हस्तान्तरणका माध्यमबाट आगलागीबाट हुने क्षतिको परिपूर्तिका वैकल्पिक उपायको विकास भएको हुनेछ । | दीर्घकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• निजी क्षेत्र<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| **४.५. ११ सहकार्य र साझेदारी प्रवर्द्धन** | | | | | |
| ११.१ | आगलागी र डढेलोको जोखिममा रहेका क्षेत्रमा अग्नी नियन्त्रणका स्थानीय विधिको प्रवर्द्धनका लागि योगदानमा आधारित सार्वजनिक निजी साझेदारी कार्यक्रम सञ्चालन गर्ने । | साझेदारी अभिवृद्धि भई सामुदायिक उत्थानशीलता अभवृद्धि भएको हुनेछ। | मध्यकालीन | • स्थानीय तह<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• निजी क्षेत्र<br>• सम्बन्धित परिवार र समुदाय |
| ११.२ | आगलागी र डढेलोको जोखिम रहेका क्षेत्रमा बसोबास गर्ने परिवारबीच जोखिम न्यूनीकरणमा ज्ञान र सीप आदानप्रदान गर्न | समाजका सबै तह र वर्गबीच आगलागीको सामना गर्ने क्षमताको विकास भएको हुनेछ। | निरन्तर | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | • स्थानीय तह<br>• विषयगत मन्त्रालय<br>• निजी क्षेत्र<br>• नेपाल रेडक्रस सोसाइटी |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | आपसी साझेदारीको लागि कार्यक्रम सञ्चालन गर्ने। | | | | • सम्बन्धित परिवार र समुदाय |
| ११.३ | आगलागी र डढेलो नियन्त्रणका लागि स्थानीय ज्ञान सीप र प्रविधिका साथै आधुनिक प्रविधिको प्रवर्द्धन गर्ने । | आगलागी र डढेलो नियन्त्रणमा प्रभावकारी भएको हुनेछ । | दीर्घकालीन | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | • विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• प्राज्ञिक क्षेत्र<br>• निजी क्षेत्र<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |

## (घ) प्राथमिकता प्राप्त क्षेत्र ४: विपद् पूर्वतयारीको सुदृढीकरण

आगलागीको प्रकोपबाट उत्पन्न हुने जोखिम कम गर्न र आगलागी र डढेलो लागेको अवस्थामा अग्नी नियन्त्रण, खोज, उद्धार, राहत व्यवस्थापनका साथै पुनर्निर्माण र पुन:स्थापनका लागि पूर्वतयारीलाई सुदृढ बनाउन प्रदेश सरकारले निम्नअनुसारका प्राथमिकता प्राप्त कार्य र क्रियाकलाप सञ्चालन गर्नेछः

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ४.५.१२ विपद् प्रतिकार्यका लागि शसक्त पूर्वतयारी | | | | | |
| १२.१ | आगलागी र डढेलोको उच्च जोखिम रहेका क्षेत्रहरूमा आपत्कालीन प्रतिकार्य समूहको गठन गरी उपकरणसहित क्षमता विकास गर्ने । | आगलागी र डढेलोको समयमा आपत्कालीन उद्धार सुनिश्चित भएको हुनेछ । | मध्यकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • प्रदेश सरकार<br>• विषयगत मन्त्रालय<br>• सुरक्षा निकाय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| १२.२ | अत्यधिक आगलागी हुने सबै राष्ट्रिय, सामुदायिक र मझौला तथा ठूला निजी वनमा अग्नी नियन्त्रण रेखा निर्माण गरी नियमित रूपमा | वनमा हुने डढेलो नियन्त्रणमा सहयोग पुग्नेछ । | निरन्तर | • जिल्ला वन डिभिजन कार्यालय<br>• सामुदायिक वन उपभोक्ता समूह | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | अनुगमन गर्ने पद्धतिको विकास गर्ने । | | | • निजी वन प्रवर्द्धक | मन्त्रालय<br>• स्थानीय तह |
| १२.३ | आगलागी र डढेलोको उच्च जोखिम रहेका क्षेत्रहरूलक्षित आपत्कालीन भण्डारगृह निर्माण गर्ने र खोज तथा उद्धार सामग्री एवं राहत सामग्रीको भण्डारण गर्ने । | आगलागी र डढेलोको समयमा खोज तथा उद्धार र राहत व्यवस्थापन सहज भएको हुनेछ। | मध्यकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • प्रदेश सरकार<br>• विषयगत मन्त्रालय<br>• सुरक्षा निकाय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| **४.५.१३ पूर्वसूचना प्रणालीको विकास र प्रवर्द्धन** | | | | | |
| १३.१ | नयाँ बन्ने सरकारी, निजी तथा व्यक्तिगत भवन, उद्योग, व्यापारिक केन्द्रहरुमा आगलागी भएमा त्यसको सूचना दिने साइरन जडान गर्ने कानूनी व्यवस्था गरिनेछ । | आगलागीबारे समयमै सूचना प्राप्त भएर नियन्त्रण र सुरक्षाका विधि अवलम्बन भएको हुनेछ । | निरन्तर | • सम्बन्धित सरोकारवाला | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह<br>• व्यक्ति तथा परिवार<br>• निजी क्षेत्र<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| १३.२ | वनडढेलोको जोखिम रहेका क्षेत्रका सूचना प्रवाहका लागि एकीकृत सूचना प्रणालीको विकास गरी विपद् व्यवस्थापन सूचनाप्रणालीसँग आबद्ध गर्ने । | वनडढेलोको जोखिम रहेका क्षेत्र र डढेलोबारे सबै तह र वर्गमा सूचनाको पहुँच वृद्धि भएको हुनेछ । | निरन्तर | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | • प्रदेश सरकार<br>• विषयगत मन्त्रालय<br>• प्राज्ञिक निकाय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| **४.५. १४ "अझ राम्रो र अझ बलियो निर्माण" सहित पुनर्लाभ, पुनर्निर्माण र पुनस्थापना** | | | | | |
| १४.१ | आगलागी भएका क्षेत्रको पुनर्निर्माण र पुन:स्थापनाका क्रममा | आगलागीपछिको पुनर्निर्माण र पुन:स्थापनको कार्य | अल्पकालीन | • आन्तरिक मामिला तथा कानून | • विषयगत मन्त्रालय<br>• प्राज्ञिक क्षेत्र<br>• निजी क्षेत्र |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | आगलागी निरोधक प्रविधिको उपयोग गरी "अझ राम्रो र अझ बलियो निर्माण" को अवधारणा अनुरुप काम गर्नेगरी कार्ययोजना निर्माण गर्ने । | आगलागीद्वारा हुने विपदबाट उत्थानशील भएको हुनेछ। | | मन्त्रालय<br>• भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• स्थानीय तह | • नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| १४.३ | आगलागीग्रस्त क्षेत्रको पुनर्निर्माणका लागि विशेष कार्यक्रम सहितको बजेट व्यवस्था गर्ने । | अझ राम्रो र अझ बलियो निर्माण सुनिश्चित भएको हुनेछ। | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• स्थानीय तह | • विषयगत मन्त्रालय<br>• निजी क्षेत्र<br>• विकास साझेदार संस्था |

# अध्याय ५: एकीकृत विपद् जोखिम न्यूनीकरण कार्ययोजना

अध्याय पाँचमा रणनीतिक कार्ययोजना तयार गरिएका प्रदेशका प्रमुख पाँच विपद्का साथै नियमित रूपमा हुने पहिरो, चट्याङ, महामारी, हुरीबतास, जङ्गली जनावरको आक्रमणलगायतका प्राकृतिक प्रकोपबाट उत्पन्न विपद् र मानवीय कारणबाट उत्पन्न हुने हवाइ र सडक दुर्घटना, आगलागी, औद्योगिक दुर्घटना, प्रदूषणका कारण उत्पन्न स्थानीय तथा विश्वव्यापी सङ्क्रमणजन्य रोग वा महामारीलगायतका विपद्को जोखिम न्यूनीकरण गर्न एकीकृत कार्ययोजना तयार गरिएको छ । एकीकृत कार्ययोजनाले विपद्को प्रकृति, प्रकार, कारण र प्रभावको आधार लिएर अन्तर्राष्ट्रिय ढाँचा र राष्ट्रिय कार्ययोजनाअनुसर चारवटा प्राथमिकता प्राप्त क्षेत्र र १४ प्राथमिकता प्राप्त कार्यलाई मूल आधार मानेको छ । यसअन्तर्गत प्रत्येक प्राथमिकता प्राप्त क्षेत्र र कार्यअन्तर्गत निम्नअनुसार रणनीतिक क्रियाकलाप निर्धारण गरिएका छन्:

## ५.१. प्राथमिकता प्राप्त क्षेत्र १: विपद् जोखिमबारे बुझाइ अभिवृद्धि

प्रकोपको प्रकार, बारम्बारता तथा त्यसले पार्ने प्रभावको लेखाजोखाका माध्यमबाट पहिचान भएका नतिजा र त्यसका आधारमा गर्न सकिने जोखिम न्यूनीकरणका कार्यलाई विपद्को जोखिममा रहेका प्रत्येक समूह वा वर्गसम्म प्रवाह गरी चेतना अभिवृद्धि मार्फत् जोखिम न्यूनीकरण गर्नु यस रणनीतिक क्षेत्रको लक्ष्य हो । विपद् जोखिमबारे सबै तहमा बुझाई अभवृद्धि गरी उत्थानशीलता बढाउन निम्न चारवटा प्राथमिकता प्राप्त कार्य र क्रियाकलाप निर्धारण गरिएको छ:

### ५.१.१ प्राथमिकता प्राप्त कार्य १: विपद् जोखिम नक्साङ्कन

भौगोलिक स्थान, प्राकृतिक वस्तुस्थिति, सामाजिक तथा आर्थिक अवस्था, मानिसका दैनिक गतिविधि र विपद् जोखिमको अवस्था र त्यसबाट पर्ने प्रभावको पहिचान गरी जोखिम न्यूनीकरणका आधार तयार गर्न निम्नअनुसारका कार्य गरिनेछः

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १.१ | अध्याय ४ मा उल्लेख नभएका अन्य प्रकोपको सङ्कटासन्नता र जोखिम लेखाजोखा गर्ने र अभिलेखीकरण गर्ने । | प्राकृतिक र मानवीय कारणबाट हुने विपद्जन्य जोखिमको नक्साङ्कन र अभिलेखीकरण भएको हुनेछ । | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | • प्रदेश सरकार<br>• विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• नेपाल रेडक्रस सोसाइटी |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | | | | | • विकास साझेदार संस्था |
| १.२ | प्रदेशका सबै स्थानीय तहलाई समेटेर बहुविपद् जोखिम संवेदनशील भूउपयोग योजना निर्माण गर्ने । | विपद् जोखिम सम्बेदनशील क्षेत्रको वर्गीकरणद्वारा विपद् उत्थानशील विकासमा योगदान मिलेको हुनेछ । | मध्यकालीन | • भूमि व्यवस्था तथा कृषि विकास मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• विषयगत मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| १.३ | कृषि, पशुपालन, शिक्षा, स्वास्थ्य, पर्यटन, उद्योग, सञ्चार, भौतिक पूर्वाधार लगायतका विषयगत क्षेत्रमा पर्ने विपद् तथा जलवायुजन्य जोखिम पहिचान र अभिलेखीकरण गर्ने । | विषयगत क्षेत्रमा विपद्को प्रभावको अवस्था पहिचान भएर जोखिम न्यूनीकरणको आधार तयार भएको हुनेछ । | निरन्तर | • भूमि व्यवस्था तथा कृषि विकास मन्त्रालय<br>• विषयगत मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह<br>• प्राज्ञिक प्रतिष्ठान तथा विश्वविद्यालयहरू<br>• नेपाल रेडक्रस सोसाइटी विकास साझेदार संस्था |
| १.४ | जलवायु परिवर्तन र अन्य कारणबाट उत्पन्न हुने सबै प्रकारका महामारी, प्याण्डामिक वा विश्वव्यापी सङ्क्रामक रोगको जोखिम पहिचान तथा नक्साङ्कन गर्ने । | सबै प्रकारका महामारीजन्य सङ्क्रामक रोगको जोखिमबारे जानकारी प्रवाह भएको हुनेछ । | अल्पकालीन र नियमित | • सामाजिक विकास मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय | • प्रदेश सरकार<br>• विषयगत मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| १.५ | सामाजिक तथा आर्थिक क्षेत्र एवं जीविकोपार्जनका क्षेत्रमा जलवायु परिवर्तनबाट उत्पन्न जोखिमको लेखाजोखा गर्ने । | जलवायु परिवर्तनबाट सामाजिक, आर्थिक र जीविकोपार्जनका क्षेत्रमा पर्ने प्रभावको लेखाजोखा भएर जोखिम न्यूनीकरण योजना तयार गर्ने | मध्यकालीन | • उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• भूमि व्यवस्था | • प्रदेश सरकार<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• विषयगत मन्त्रालयहरू |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | | आधार तयार भएको हुनेछ । | | तथा कृषि विकास मन्त्रालय<br>• स्थानीय तह | • नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| १.६ | प्रदेशअन्तर्गत रहेका सडक जोखिम लेखाजोखा गरी सडक दुर्घटनाको जोखिम, सडकको उपयोगको अवस्था र यसबारे रहेको समग्र अवस्थाको अध्ययन गरी जोखिम र जोखिम न्यूनीकरणका कार्य परहिचान गर्ने । | जोखिममा रहेका सडकको सुधार गर्ने आधार तयार भएर र समुदायतहसम्म सडक दुर्घटना र यसको जोखिमबारे चेतना अभिवृद्धि भएको हुनेछ । | निरन्तर | • भौतिक पूर्वाधार विकास मन्त्रालय | • सामाजिक विकास मन्त्रालय<br>• ट्राफिक प्रहरी<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| १.७ | अध्याय ४ मा उल्लेख भएका र नभएका सबै प्रकोपको अलग अलग लेखाजोखा गरी उच्च, मध्यम र न्यून सङ्कटासन्न क्षेत्रसमेत पहिचान गरेर एकीकृत अभिलेख तयार गर्ने। | प्रदेशमा बहूविपद् जोखिम नक्साङ्कन र अभिलेखीकरण भएको हुनेछ । | मध्यकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• अन्य विषयगत मन्त्रालय | • नेपाल सरकार<br>• प्राज्ञिक निकाय<br>• अनुसन्धान प्रतिष्ठान<br>• विकास साझेदार संस्था<br>• स्थानीय तह |
| १.८ | बहूविपद् जोखिम नक्साङ्कन र अभिलेखीकरण तथा जोखिम न्यूनीकरणका विधि पहिचान गर्दा लिङ्ग, उमेर र अपाङ्गतालगायतका विषयलाई केन्द्रविन्दुमा राख्ने । | समुदायका सबै उमेर, लिङ्ग, अपाङ्गता भएका व्यक्ति लगायतका वर्गमा जोखिम लेखाजोखा गरी न्यूनीकरणका विधि पहिचान भएका हुनेछन् । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• सामाजिक विकास मन्त्रालय | • विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| १.९ | बहूविपद् जोखिम लेखाजोखा, नक्साङ्कन र अभिलेखीकरणका क्रममा सामाजिक समावेशीकरण तथा उच्च जोखिममा रहेका समुदाय वा वर्गलाई सक्रिय रूपमा सहभागी गराउने । | विपद् जोखिमको अभलेखीकरणका कार्यमा विपद्को उच्च जोखिममा रहेका सीमान्तीकृत वर्गको समेत सहभागिता भएको | निरन्तर | • सामाजिक विकास मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून | • विषयगत मन्त्रालय<br>• प्राज्ञिक निकाय<br>• अनुसन्धान प्रतिष्ठान<br>• विकास साझेदार संस्था |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | | हुनेछ । | | मन्त्रालय | • स्थानीय तह |

## ५.१.२ प्राथमिकता प्राप्त कार्य २: विपद् जोखिम ज्ञान व्यवस्थापन

प्रदेशले विपद् जोखिम न्यूनीकरणका लागि ज्ञानको विकास र प्रवर्द्धनका निमित्त निम्न कार्य गर्नेछ:

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २.१ | भौगोलिक सूचना प्रणालीमा आधारित विपद् व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने र केन्द्रसँग सञ्जालीकरण गर्ने। | विपद् र जलवायुजन्य जोखिम सम्बन्धी सूचना र तथ्याङ्क व्यवस्थित भएर सबैको पहुँचमा रहेको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| २.२ | सामाजिक सञ्जालको उपयोग र सञ्चार माध्यमसँग साझेदारीमार्फत् सबै तह र वर्गमा विपद् जोखिमसम्बन्धी सूचना सम्प्रेषणका लागि उपयुक्त विधिको प्रयोग गर्ने। | विपद् व्यवस्थापन सूचना प्रणालीमा समाजका सबै वर्गको पहुँच सुनिश्चित भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • प्रदेश सरकार<br>• स्थानीय तह<br>• सञ्चारमाध्यम<br>• निजी क्षेत्र<br>• विकास साझेदार संस्था |
| २.३ | विपद् जोखिम र यसको न्यूनीकरणबारे समुदायमा सूचना सम्प्रेषण गरी चेतना अभिवृद्धिका लागि बहूसरोकारवाला बीच सहकार्य गर्ने। | विपद् तथा जलवायुजन्य जोखिमबारे समुदायमा सचेतना अभिवृद्धि भएर विपद्को सामना क्षमता विकास भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• सञ्चारमाध्यम<br>• निजी क्षेत्र<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| २.४ | प्रकोपको प्रकृति, प्रकार, आवृत्ति र त्यसले पार्ने प्रभाव | विपद् र जलवायुजन्य जोखिम | निरन्तर | • आन्तरिक मामिला | • विषयगत मन्त्रालय |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | तथा जोखिमको अवस्था वा विपद् र जलवायुजन्य जोखिमसम्बन्धी प्राप्त नतिजालाई सरल र अपाङ्गतामैत्री भाषामा समेत विभिन्न माध्यमबाट सम्प्रेषण गरी जनचेतना अभिवृद्धि गर्ने। | न्यूनीकरणबारे सबै तह र वर्गले जानकारी प्राप्त गरेका हुनेछन् । | | तथा कानून मन्त्रालय | • स्थानीय तह<br>• प्राज्ञिक निकाय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| २.५ | प्रकोपको प्रकृति, प्रकार, आवृत्ति र प्रकोप विपदमा रुपान्तरण हुने कारण, विषयगत क्षेत्रमा पर्ने प्रभाव सहित जोखिम न्यूनीकरणका विविध आयाममा अध्ययन तथा अनुसन्धान गर्ने र जोखिम न्यूनीकरणका लागि ज्ञानको प्रवर्द्धन गर्ने । | प्रदेशमा बहूविपद् जोखिमका विविध आयाम र अवस्था पहिचान भई न्यूनीकरणका कार्य अघि बढाउने ज्ञानको विकास र प्रवर्द्धन भएको हुनेछ । | निरन्तर | • प्रदेश नीति तथा योजना आयोग<br>• विषयगत मन्त्रालय | • विश्वविद्यालयहरू<br>• स्थानीय तह<br>• प्राज्ञिक तथा अनुसन्धान गर्ने निकाय<br>• विकास साझेदार संस्था |
| २.६ | विपद्को लेखाजोखा र अध्ययन अनुसन्धानका नतिजाका आधारमा जोखिम न्यूनीकरण सम्बन्धी विषयमा सबै तहका शिक्षालयको पाठ्यक्रम विकास गरी पठन-पाठन गराउने । | सबै तहका शिक्षालयमा विपद् जोखिम र यसको व्यवस्थापनबारे पठनपाठन भएर दक्ष जनशक्तिको विकास भएको हुनेछ । | निरन्तर | सामाजिक विकास मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| २.७ | विपद् र जलवायुजन्य जोखिम नक्साङ्कन तथा लेखाजोखा र अध्ययन अनुसन्धानबाट प्राप्त सुझावका आधारमा ज्ञानप्रवर्द्धन गर्ने गरी प्रतिवेदन आदिको प्रकाशन र प्रसारण गर्ने । | विपद् र जलवायु जन्य जोखिमबारे भएका अध्ययन, अनुसन्धान र अभ्यासको प्रकाशन र प्रशारण भई सबै तह र वर्गमा जोखिम र यसको न्यूनीकरणबारे ज्ञान प्रवाह भएको हुनेछ। | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • विषयगत मन्त्रालय<br>• अनुसन्धान सँग सम्बन्धित प्रतिष्ठानहरू<br>• स्थानीय तह<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| २.८ | विपद् र जलवायुजन्य | प्रदेशमा एक र सबै | मध्यकालीन | • आन्तरिक | • प्रदेश सरकार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | जोखिम वा जलवायु परिवर्तबाट उत्पन्न हुने जोखिम र त्यसको न्यूनीकरण सम्बन्धी नियमित जानकारी प्रवाह र ज्ञान प्रवर्द्धन गर्न प्रदेश र स्थानीय तहमा सिकाइ केन्द्रहरूको स्थापना गर्ने । | स्थानीय तहमा विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी ज्ञान प्रवर्द्धन भएको हुनेछ । | | मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • विषयगत मन्त्रालय<br>• विकास साझेदार संस्था<br>• विश्वविद्यालयहरू<br>• नेपाल रेडक्रस सोसाइटी |
| २.९ | विपद् र जलवायुजन्य जोखिम र विकासका विषयगत क्षेत्रमा पर्ने प्रभाव, जोखिम न्यूनीकरण, मानवीय सहायता र विपद्पछिको पुनर्लाभ, पुनर्निर्माण तथा पुन:स्थापनजस्ता विषयमा प्रशिक्षक उत्पादन गरी सबै तह र समुदायमा नियमित प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने । | प्रदेश र स्थानीय तहमा विपद् र जलवायुजन्य जोखिम न्यूनीकरणका लागि सीपयुक्त दक्ष जनशक्तिको विकास भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • विषयगत मन्त्रालय<br>• विकास साझेदार संस्था<br>• क्षमता विकासमा संलग्न संस्था तथा निकायहरू |
| २.१० | कीटपतङ्ग, किटाणु वा जीवाणुका कारण उत्पन्न हुने र फैलिने स्थानीय, राष्ट्रिय र विश्वव्यापी सङ्क्रामक रोग र महामारीको व्यवस्थापन सम्बन्धी ज्ञान व्यवस्थापन र जनचेतना अभिवृद्धिका लागि आवश्यक व्यवस्था गर्ने । | स्थानीय, राष्ट्रिय र विश्वव्यापी रूपमा फैलिन सक्ने सङ्क्रामक रोग महामारीबारे जनसमुदायमा ज्ञान, सीप र प्रविधिबारे जनचेतना अभिवृद्धि भई उत्थानशीलता वृद्धि भएको हुनेछ। | निरन्तर | • सामाजिक विकास मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय | • प्रदेश सरकार<br>• विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| २.११ | पानी, खाद्य पदार्थ, कीटपतङ्गलगायतका कारणबाट उत्पन्न हुनसक्ने रोग फैलिन नदिन जनचेतना अभिवृद्धि गर्ने र रोग फैलिएमा नियन्त्रण र रोकथामको व्यवस्था गर्ने । | विशेषप्रकारका महामारी फैलिनबाट नियन्त्रण भई स्वस्थ प्रदेशको निर्माणमा योगदान पुगेको हुनेछ । | निरन्तर | • सामाजिक विकास मन्त्रालय | • विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार<br>• नेपाल रेडक्रस<br>• समुदाय |

### ५.१.३ प्राथमिकता प्राप्त कार्य ३: अन्तरनिकाय समन्वय संयन्त्रको विकास

प्रदेशले प्रकोपका उत्पत्ति, प्रकार, बारम्बारता र प्रभाव क्षेत्रलाई आधार मानेर विपद् जोखिम न्यूनीकरणका कार्यलाई प्रभावकारी बनाउन विभिन्न तहबीच प्रभावकारी समन्वयका निमित्त निम्न अनुसार काम गर्नेछः

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ३.१ | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यलाई परिणाममुखी र प्रभावकारी बनाउन प्रदेश मन्त्रालय, प्रदेशको राजधानी पोखरा महानगरपालिका, सुरक्षा निकाय, सञ्चार माध्यम, विकास साझेदार संस्था र निजी क्षेत्रसहित सरोकारवालाबीच समन्वय स्थापित गर्ने । | बहू सरोकारवाला निकायबीच नियमित समन्वय भएर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्य प्रभावकारी रूपमा कार्यान्वयन भएका हुनेछन् । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • विपद् व्यवस्थापन परिषद<br>• विपद् व्यवस्थापन कार्यकारी समिति<br>• सम्बन्धित निकायहरू |
| ३.२ | स्थानीय तह र प्रदेशका सीमा क्षेत्र र आसापास उत्पन्न हुने विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि प्रदेश र स्थानीय तहहरू, अन्तर-प्रदेश र अन्तर-स्थानीय तहहरूबीच समन्वय र सहकार्य संयन्त्रको विकास गर्ने । | सम्बन्धित प्रदेश र स्थानीय तहहरूबीच प्रभावकारी समन्वय भई विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा असपसी सहकार्य भएको हुनेछ । | निरन्तर | • मूख्य मन्त्रीको कार्यालय | • नेपाल सरकार<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• जिसस<br>• स्थानीय तह |
| ३.३ | सडक, ढल, बिजुली, सञ्चार खानेपानीलगायतका सबै भौतिक पूर्वाधारको निर्माणमा विपद् जोखिम न्यूनीकरणका कार्य सुनिश्चित गर्न सम्बन्धित निकाय र विकास | विकास निर्माणका प्रक्रियामा नै विपद् जोखिम न्यूनीकरण सुनिश्चित भई प्रदेश विपद् उत्थानशील र प्रतिफलमुखी | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • मूख्य मन्त्रीको कार्यालय<br>• स्थानीय तह<br>• विकास साझेदार संस्था |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | आयोजनाबीच प्रभावकारी समन्वय गर्ने । | समन्वय भएको हुनेछ । | | | |
| ३.४ | प्राकृतिक र मानवीय कारणबाट उत्पन्न हुने सङ्क्रामक रोगजन्य महामारीलगायतका सबै प्रकारका विपद् जोखिमबारे समुदायमा सूचना सम्प्रेषण गरी सचेतना अभिवृद्धि सरकारी निकाय, , सामुदायिक संगठनहरू, विकास साझेदार संस्था, राजनीतिक दल र तिनका भातृ सङ्गठनहरूबीच सहकार्य संयन्त्र विकास गर्ने। | स्थानीय तथा विश्वव्यापी सङ्क्रामक रोगजन्य महामारी नियन्त्रणलगायत सबै प्रकारका विपद्को सामनाका लागि सरोकारवालाबीच सहकार्य भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• सामाजिक विकास मन्त्रालय | • विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• सञ्चारमाध्यम<br>• निजी क्षेत्र<br>• विकास साझेदार संस्था<br>• नेपाल रेडक्रस सोसाइटी |
| ३.५ | विपद्को समयमा पोषण र खोपजस्ता अत्यावश्यक स्वास्थ्य कार्यक्रमको प्रवर्द्धन गर्ने । | सङ्क्रामक रोगजन्य महामारी नियन्त्रणलगायतमा सघाउ पुगेर महामारीको प्रवाह नियन्त्रण भएको हुनेछ । | निरन्तर | • सामाजिक विकास मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह<br>• रेडक्रस<br>• विकास साझेदार |
| | | | | • | • |

## ५.१.४ प्राथमिकता प्राप्त कार्य ४: क्षमता अभिवृद्धि

प्रकोपको प्रकार र प्रवृत्तिका आधारमा यसको जोखिम न्यूनीकरण र सामनाका लागि विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन गर्न विशिष्ट विज्ञ समूहसहितको मानव संसाधन र उपकरणको व्यवस्थाका लागि प्रदेशले निम्न कार्य गर्नेछः

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ४.१ | विपद् र जलवायुजन्य जोखिम न्यूनीकरण र खोज तथा उद्धार क्षमता विकासका लागि प्रशिक्षणको व्यवस्था गर्ने | विपद् र जलवायुजन्य जोखिम सम्बन्धी ज्ञान र सीप अभिवृद्धि भएर दक्ष जनशक्तिको विकास भएको हुनेछ । | मध्यकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • प्रदेश सरकार<br>• विषयगत मन्त्रालय<br>• सुरक्षा निकाय |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | । | | | | • नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ४.२ | विकासका विषयगत योजना तयारी र कार्यान्वयनमा विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण मूलप्रवाहीकरण गर्न सक्षम मानव स्रोत विकास गर्ने। | विकासका विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरणका लागि प्रदेश र स्थानीय तहमा समेत दक्ष जनशक्ति तयार भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• अन्य विषयगत मन्त्रालयहरू | • स्थानीय तह<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ४.३ | प्रदेशमा हुने विपद्को प्रकार, प्रकृति, आवृत्तिका आधारमा स्थानीय स्तरमा प्रशिक्षक र प्रशिक्षण मार्गदर्शन र सामग्री उत्पादन गर्ने । | विपद् र जलवायुजन्य जोखिम न्यूनीकरणमा प्रशिक्षण सामग्री उत्पादन भएर दक्ष जनशक्ति उत्पादनमा योगदान पुगेको हुनेछ । | अल्पकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • विषयगत मन्त्रालय<br>• सुरक्षा निकाय<br>• प्राज्ञिक संस्था<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ४.४ | सङ्क्रमणका रूपमा फैलिने स्थानीय तथा विश्वव्यापी महामारीको सामनाका लागि प्रदेश र स्थानीय तहमा समेत दक्ष जनशक्तिको विकास र संस्थागत सुधार गर्ने । | आकस्मिक रूपमा उत्पन्न हुने र फैलिनसक्ने सबै प्रकारका महामारीको सामना गर्न प्रदेश सरकार सक्षम भएको हुनेछ । | निरन्तर | • सामाजिक विकास मन्त्रालय | • प्रदेश सरकार<br>• विषयगत मन्त्रालयहरू<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था<br>• निजी क्षेत्र |
| ४.५ | समुदायमा आधारित समूहहरूलाई विपद् जोखिम न्यूनीकरणका लागि क्षमता अभिवृद्धिका कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने । | सबै स्थानीय तहका सङ्कटासन्न समूहहरूको विपद् जोखिम न्यूनीकरण र विपद् सामना क्षमता सुदृढ भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • विषयगत मन्त्रालय<br>• सुरक्षा निकाय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ४.६ | विद्यालय सुरक्षा सुनिश्चित गरी शिक्षा मानव स्रोत | प्रदेशका सबै शिक्षालयमा विपद् | मध्यकालीन | • सामाजिक विकास | • आन्तरिक मामिला तथा |

| क्रसं. | प्राथमिकता प्राप्त कार्ययोजना | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | केन्द्रबाट स्वीकृत मार्गदर्शन अनुसार विद्यालय स्तरीय विपद् जोखिम न्यूनीकरणका लागि दक्ष जनशक्ति विकास गर्ने । | जोखिम न्यूनीकरणका लागि दक्ष जनशक्तिको विकास भएको हुनेछ। | | मन्त्रालय | कानून मन्त्रालय<br>• स्थानीय तह<br>• सुरक्षा निकाय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ४.७ | खोज तथा उद्धारमा संलग्न हुने सुरक्षा निकाय, स्वयंसेवक, समुदायमा आधारित संस्थाहरूको खोज तथा उद्धार क्षमता विकास गर्ने । | खोज, उद्धार र मानवीय सहयोगमा परिचालनका लागि स्थानीय तहमा जनशक्तिको विकास भएको हुनेछ । | दीर्घकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• सामाजिक विकास मन्त्रालय | • सुरक्षा निकायहरू<br>• स्थानीय तह<br>• जिसस<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ४.८ | विपद्को जोखिममा रहेका महिला, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति र बालबालिकामा विपद्का समयमा जीवन रक्षासम्बन्धी सीप र दक्षता विकास गर्ने । | विपद्को जोखिममा रहेका विशिष्ट वर्गमा विपद् जोखिम न्यूनीकरण र विपद्का समयमा जीवनरक्षा सम्बन्धी ज्ञानका कारण मानवीय क्षति न्यून भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• सामाजिक विकास मन्त्रालय | • सुरक्षा निकायहरू<br>• स्थानीय तह<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |

## ५.२. प्राथमिकता प्राप्त क्षेत्र २: विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण

विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि समयानुकूल नीति, नियम र आवश्यक मार्गदर्शन तथा कार्यविवरण निर्माण आवश्यक हुन्छ । यसका साथै नीति-नियमअनुसार कार्य गर्न प्रतिबद्ध निकाय, मानव संसाधन र आर्थिक स्रोतको पनि जरुरी हुन्छ । त्यसैगरी, विपद् जोखिम शासकीय पद्धतिले विपद् जोखिम न्यूनीकरणमा तथा व्यवस्थापनमा आम मानिसको सहभागिता पनि शुनिश्चत गर्दछ । अत: विपद् जोखिम सुशासनलाई सुदृढ बनाएर सुरक्षित र उत्थानशील प्रदेशको विकासका लागि यस प्राथमिकता प्राप्त क्षेत्रअन्तरगत तीनवटा प्राथमिकता प्राप्त कार्य निर्धारण गरी निम्नअनुसार कार्ययोजना तयार गरिएको छ:

### ५.२.१ प्राथमिकता प्राप्त कार्य ५: समयानुकूल नीतिगत व्यवस्था

प्रदेश सरकारद्वारा तयार विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि निम्नअनुसार नीतिगत व्यवस्था गरिनेछ:

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ५.१ | विपद् जोखिम न्यूनीकरण तथा विशेष प्रकृतिका स्थानीय र विश्वव्यापी सङ्क्रामक रोग एवं महामारी नियन्त्रण तथा व्यवस्थापनका लागि आवश्यक ऐन र नियमावली निर्माण गर्ने । | प्रदेश सभाबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक प्रकृतिका ऐन तथा नियम स्वीकृत भएको हुनेछ । | अल्पकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• विषयगत मन्त्रालय | • प्रदेश सभा<br>• प्रदेश मन्त्री परिषद<br>• विपद् व्यवस्थापन परिषद<br>• विपद् व्यवस्थापन कार्यकारी समिति<br>• |
| ५.२ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक नियम बनाउने । | मन्त्री परिषदबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि बनेको नियम स्वीकृत भएको हुनेछ । | अल्पकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • प्रदेश मन्त्री परिषद<br>• विपद् व्यवस्थापन परिषद<br>• विपद् व्यवस्थापन कार्यकारी समिति<br>• प्रदेश सभा |
| ५.३ | विषयगत विकासमा विपद् जोखिम न्यूनीकरण मूलप्रवाहीकरण गर्न सम्बन्धित क्षेत्रका नीति, ऐन, नियम र कार्यविधिमा समावेश | विकासका सबै विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरण मूलप्रवाहीकरण | मध्यकालीन | • विषयगत मन्त्रालय | • प्रदेश सभा<br>• प्रदेश मन्त्री परिषद<br>• आन्तरिक मामिला तथा कानून |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | गर्ने । | भएको हुनेछ। | | | |
| ५.४ | यस कार्ययोजनाको कार्यान्वयन र स्थापना वा सुधार भएको निकायको सञ्चालनका लागि आवश्यक मार्गदर्शन, निर्देशिका र कार्यविधिहरू तयार गर्ने। | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्य स्वस्फूर्त रुपमा कार्यान्वयन भएका हुनेछन् । | अल्पकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • मूख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय<br>• प्रदेश विपद् व्यवस्थापन परिषद<br>• प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति<br>• विषयगत मन्त्रालय<br>• स्थानीय तह |

### ५.२.२ प्राथमिकता प्राप्त कार्य ६: संस्थागत विकास एवं सुदृढीकरण

यस विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश सरकारले निम्नअनुसार संस्थागत व्यवस्था गर्नेछ:

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ६.१ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई प्रभावकारी र परिणाममुखी बनाउन स्थानीय तथा विश्वव्यापी सङ्क्रामक रोगजन्य महामारीसमेत विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन उपयुक्त निकायको स्थापना गर्ने | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको कार्य संस्थागत रूपमा सुदृढ र सबल भएको हुनेछ। | मध्यकालीन | • विपद् व्यवस्थापन परिषद | • प्रदेश मन्त्री परिषद<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ६.२ | प्रदेश र सबै स्थानीय तहमा आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना गरी केन्द्रीय आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग सञ्जालीकरण गर्ने। | आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापनाले विपद् व्यवस्थापन सुदृढ भएको हुनेछ । | मध्यकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • प्रदेश विपद् व्यवस्थापन परिषद<br>• केन्द्रीय आपत्कालीन कार्यसञ्चालन केन्द्र<br>• विकास साझेदार संस्था |
| ६.३ | प्रदेशका सबै मन्त्रालय र मातहतका निकायमा विपद् | प्रदेशका सबै निकायमा विपद् | मध्यकालीन | • मन्त्री परिषद | • आन्तरिक मामिला तथा कानून |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | जोखिम व्यवस्थापन शाखा वा इकाईको स्थापना गर्ने। | जोखिम न्यूनीकरणका लागि जिम्मेवारी निर्धारण भएको हुनेछ । | | | मन्त्रालय<br>• विषयगत मन्त्रालय |
| ६.४ | प्रदेश र स्थानीय तहमा विपद् व्यवस्थापन समितिको रेखदेखमा उपयुक्त संस्थागत व्यवस्था गर्ने । | तहगत समिति र संस्थागत स्वरुप तयार भएर कार्य प्रारम्भ भएको हुनेछ । | मध्यकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • विषयगत मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ६.५ | प्रदेश सरकार, स्थानीय तह र सरोकारवालाहरू अर्थात् सार्वजनिक तथा निजी क्षेत्रहरूको भूमिका र जिम्मेवारी निर्धारण गर्ने । | प्रदेश सरकार मातहतका निकाय र सरोकारवालाको कार्यजिम्मेवारी स्पष्ट भएको हुनेछ। | अल्पकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • प्रदेश मन्त्री परिषद<br>• सरोकारवाला मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था<br>• निजी क्षेत्र<br>• सञ्चारमाध्यम |
| ६.६ | विपद् जोखिम व्यवस्थापनलाई सुनिश्चित गर्न विषेशज्ञ तथा नागरिक समाज को समेत सहभागिता रहेको अनुगमन इकाई गठन गर्ने । | विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा भएका कार्यको अनुगमन भई सुधारका क्षेत्र पहिचान भएको हुनेछ। | अल्पकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • प्रदेश मन्त्री परिषद<br>• सरोकारवाला मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था<br>• निजी क्षेत्र<br>• सञ्चारमाध्यम |
| ६.७ | नागरिक प्रतिनिधिको समेत सहभागितामा प्रदेश सडक सुरक्षा सुशासन इकाई गठन गर्ने । | प्रदेशमा सडक दुर्घटना न्यूनीकरणका क्षेत्रमा सुधार भएको हुनेछ । | अल्पकालीन | • भौतिक पूर्वाधार विकास मन्त्रालय | • प्रदेश विपद् व्यवस्थापन परिषद<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ६.८ | स्थानीय तथा विश्वव्यापी सङ्क्रामक कीटजन्य | सबै प्रकारका सङ्क्राम रोगजन्य | मध्यकालीन | • सामाजिक विकास | • आन्तरिक मामिला तथा कानून |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | रोगको महामारीसहित अन्य विपद्का समयमा स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन प्रदेशमा स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना गर्ने । | महामारी र विपद्का कारण वा अन्य कारणबाट स्वास्थ्य समस्या उत्पन्न भएको अवस्थामा स्वास्थ्य सेवा प्रभावकारी भएको हुनेछ । | | मन्त्रालय | मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |

## ५.२.३ प्राथमिकता प्राप्त कार्य ७: सामाजिक समावेशीकरणको सुनिश्चितता

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यमा समाजका सबै वर्गको समानुपातिक सहभागिता सुनिश्चित गर्न निम्नअनुसार कार्य गरिनेछ:

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ७.१ | विपद् जोखिम व्यवस्थापनका कार्यमा लैङ्गिक तथा सामाजिक समावेशी पद्धति कार्यान्वयनमा ल्याउने । | विपद् जोखिम व्यवस्थापनका कार्य लैङ्गिक मैत्री तथा समावेशी भएर सबै वर्ग विपदबाट उत्थानशील भएका हुनेछन् । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• सामाजिक विकास मन्त्रालय | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• नेपाल रेडक्रस सोसाइटी<br>• नजी क्षेत्र<br>• सञ्चारमाध्यम<br>• विकास साझेदार संस्था |
| ७.२ | विपद्को सङ्कटासन्नता र जोखिममा रहेका समूहलाई विपद् व्यवस्थापनका सबै चरणमा अर्थपूर्ण सहभागिता गराई उनीहरूको सशक्तिकरण र साझेदारीको प्रवर्द्धन गर्ने। | समाजका सबै तह, तप्का र वर्गका नागरिक विपद् जोखिम व्यवस्थापनका कार्यमा सक्रिय भएर उत्थानशीलता अभिवृद्धिमा सहभागी भएका हुनेछन् | निरन्तर | • सामाजिक विकास मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय | • विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• जिल्ला विपद् व्यवस्थापन समिति<br>• नागरिक समूह<br>• नेपाल रेडक्रस सोसाइटी<br>• निजी क्षेत्र<br>• सञ्चारमाध्यम<br>• विकास साझेदार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | | | | | संस्था |
| ७.३ | समाजका सीमान्तीकृत समूह, महिला, अपाङ्ग, बालबालिका तथा वृद्धवृद्धाहरू र अति सङ्कटासन्न समूहहरूका लागि प्राथमिकताका आधारमा विपद् जोखिम न्यूनीकरणका विशेष कार्यक्रम सञ्चालन गर्ने । | सीमान्तीकृत समूहमा विपद् जोखिम व्यवस्थापनका कार्य सञ्चालन भएर जीवन रक्षा र जीविकोपार्जनमा सुधार भएको हुनेछ। | निरन्तर | • सामाजिक विकास मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय | • विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• नागरिक समूह<br>• नजी क्षेत्र<br>• सञ्चारमाध्यम<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ७.४ | स्थानीय तथा विश्वव्यापी महामारीको सम्भावित सङ्क्रमणको जोखिम न्यूनीकरणका सन्दर्भमा उच्च जोखिममा रहेका वर्गका लागि विशेष व्यवस्था गर्ने । | विभिन्न तहका महामारीको सङ्क्रमणबाट उच्च जोखिममा रहेका र सबै मानिस सुरक्षित रहेका हुनेछन् । | निरन्तर | • सामाजिक विकास मन्त्रालय | • विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• नागरिक समूह<br>• नजी क्षेत्र<br>• सञ्चारमाध्यम<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |

## ५.३. प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरणका लागि लगानी अभिवृद्धि

विपद् जोखिम न्यूनीकरणको कार्यलाई प्रभावकारी र प्रतिफलमुखी बनाउन विकासका सबै विषयगत क्षेत्रमा लगानी बढाउनु जरुरी हुन्छ । यस प्रयासमा सरकारी र सार्वजनिक लगानी बढाउने, विकास साझेदार संस्थाहरूका कार्यक्रममा विपद् जोखिम न्यूनीकरण सुनिश्चित गर्ने, निजी क्षेत्रको लगानीलाई मूलप्रवाहीकरण गर्ने र विपद् जोखिम हस्तान्तरण विधिलाई विस्तार गर्ने कार्य गरिनेछ । यसका निमित्त देहायअनुसार चारवटा प्राथमिकता प्राप्त कार्य गरिनेछ:

### ५.३.१ प्राथमिकता प्राप्त कार्य ८: विपद् जोखिम न्यूनीकरणमा सरकारी र सार्वजनिक लगानी अभिवृद्धि

विपद् जोखिम न्यूनीकरणका निमित्त सरकारी र सार्वजनिक लगानी बृद्धि गर्न निम्नअनुसार कार्य गरिनेछ:

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ८.१ | सरकारी, सार्वजनिक भवन, विद्यालय, सडक, पुल, कलभर्ट, खानेपानीका पूर्वाधार, विद्युत् वितरण, सञ्चारका साधनलगायतका भौतिक पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रम तर्जुमा, डिजाइन र निर्माण गर्दा जोखिम न्यूनीकरणका लागि आवश्यक बजेटको व्यवस्था गर्ने । | प्रदेश सरकार र स्थानीय तहबाट हुने लगानीमा निर्माण हुने सबै प्रकारका भौतिक पूर्वाधार र संरचना विपद् उत्थानशील भएका हुनेछन् । | निरन्तर | • भौतिक पूर्वाधार मन्त्रालय<br>• आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• स्थानीय तह | • विषयगत मन्त्रालयहरू<br>• स्थानीय तह<br>• प्रदेश नीति तथा योजना आयोग<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ८.२ | जोखिमयुक्त अवस्थामा रहेका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानी, सरकारी तथा सार्वजनिक भवनहरू, ऐतिहासिक सम्पदा र सांस्कृतिक धरोहरहरू, पर्यटन, जलविद्युत् गृहलगायतका पूर्वाधारको | कमजोर भौतिक संरचनाको प्रबलीकरण भई विपदबाट हुने क्षति तथा नोक्सानी न्यून हुने भएर आधारभूत सेवा प्रवाह अवरोध मुक्त भएका हुनेछन्। | मध्यकालीन | भौतिक पूर्वाधार मन्त्रालय | • नेपाल सरकार<br>• प्रदेश नीति तथा योजना आयोग<br>• आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• विषयगत मन्त्रालयहरू<br>• स्थानीय तह |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | प्रबलीकरणमा लगानी बढाउने । | | | | • नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ८.४ | पर्यटकीय क्षेत्रमा निर्माण हुने पूर्वाधार तथा पदमार्गलाई विपद् जोखिमरहित बनाउन लगानी अभिवृद्धि गर्ने । | पर्यटकीय क्षेत्र र पदमार्ग विपद्को जोखिमबाट उत्थानशील भई पर्यटन प्रवर्द्धनमा योगदान मिलेको हुनेछ । | मध्यकालीन | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | • प्रदेश सरकारका अन्य सम्बन्धित मन्त्रालयहरू<br>• प्रदेश नीति तथा योजना आयोग<br>• पर्यटन व्यवसायी<br>• विकास साझेदार संस्था |
| ८.५ | शिक्षालयहरूको संरचनागत तथा गैरसंरचनात्मक जोखिम न्यूनीकरणका कार्य पूरागर्ने । | विद्यालयमा रहेको विपद् जोखिम न्यूनीकरण भएर गुणस्तरीय सिकाइ वातावरण सुनिश्चित भएको हुनेछ । | दीर्घकालीन | • सामाजिक विकास मन्त्रालय<br>• स्थानीय तह<br>• विद्यालय व्यवस्थापन समिति | • प्रदेश सरकार<br>• आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• प्रदेश नीति तथा योजना आयोग<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ८.६ | प्रदेश र स्थानीय तहमा स्वास्थ्य सेवालाई प्रभावकारी र सुदृढ बनाउन अस्पताल, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, उपस्वास्थ्य चौकी भेटेरिनरी अस्पताल स्थापना तथा संरचनात्मक र गैरसंरचनात्मक सुदृढीकरण र उपकरणमा लगानी अभिवृद्धि गरी स्थानीय तथा विश्वव्यापी सङ्क्रामक रोगजन्य | प्रदेश र स्थानीय तहमा रहेका वा स्थापना हुने स्वास्थ्यसेवा प्रदायक संस्थाहरू विपद् उत्थानशील भएर निर्वाध सेवा प्रदान गर्न सक्षम भएका हुनेछन् । | मध्यकालीन | • सामाजिक विकास मन्त्रालय<br>• भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय<br>• स्थानीय तह | • प्रदेश सरकार<br>• आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• प्रदेश नीति तथा योजना आयोग<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | महामारीको समेत सामना गर्ने व्यवस्था सहितको सेवा प्रदान गर्ने स्वास्थ्य सेवाको प्रवर्द्धन गर्ने । | | | | |
| ८.७ | सडक निर्माणका क्रममा नै सम्भावित दुर्घटना न्यूनीकरणका उपाय अवलम्बन गर्ने र सडकको उपयोगबारे चेतना अभिवृद्धि गरी सडक सुशासन सुनिश्चित गर्न लगानी बढाउने । | प्रदेशभित्र निर्माण हुने सडकहरू सुरक्षित तथा सडकको उपयोगबारे नागरिक सुसूचित भई उत्थानशीलता अभिवृद्धि भएका हुनेछन् । | निरन्तर | • भौतिक पूर्वाधार विकास मन्त्रालय | • मूख्य मन्त्रीको कार्यालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• प्रदेश ट्राफिक प्रहरी<br>• स्थानीय तह |
| ८.८ | मुख्य, सहायक राजमार्ग र भित्री मार्गहरूको आपत्कालीन रणनीतिक महत्व पहिचान गरी तिनको प्रबलीकरण गर्ने । | जोखिममा रहेका भित्री वा वैकल्पिक सडकहरू सुरक्षित भएका हुनेछन् । | दीर्घकालीन | • भौतिक पूर्वाधार विकास मन्त्रालय | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• प्रदेश नीति तथा योजना आयोग<br>• स्थानीय तह<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ८.९ | कृषि सूचना प्रणालीको विकास गरी कृषि क्षेत्रमा विपद् जोखिम न्यूनीकरण गर्न लगानी बढाउने। | विपद् र जलवायु परिवर्तनबाट कृषिमा पर्ने प्रभाव न्यून भएको हुनेछ । | दीर्घकालीन | • भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• मौसम विज्ञान विभाग<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास सझेदार संस्था |
| ८.१० | विकासका विषयगत क्षेत्रका योजना तर्जुमा तथा कार्यान्वयनमा जोखिम न्यूनीकरणका | विकासका विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरण भएर विपद् | मध्यकालीन | • प्रदेश नीति तथा योजना आयोग<br>• मूख्य | • नेपाल सरकार<br>• विषयगत मन्त्रालय<br>• निजी क्षेत्र<br>• नेपाल रेडक्रस |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | लागि लगानी बढाउने । | उत्थानशील प्रदेशको विकास भएको हुनेछ। | | मन्त्रीको कार्यालय<br>• स्थानीय तह | सोसाइटी<br>• विकास साझेदार संस्था |
| ८.११ | विपद् जोखिम क्षेत्रमा सामाजिक सुरक्षा, आधारभूत स्वास्थ्य, प्रजनन् स्वास्थ्य, बाल स्वास्थ्य, खोप, किशोर किशोरीको स्वास्थ्य र पोषण सुधारमा विशेष ध्यान दिने । | सामाजिक विकासमा हुने लगानीका कारण विभिन्न जोखिम न्यून भई समाज उत्थानशील भएको हुनेछ । | मध्यकालीन | • सामाजिक विकास मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार संस्था<br>• नेपाल रेडक्रस सोसाइटी । |
| ८.१२ | सरकारी कार्यालय, सामुदायिक भवन, विद्यालय, अस्पताल र आश्रयस्थलहरू बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्ग मैत्री बनाउने | भौतिक पूर्वाधार अपाङ्ग तथा वृद्ध-वृद्धा मैत्री भएका हुनेछन् । | निरन्तर | • भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• स्थानीय तह | • सामाजिक विकास मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• विकास साझेदार संस्था । |
| ८.१३ | जोखिमयुक्त निजी आवास, होटेल, सपिङ्ग मल, व्यवसायिक तथा औद्योगिक भवनहरू प्रबलीकरणको लागि कम ब्याज दरमा ऋण, कर छुट वा अनुदान आदिद्वारा प्रोत्साहन गर्ने । | कर र व्याजमा छुट भएर उद्योगी, व्यवसायी र आम समुदायमा पुराना भौतिक पूर्वाधारमा रहेको जोखिम न्यूनीकरण भएको हुनेछ । | मध्यकालीन | • आर्थिक मामिला तथा योजना मन्त्रालय | • प्रदेश सरकारका मन्त्रालयहरू<br>• स्थानीय तह<br>• नीजी क्षेत्र |
| ८.१४ | सार्वजनिक तथा निजी क्षेत्रको विकास कार्यक्रम तथा योजनामा विपद् जोखिम न्यूनीकरणका लागि कूल बजेटको निश्चित प्रतिशत बजेट | नियमित विकास योजनाबाहेक विपद् व्यवस्थापनका थप क्रियाकलाप सञ्चालन भएर उत्थानशीलता | निरन्तर | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• स्थानीय तह | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• अन्य विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार संस्था |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | विनियोजन गरी साझेदारी विकास गर्ने। | विकास भएको हुनेछ । | | | |
| ८.१५ | प्रदेश तथा स्थानीय तहहरूले विपद् जोखिम न्यूनीकरणका कार्यक्रम तथा बजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी, लैङ्गिक परीक्षण र जोखिममा रहेका समुदाय लक्षित हुनेगरी बजेट तयार गर्ने । | विपद् जोखिम व्यवस्थापनका कार्यक्रममा सामाजिक तथा आर्थिक रूपमा पछाडि पारिएका वर्गको सहज पहूँच भएको हुनेछ । | निरन्तर | • सामाजिक विकास मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार संस्था |
| ८.१६ | विपद्पछि मानवीय सहयोग परिचालन, शीघ्र पुनर्लाभ तथा पुनःस्थापनाका कार्यलाई सुचारु गर्न विकास बजेटबाट उपयोग गर्ने व्यवस्थालाई सहज बनाउन बजेट रकमान्तरको प्रक्रियालाई सरलीकृत गर्ने । | विपद् जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालनका लागि बजेटको पर्याप्त व्यवस्था भएको हुनेछ । | निरन्तर | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• स्थानीय तह | • मूख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ८.१७ | सार्वजनिक र निजी साझेदारीमा स्थानीय, राष्ट्रिय तथा विश्वव्यापी सङ्क्रामक वा महामारीको नियन्त्रण, उपचार र व्यवस्थापनका कार्य सुनिश्चित गर्नेगरी | उत्थानशील स्वास्थ्य सेवाको विकास भएको हुनेछ । | निरन्तर | • सामाजिक विकास मन्त्रालय | • प्रदेश सरकार<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | लगानी बढाउने । | | | | संस्था |

## ५.३.२ प्राथमिकता प्राप्त कार्य ९: विपद् जोखिम न्यूनीकरणमा निजी लगानी प्रवर्द्धन

विपद् जोखिम न्यूनीकरणमा निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्न प्रदेश सरकारले रणनीतिक रूपमा निम्नअनुसार कार्य गर्नेछ:

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ९.१ | व्यापार केन्द्र, औद्योगिक प्रतिष्ठान, कलकारखाना स्थापनास्थलको छनोट, निर्माण र सञ्चालन निश्चित मापदण्डका आधारमा गर्ने नीतिगत व्यवस्था गरी त्यसका लागि निजी लगानी प्रवर्द्धन गर्ने । | सञ्चालित र भविष्यमा स्थापना हुने उद्योग, व्यापारिक भवन र कल कारखाना र त्यसमा काम गर्ने कर्मचारी तथा मजदुर सुरक्षित भएका हुनेछन् । | मध्यकालीन | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• विषयगत मन्त्रालय<br>• निजी क्षेत्र<br>• स्थानीय तह<br>• सञ्चार माध्यम |
| ९.२ | साना व्यापार तथा उद्योगहरूलाई विपद्पछि तत्कालै व्यवसाय सञ्चालनका लागि व्यवसाय निरन्तरता योजना तयार र कार्यान्वयन गर्न प्रोत्साहन गर्ने। | निजी तथा सार्वजनिक क्षेत्रका सबै निकाय र व्यवसायिक प्रतिष्ठान विपद्पछि पनि निरन्तर सञ्चालन भएका हुनेछन् । | मध्यकालीन | • सम्बन्धित निकाय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय र प्रदेश सरकारका सबै मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ९.३ | विपद् जोखिम न्यूनीकरण गतिविधिहरूमा निजी क्षेत्रको स्रोत परिचालनलाई विभिन्न विधिद्वारा प्रोत्साहनको व्यवस्था गर्ने । | निजी तथा सार्वजनिक क्षेत्रबाट आवश्यक पर्ने स्रोत परिचालन भएको हुनेछ । | निरन्तर | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• स्थानीय तह | • मूख्यमन्त्रीको कार्यालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• सरोकारवाला निकाय |

| | | | | | |
|---|---|---|---|---|---|
| ९.४ | विपद् जोखिम न्यूनीकरणका लागि वैकल्पिक तथा सृजनशील आर्थिक साधनहरू जस्तै जोखिम पूर्वानुमान र संवेदनशीलतामा आधारित लगानी, साना लगानी, लघु ऋण, बिमा, पुनर्बीमा आदिको विकास तथा प्रवर्द्धन गर्ने । | जोखिम न्यूनीकरणका क्षेत्रमा वैकल्पिक तथा सृजनशील आर्थिक साधनहरू उपयोग भएका हुनेछन् । | मध्यकालीन | • सामाजिक विकास मन्त्रालय | • स्थानीय तह<br>• अनुसन्धान तथा प्राज्ञिक निकाय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ९.५ | विपद् प्रभावित व्यक्ति तथा समुदायहरूलाई लघुवित्त सुविधा, निर्व्याजी ऋण, शसर्त नगद हस्तान्तरण आदिको व्यवस्था गर्न आवश्यक कार्यविधि तयार गरी लागू गर्ने । | विपद् प्रभावित समुदायले लघुवित्त, ऋणलगायतमा सुविधा प्राप्त गरी आर्थिक क्रियाकलाप वृद्धि भएको हुनेछ । | निरन्तर | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• स्थानीय तह | • अनुसन्धान तथा प्राज्ञिक निकाय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ९.६ | विपद् जोखिम हस्तान्तरणका विधि अवलम्बन गर्न आवश्यक कार्यविधि तयार गरी जोखिम हस्तान्तरण विधिमा निजी लगानीलाई प्रोत्साहित गर्ने । | सिमान्तीकृत वर्गमा जोखिम हस्तान्तरणको अभ्यास बढ्नेछ र उत्थानशीलता अभिवृद्धि भएको हुनेछ | दीर्घकालीन | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• स्थानीय तह | • सामाजिक विकास मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास सझेदार<br>• निजी क्षेत्र |

### ५.३.३ प्राथमिकता प्राप्त कार्य १०: जोखिम हस्तान्तरण पद्धतिको विकास र प्रवर्द्धन

विपद् जोखिम न्यूनीकरणका कार्यका साथै विपदबाट क्षति भएको मानिसको सम्पत्तिको पुनर्प्राप्ति सुनिश्चित गराउन निम्न अनुसार जोखिम हस्तान्तरणका कार्य गरिनेछः

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १०.१ | महामारीलगायतका विपद्को उच्च जोखिममा रहेको व्यक्ति, परिवार र समूह तथा विपद् जोखिम व्यवस्थापनमा कार्यरत वा संलग्न कर्मचारी वा स्वयंसेवकको दुर्घटना र जीवन बिमाको सुनिश्चित गर्ने। | विपदमा आधारित व्यक्तिगत दुर्घटना र जीवन बिमामा वृद्धि भएर आर्थिक व्यवस्थापन सुनिश्चित भएको हुनेछ । | निरन्तर | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• स्थानीय तह | • सामाजिक विकास मन्त्रालय<br>• विषयगत मन्त्रालय<br>• विकास साझेदार संस्था<br>• बिमा कम्पनीहरू<br>• निजी क्षेत्र |
| १०.२ | कृषि तथा पशु बिमामा जोखिम हिस्सेदारीको विद्यमान अभ्यासको समीक्षा गरी कृषिमा बढ्दो विपद् खाद्य असुरक्षाका चुनौतिलाई समेत सम्बोधन गरी अनुदानसहित बिमाको प्रवर्द्धन गर्ने । | कृषि तथा पशुसेवा क्षेत्रमा बिमा क्षेत्र विपद् उत्थानशील विकास भएको हुनेछ | निरन्तर | • भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय<br>• आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• स्थानीय तह | • सामाजिक विकास मन्त्रालय<br>• विकास साझेदार संस्था<br>• बिमा कम्पनीहरू<br>• निजी क्षेत्र |
| १०.३ | समुदायमा आधारित, बाली तथा पशुपन्छी बिमा, कृषक आरक्षित कोषको व्यवस्था गरी सिमान्तीकृत र भूमिहीन वर्ग वा गरीबीको रेखा मुनीका परिवारको बिमालाई अनुदानमा आधारित बनाएर स्वतः बिमा लाभग्राही हुने व्यवस्था गर्ने । | समुदायमा विपदबाट भएको क्षति पूर्ति भएर समुदायको आर्थिक विकासमा योगदान मिलेको हुनेछ । | निरन्तर | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • प्रदेश नीति तथा योजना आयोग<br>• बिमा कम्पनीहरू<br>• निजी क्षेत्र<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| १०.४ | विपद् जोखिम हस्तान्तरणका अन्य प्रचलित विधि, विश्वमा चलेका प्रचलन र नवप्रवर्तनमुखी विधिको पहिचान गरी तिनको अभ्यास र प्रवर्द्धन गर्ने । | विपद् जोखिम हस्तान्तरणका नयाँ विधि प्रयोगमा आएर समुदायको विपद् उत्थानशीलता अभिवृद्धि भएको हुनेछ । | मध्यकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• बिमा कम्पनीहरू<br>• स्थानीय तह | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• प्रदेश नीति तथा योजना आयोग<br>• बिमा कम्पनीहरू<br>• निजी क्षेत्र<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| १०.५ | सार्वजनिक भवनहरू, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा महत्वपूर्ण पूर्वाधारहरू र निजी भवनहरू, उद्योग, व्यवसाय, कलकारखाना आदि सबै प्रकारका सम्पत्तिको बिमा गरी जोखिम हस्तान्तरणलाई अनिवार्य गराउने । | प्रदेशका सबै प्रकारका सम्पत्तिको विपद्जन्य जोखिम हस्तान्तरण भएर आर्थिक क्षतिको पूर्ति सुनिश्चित भएको हुनेछ । | मध्यकालीन | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• स्थानीय तह | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• बिमा कम्पनीहरू<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |

### ५.३.४ प्राथमिकता प्राप्त कार्य ११: सहकार्य र साझेदारीको प्रवर्द्धन

विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण गरी दिगो र भरपर्दो विकासको प्रवर्द्धनका लागि सरकार, सार्वजनिक निकाय, दातृ निकाय, गैरसरकारी संस्था वा विकास साझेदार संस्था र निजी क्षेत्रबीच सहकार्य प्रवर्द्धन गरिनेछ । यसका निमित्त निम्नअनुसार रणनीतिक कार्य गरिनेछ:

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ११.१ | विपद्को प्रकार, प्रकृति र प्रभावका आधारमा विशिष्ट कार्यक्रम तयार गरी समुदाय स्वयंलाई परिचालन गरेर विपद् जोखिम व्यवस्थापन कार्यक्रम सञ्चालन र प्रवर्द्धन गर्ने । | समुदायमा विपद् जोखिम न्यूनीकरणका लागि लगानी अभिवृद्धि भएको हुनेछ । | निरन्तर | • स्थानीय तह<br>• नागरिक र नागरिक समूह | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• अन्य सम्बन्धित मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ११.२ | विपद्को उच्च जोखिममा रहेका क्षेत्रका समुदायको विपद् जोखिम र क्षमता लेखाजोखा र जोखिम नक्साङ्कनमा लगानी बढाउने। | सबै समुदायको विपद् तथा जलवायु परिवर्तनसम्बन्धी जोखिम नक्साङ्कन भएको हुनेछ | निरन्तर | • स्थानीय तह<br>• परिवार र नागरिक समूह | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• अन्य सम्बन्धित मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| ११.३ | समुदायको प्रकृति, विपद्को प्रकार, प्रकृति, बारम्बारता र प्रभावका आधारमा जोखिम न्यूनीकरणका विधिसहित जनचेतना र क्षमता विकासका लागि लगानी सुनिश्चित गर्ने | विपद् जोखिम न्यूनीकरणमा लगानी र चेतना वृद्धि भएको हुनेछ । | निरन्तर | सामाजिक विकास मन्त्रालय स्थानीय तह | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• अन्य सम्बन्धित मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| ११.४ | प्रदेश तथा स्थानीय तहमा विपद् जोखिम न्यूनीकरणमा कार्यरत निकाय, रेडक्रस अभियान, समुदायमा आधारित समितिहरू र सामुदायिक संघ संस्थाहरूको सञ्जालीकरणलाई प्रोत्साहित गर्ने | विपद् जोखिम व्यवस्थापनका क्षेत्रमा प्रदेशमा कार्यरत गैरसरकारी संस्था, समुदायमा आधारित संघ संस्थाहरू बीच सहकार्य र साझेदारी विकास भएको हुनेछ । | निरन्तर | • सामाजिक विकास मन्त्रालय<br>• स्थानीय तह | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• जिसस<br>• जिविव्यस<br>• नेरेसो<br>• निजी क्षेत्र<br>• नागरिक समूह<br>• सञ्चारमाध्यम<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |

## ५.४. प्राथमिकता प्राप्त क्षेत्र ४: विपद् पूर्वतयारीको सुदृढीकरण

विपद्का कारण पर्ने प्रभावबाट मानिस र मानवीय सम्पत्ति तथा प्राकृतिक स्रोतको संरक्षणका लागि मौजुदा विपद् पूर्वतयारी तथा प्रतिकार्य पद्धतिलाई थप सुदृढ बनाउनु आवश्यक छ । यसका लागि प्रदेश सरकारले देहायका तीनवटा प्राथमिकता प्राप्त कार्य गर्नेछ:

### ५.४.१ प्राथमिकता प्राप्त कार्य १२: विपद् प्रतिकार्यका लागि सशक्त पूर्वतयारी

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १२.१ | विपद्को सामनाका लागि आवश्यक सूचना व्यवस्थापन, प्रभावकारी विपद् प्रतिकार्य तथा शीघ्र पूनर्लाभलाई परिणाममुखी बनाउन प्रदेशलगायत विषयगत क्षेत्र वा सरोकारवालाबीच समन्वय गर्न प्रदेश आपत्कालीन कार्यश्चालन केन्द्रको क्षमता विकास गर्ने । | विपद् प्रतिकार्य पद्धति संस्थागत भई एकद्वार प्रणालीमार्फत् घटना नियन्त्रण पद्धतिको विकास भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • नेपाल सरकार<br>• विपद् व्यवस्थापन परिषद<br>• विपद् व्यवस्थापन कार्यकारी समिति<br>• विषयगत मन्त्रालय<br>• सुरक्षा निकाय |
| १२.२ | आपत्कालीन समयमा खोज, उद्धार र राहत व्यवस्थापनका लागि प्रदेशमा विपद् प्रतिकार्य ढाँचा र प्रदेश र स्थानीय तहमा विषयगत क्षेत्र (Cluster) सहितको विपद् प्रतिकार्यका लागि पूर्वतयारी योजना निर्माण गर्ने। | प्रदेशको विपद् प्रतिकार्य समन्वयात्मक र प्रभावकारी भएको हुनेछ | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • मूख्यमन्त्रीको कार्यालय<br>• विषयगत मन्त्रालय<br>• विकास साझेदार<br>• जिल्ला विपद् व्यवस्थापन समिति |
| १२.३ | सबै जिल्लामा आपत्कालीन सामग्री भण्डारणका लागि भण्डारगृह स्थापना गरी विपद्को प्रकृति र जनसङ्ख्याका आधारमा सामग्री मौज्दात रख्ने । | प्रदेशमा आपत्कालीन समयमा आधारभूत सामग्रीको उपलब्धता सहज भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • नेपाल सरकार<br>• प्रदेशका अन्य मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास सझेदार |

| | | | | | |
|---|---|---|---|---|---|
| १२.४ | शहरी र ग्रामीण दुबै क्षेत्रमा खुला स्थानको पहिचान तथा व्यवस्थापन गरी आपत्कालीन समयमा उपयोग गर्न सकिनेगरी विकास गर्ने। | आपत्कालीन समयमा प्रभावित र घरबाट विस्थापितका लागि सुरक्षित आवासको सुनिश्चितता भएको हुनेछ । | निरन्तर | • भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• स्थानीय तह | • आन्तरिक मामिला तथा कानून मन्त्राल<br>• विषयगत मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| १२.५ | स्थानीय तथा विश्वव्यापी सङ्क्रमणजन्य महामारीलगायत विपद्को उच्च जोखिम रहेका क्षेत्र र घना बस्ती भएका सहरी क्षेत्रमा एकान्तवास, सघन उपचार केन्द्र, आपत्कालीन उपचार केन्द्र र ट्रमा सेण्टर स्थापना गर्ने । | आपत्कालीन अवस्थामा सबै मानिसले सहज रूपमा स्वास्थ्योपचार प्राप्त गरेका हुनेछन् । | निरन्तर | सामाजिक विकास मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• सुरक्षा निकाय<br>• स्थानीय तह<br>• निजी क्षेत्र<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| १२.६ | स्थानीय तथा विश्वव्यापी रूपमा फैलिनसक्ने सङ्क्रामक रोगजन्य महामारी वा प्याण्डामिकको रोकथाम र नियन्त्रणका लागि प्रत्येक स्वास्थ्य संस्थालाई उपलब्ध गराउन सकिने गरी स्वास्थ्य परीक्षण उपकरण सामग्रीका साथै स्वास्थ्य सुरक्षा सामग्री र औषधिको भण्डारण तथा वितरण व्यवस्था र मौज्दात सुनिश्चित गर्ने । | स्थानीय र विश्वव्यापी महामारी तथा सरुवा रोगको नियन्त्रण र उपचार सुनिश्चित भएको हुनेछ । | निरन्तर | सामाजिक विकास मन्त्रालय | • नेपाल सरकार<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• विषयगत मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| १२.७ | समुदायमा आधारित विपद् व्यवस्थापन समितिहरूलाई विपद्को सामना गर्नका लागि स्थान र विपद्को प्रकृतिको आधारमा तयारी अवस्थामा राख्ने । | विपद्का समयमा व्यक्ति, परिवार र समुदायको जीवन र सम्पत्तिको सुरक्षामा सबैको सक्रिय सहभागिता भएको हुनेछ। | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | • विषयगत मन्त्रालय<br>• सुरक्षा निकाय<br>• स्थानीय तह<br>• निजी क्षेत्र<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| १२.८ | दूरसञ्चार, विद्युत्, बैङ्क, उद्योग, कलकारखाना, शिक्षालय, अस्पताल र स्वास्थ्य केन्द्र लगायत निजी तथा सार्वजनिक क्षेत्रका अत्यावश्यक सेवा प्रदायक निकायको आपत्कालीन र व्यवसाय निरन्तरता योजना तयारीका लागि मार्गदर्शन गर्ने । | विपद्का समयमा समेत सार्वजनिक र निजी क्षेत्रको सेवा प्रवाह प्रभावकारी भएको हुनेछ । | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | • विषयगत मन्त्रालय<br>• सुरक्षा निकाय<br>• स्थानीय तह<br>• निजी क्षेत्र<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| १२.९ | आपत्कालीन समयमा उपयोग गर्न सकिनेगरी विमानस्थलहरूको सुधार, पूर्वतयारी र विमानस्थल निरन्तरता योजना तयार गर्ने। | आपत्कालीन समयमा विमानस्थल सुरक्षित रूपमा सञ्चालन भई मानवीय सहयोग परिचालन प्रभावकारी भएको हुनेछ । | निरन्तर | • नागरिक उड्डयन प्राधिकरण | • प्रदेश सरकार<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• भौतिक पूर्वाधार विकास मन्त्रालय |
| १२.१० | पर्यटकीय क्षेत्रमा आपत्कालीन पूर्वतयारी गरी सुरक्षित पदयात्रा, सूचना प्रणाली, सुरक्षा व्यवस्थाद्वारा खोज, उद्धारलाई प्रभावकारी बनाउने। | पर्यटन क्षेत्र सुरक्षित भएर पर्यटन प्रवर्द्धनमा अभिवृद्धि भएको हुनेछ । | निरन्तर | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• सुरक्षा निकाय<br>• स्थानीय तह<br>• निजी क्षेत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| १२.११ | स्थानीय तहका भण्डारण गृहहरूमा महिला, गर्भवती र स्तनपान गराराउने महिला, बालबालिका, जेष्ठ नागरिक वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति तथा बिरामीहरूका लागि आवश्यक पर्ने विशेष सामग्री, औषधि र उपकरण पर्याप्त मात्रामा भण्डारण गर्ने र ती सेवामा उनीहरूको पहुँच सुनिश्चित गर्ने । | विपद्का समयमा विशेष आवश्यकता भएका सबै वर्गले आफ्ना आवश्यकता बमोजिमको मानवीय सहयोग प्राप्त गरेका हुनेछन्। | निरन्तर | सामाजिक विकास मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• सुरक्षा निकाय<br>• स्थानीय तह<br>• निजी क्षेत्र<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| १२.१२ | सङ्क्रामक रोगजन्य महामारीलगायत सबै प्रकारका विपद्का कारण त्रासमा परेका वर्गलाई मनोसामाजिक सेवा प्रदान गर्ने विज्ञ वा सेवकको पूर्व बन्दोवस्त गर्ने | विपदबाट मानसिक सन्तुलन गुमाएका वा विक्षिप्त भएका व्यक्तिको जीवन सामान्य अवस्थामा आएको हुनेछ । | निरन्तर | सामाजिक विकास मन्त्रालय | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• स्थानीय तह<br>• स्वास्थ्य सेवा प्रदायक निकाय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |

### ५.४.२ प्राथमिकता प्राप्त कार्य १३: पूर्वसूचना प्रणालीको विकास र प्रवर्द्धन

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १३.१ | प्रमुख जलाधार क्षेत्रमा नेपाल सरकारसँग समेत सहयोग लिएर देशीय र अन्तरदेशीय पूर्वसूचना प्रणालीको विकास र विस्तार गर्ने । | प्रमुख नदीहरूमा आउने बाढीबारे मानिस समयमै सचेत भएका हुनेछन् । | अल्पकालीन | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• भौतिक पूर्वाधार मन्त्रालय | • मौसम विज्ञान विभाग<br>• आपत्कालीन कार्यसञ्चालन केन्द्र<br>• स्थानीय तह<br>• विकास साझेदार संस्था |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | | | | | |
| १३.२ | मौजुदा पूर्वसूचना प्रणालीमा स्थानीय तहको समेत सहभागीतामा एकीकृत लगानी व्यवस्थापन गरी समयानुकूल परिमार्जन गर्ने । | प्रमुख नदीहरूमा आउने बाढीबारे मानिस समयमै सचेत भएका हुनेछन् । | मध्यकालीन | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• भौतिक पूर्वाधार मन्त्रालय | • मौसम विज्ञान विभाग<br>• प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र<br>• सुरक्षा निकाय<br>• स्थानीय तह<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| १३.३ | अत्याधुनिक पूर्वसूचनामा पहुँच नभएका ग्रामीण क्षेत्रका समुदायका लागि समुदायमा आधारित पूर्वसूचना प्रणालीको प्रवर्द्धन गरी पहुँच कायम गराउने । | विपदबारेको सूचना समुदायले सहज माध्यमबाट प्राप्त गरी विपद्को समयमा जीवन र सम्पत्तिको रक्षा गर्न सफल भएका हुनेछन् । | निरन्तर | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• भौतिक पूर्वाधार मन्त्रालय | • मौसम विज्ञान विभाग<br>• प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र<br>• सुरक्षा निकाय<br>• स्थानीय तह<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| १३.४ | दूरसञ्चार सेवा प्रदायकसँग समन्वय गरी बहूविपद् पूर्वसूचना अवधारणा अनुसार नेपाली र स्थानीय भाषामा एसएमएस सन्देशका माध्यमबाट पूर्वसूचना प्रवाहलाई प्रभावकारी बनाउने । | नागरिक तहसम्म विपद्को पूर्वसूचना सम्प्रेषण भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र<br>• सुरक्षा निकाय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| १३.५ | बाढी, पहिरो, आगलागी, भूकम्प लगायतका विपद्को पूर्वतयारी र विपद् भइहालेमा कसरी सुरक्षित रहने भन्ने विषयका सन्देश तयार गरी सम्प्रेषण गर्ने । | बहूविपद्का सूचना र सन्देशमा एकरूपता आउने र नागरिकको बुझाइ समान भएर विपद्को सामना | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | • स्थानीय तह<br>• विकास साझेदार संस्था<br>• विपद् सञ्चारविज्ञ<br>• सञ्चारमाध्यम वा सञ्चारकर्मी |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | | क्षमता विकास भएको हुनेछ । | | | • निजी क्षेत्र |
| १३.६ | आपत्कालीन समयमा महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, सञ्चारसाधनबाट वञ्चित वा पूर्ण उपयोग गर्न नसक्ने व्यक्तिका लागि विशिष्ट प्रकारको सूचना सम्प्रेषण सामग्री निर्माण गर्ने । | समाजका सबै वर्ग विपद्को पूर्वसूचना प्राप्त गर्न सक्षम भएका हुनेछन् | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | • प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र मौसम विज्ञान विभाग<br>• सञ्चारकर्मी र सञ्चारमाध्यम<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था<br>• निजी क्षेत्र |
| १३.७ | सबै क्षेत्र र तहका सार्वजनिक तथा निजी भवन, विद्यालय, अस्पताल तथा महत्वपूर्ण पूर्वाधार, उद्योग तथा कलकारखाना, व्यापारिक केन्द्रमा विशिष्ट प्रकारका सूचना दिने उपकरण, धूवाँ-सूचक र आगलागी अलार्म अनिवार्य रूपमा जडान गर्ने । | सबै तह र निकायमा विपद्को सम्भावित सङकेत प्राप्त भएर मानवीय क्षति न्यून भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• सम्बन्धित निकाय | • प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र मौसम विज्ञान विभाग<br>• सञ्चारकर्मी र सञ्चारमाध्यम<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था<br>• निजी क्षेत्र |
| १३.८ | सबै प्रकारका मनसुनी गतिविधिको पूर्वानुमानका लागि निश्चित स्थानमा तत्काल हुनसक्ने मौसमी घटनाको पूर्वानुमान गर्ने प्रविधिको स्थापना गरी सबैले बुझ्ने भाषामा सम्प्रेषण गर्ने । | मौसमी गतिविधिबारे आम नागरिक समयमै सचेत भएका हुनेछन् । | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | • प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र<br>• मौसम विज्ञान विभाग<br>• सञ्चारकर्मी र सञ्चारमाध्यम<br>• विकास साझेदार संस्था<br>• निजी क्षेत्र |

### ५.४.३ प्राथमिकता प्राप्त कार्य १४: "अझ राम्रो र बलियो निर्माण" सहित पुनर्लाभ, पुनर्निर्माण र पुनःस्थापना

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १४.१ | सबै प्रकारका भौतिक पूर्वाधारको पुनर्निर्माण मापदण्ड तयार गर्ने । | विपद्पछिको पुनर्निर्माण जोखिमरहित भएको हुनेछ । | दीर्घकालीन | भौतिक पूर्वाधार तथा विकास मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार संस्था |
| १४.२ | विपद् प्रभावित परिवारको पुनर्वास निर्देशिका तयार गर्ने। | विपद्पछिको पुन:स्थापना सुरक्षित भएको हुनेछ । | अल्पकालीन | • आन्तरिक मामिला तथा कानून मन्त्रालय | • भौतिक पूर्वाधार तथा विकास मन्त्रालय<br>• स्थानीय तह<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| १४.३ | सङ्क्रामक रोगजन्य महामारी लगायतका विपद्पछिको पुन:रुत्थान र पुनर्निर्माणलाई अझ बलियो र अझ राम्रो बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रविधि प्राप्त गर्ने र हस्तान्तरण गर्ने । | विपद्पछिको पुनर्निर्माणमा अत्याधुनिक प्रविधिको उपयोग भएको हुनेछ । | निरन्तर | • भौतिक पूर्वाधार तथा विकास मन्त्रालय<br>• सामाजिक विकास मन्त्रालय | • प्रदेश नीति तथा योजना आयोग<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| १४.४ | विपद् प्रभावित क्षेत्रमा भौतिक पूर्वाधार निर्माण, मर्मतसम्भार र पुनर्निर्माण गर्दा महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू र बालबालिकाको विशेष आवश्यकताको सम्बोधन गर्ने। | विपद्पछिको पुनर्निर्माण र पुनःस्थापन सबै वर्गमैत्री र सहज पहुँचयुक्त र उत्थानशील भएको हुनेछ । | निरन्तर | • भौतिक पूर्वाधार तथा विकास मन्त्रालय<br>• स्थानीय तह | • प्रदेश नीति तथा योजना आयोग<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |
| १४.५ | प्रकोप प्रतिरोधी झनै राम्रो पुनर्निर्माणका लागि ईन्जिनियर, निर्माणकर्मी, डकर्मी, सिकर्मी, ठेकेदार र आपूर्तिकर्ताको तालिम र चेतनामूलक कार्यक्रम मार्फत् क्षमता अभिबृद्धि गर्ने | विपद्पछिको पुनर्निर्माणमा दक्ष जनशक्ति परिचालन भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• स्थानीय तह | • प्रदेश नीति तथा योजना आयोग<br>• प्रदेश सरकारका सम्बन्धित सबै मन्त्रालय<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार संस्था |

# अध्याय : ६ रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि
# वित्तीय व्यवस्था

विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्य योजनाको कार्यान्वयनका लागि प्रदेश सरकारले आफ्नो नियमित बजेट र अन्य क्षेत्रबाट समेत आर्थिक स्रोतको व्यवस्था गर्नेछ । प्रदेश सरकारले सञ्चालन गर्ने विषयगत विकास योजना तर्जुमाकै क्रममा सम्भावित जोखिम न्यूनीकरण गर्न आवश्यक स्रोत सुनिश्चित गर्नेछ । त्यसैगरी, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका अलग्गै कार्यक्रम सञ्चालन गर्न वार्षिक कार्यक्रअनुरुप बजेट विनियोजन हुनेछ । यस कार्ययोजनाको कार्यान्वयनका लागि लागत अनुमान गरी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रुपमा खर्च हुने बजेटको समेत अनुमान गरिएकोछ (अनुसूची- १: कार्ययोजना अनुसारको अनुमानित लागत) । यस रणनीतिक कार्ययोजनाको कार्यान्वयनका लागि प्रदेश सरकारले निम्नअनुसारका क्षेत्रबाट आर्थिक स्रोत जुटाउनेछ:

### ६.१. औपचारिक श्रोत बाँडफाँड प्रक्रिया

(क) विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि तयार गरिएका वार्षिक कार्यक्रमअनुरुप विनियोजित बजेट ।

(ख) विषयगत मन्त्रालय वा निकायले सञ्चालन गर्ने विकास र निर्माणका कार्यक्रममा विपद् जोखिम न्यूनीकरण मूलप्रवाहीकरणका रूपमा विनियोजित बजेट ।

(ग) विपद्का समयमा खोज तथा उद्धार र मानवीय सहायताका लागि स्थापित कोष ।

(घ) विपद्पछिको पुनर्लाभ, पुनर्निर्माण र पुन:स्थापनका कार्यलाई प्रभावकारी बनाउन आवश्यकता लेखाजोखाका आधारमा तयार कार्यक्रम अनुरुप विनियोजन भएको बजेट वा प्रदेश सरकारले छुट्याएको रकम।

(ङ) विपद्पछि गरिने पुर्ननिर्माण र पुन:स्थापनका लागि सम्बन्धित विषयगत क्षेत्रको लागि विनियोजित वा अन्य बजेटबाट रकमान्तर गरिएको बजेट ।

### ६.२. प्रदेश र स्थानीय तहको सार्वजनिक व्यय व्यवस्थापनबाट व्यवस्था भएको बजेट

(क) प्रदेश र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन आयोजनाहरू वा कार्यक्रमको लागि छुट्याइएको बजेट ।

(ख) विपद् जोखिम न्यूनीकरणका कार्यमा प्रतिफलका आधारमा दिइने वा प्राप्त हुने अनुदान।

(ग) विपद् जोखिम न्यूनीकरणका लागि नेपाल सरकारबाट प्राप्त हुने अतिरिक्त अनुदान ।

### ६.३. नियामक प्रक्रियाबाट प्राप्त श्रोत

(क) विभिन्न आयोजना, जग्गा व्यवस्थापन र अन्य भौतिक तथा पर्यावरणीय योजनाको नियमनबाट प्राप्त हुने रकम ।

(ख) खरीद वा बिक्रीका प्रावधान वा सम्झौताका शर्तहरूबाट प्राप्त रकम ।

(ग) बिमा, बैंकिङ्ग कारोबार र कर्जाका शर्तहरूबाट प्राप्त हुने स्रोत ।

(घ) सम्पत्तिको मूल्याङ्कन र खरिद बिक्री दस्तुरबाट उठेकोमध्ये छुट्याइएको रकम ।

(ङ) वन, वन्यजन्तु, चराचुरूङ्गी, जल उपयोग, गिटी, बालुवा, खानी तथा खनिज पदार्थ वा त्यस्तै प्राकृतिक स्रोतको उपयोगवापत प्राप्त दस्तुरबाट छुट्याइएको रकम ।

## ६.४. विपद् व्यवस्थापन कोषको परिचालन

(क) संघ, प्रदेश, स्थानीय तहमा स्थापना भएका विपद् व्यवस्थापन कोषमा सञ्चित रकम।

(ख) समुदायमा आधारित समूहमा स्थापना भएका सामुदायिक विपद् व्यवस्थापन कोष।

(ग) निजी क्षेत्र, औद्योगिक तथा व्यापारिक संस्था, वित्तीय प्रतिष्ठानहरूले आपत्कालीन समयमा विपद् व्यवस्थापन कोषमा गरेको योगदान ।

## ६.५. प्रदेशका लागि वा प्रदेशमा सञ्चालन हुने कार्यक्रम र सहयोग

(क) नेपाल सरकारबाट विपद् जोखिम न्यूनीकरणका लागि सञ्चालन हुने कार्यक्रम मार्फत् प्राप्त बजेट ।

(ख) मित्र राष्ट्रहरूबाट द्वीपक्षीय तथा बहूपक्षीय सहयोगवापत प्राप्त विकास कार्यक्रम र बजेटमा निर्धारित रकम।

(ग) दातृ निकाय, संयुक्त राष्ट्र संघ, रेडक्रस अभियान, अन्तरसरकारी सङ्गठनहरू र अन्य विकास साझेदार संस्थाहरूबाट सञ्चालन हुने विपद् जोखिम व्यवस्थापन सम्बन्धी कार्यक्रमबाट परिचालित बजेट ।

(घ) व्यवसायिक सामाजिक जिम्मेवारी अन्तर्गत व्यवसायिक प्रतिष्ठानबाट परिचालन हुने स्रोत।

(ङ) स्वदेशी तथा वैदेशिक सहयोग, अनुदान र ऋण सहयोगअन्तर्गत प्राप्त हुने रकम ।

## ६.६. अन्य स्रोतबाट प्रदेशलाई प्राप्त हुने स्रोत

(च) विपद् जोखिम हस्तान्तरण अन्तर्गत विपद्पछि बिमितले दावी गरी प्राप्त गर्ने बिमा ।

(छ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि निजी क्षेत्र वा नागरिकले सरकारबाट प्राप्त गर्ने प्रोत्साहन वा कर ।

(ज) विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनका रणनीतिक कार्यका लागि प्रदेश सरकारले लगाउने अतिरिक्त कर वा शुल्क ।

# अध्याय ७: अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन

## ७.१. कार्ययोजनाको कार्यान्वयनः

विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको कार्य सबैको साझा धारणा, दृष्टिकोण, समन्वय र सहकार्यबाट मात्र सम्भव हुन्छ । त्यसैले प्रदेश सरकारले नेपाल सरकारसँग समेत समन्वय गरी स्थानीय तह र समुदायमा आधारित संस्थाहरूसँग साझेदारी विस्तार गर्दै यस रणनीतिक कार्ययोजनाको कार्यान्वयन गर्नेछ । प्रदेशमा कार्यरत सरकारी निकाय र गैरसरकारी संस्था, निजी क्षेत्र, , विकास साझेदार संस्था, राजनीतिक दल र राजनीतिक दलका भातृ सङ्गठनलगायत समुदायमा आधारित समूह वा उपभोक्ता समूहहरूको साझा कार्यका रूपमा रणनीतिक कार्ययोजनाको कार्यान्वयन गरिनेछ । विपद् जोखिम न्यूनीकरणसम्बन्धी रणनीतिक क्रियाकलापहरूलाई प्रदेश सरकारका वर्षिक योजना तथा कार्यक्रममा मूलप्रवाहीकरण गरी सुरक्षित विकासमार्फत् समृद्ध प्रदेशको निर्माण गरिनेछ ।

प्रदेश सरकारले यस रणनीतिक कार्ययोजनाको कार्यान्वयनको लागि निम्नअनुसारका विधि र उपाय अपनाइनेछन्:

(क) कार्ययोजना कार्यान्वयन गर्न आवश्यकताअनुसार नीतिगत र संस्थागत व्यवस्था गरिनेछ ।

(ख) योजनाको प्रभावकारी कार्यान्वयन गर्न यसका क्रियाकलापलाई प्रदेशको आवधिक तथा वार्षिक कार्यक्रममा समायोजन गरिनेछ ।

(ग) प्राथमिकता प्राप्त क्षेत्र र कार्यका आधारमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी बहूवर्षीय कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा लगिनेछ।

(घ) विषयगत मन्त्रालय तथा निकाय र स्थानीय तहको कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस कार्ययोजनालाई मार्गदर्शनका रूपमा लिइनेछ ।

(ङ) रणनीतिका प्राथिमकता प्राप्त कार्यलाई परियोजनाको रूपमा विकास गरी दातृ निकाय र विकास साझेदार संस्थासँगको सहकार्यमा समेत कार्यान्वयन गरिनेछ ।

(च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा विकास साझेदार संस्थाले आफ्ना कार्यक्रम सञ्चालन गर्न स्वीकृति प्रदान गर्दा यस रणनीतिक कार्ययोजनाको कार्यान्वयन सुनिश्चित गरिनेछ ।

## ७.२. अनुगमन तथा मूल्याङ्कनः

विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाले निर्धारण गरेका अधिकांश कार्यक्रम विषयगत मन्त्रालय, स्थानीय तह र विकास साझेदार संस्थाका साथै निजी क्षेत्रबाट सञ्चालन हुनेछन् । यसरी सञ्चालन हुने कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन निम्न अनुसार हुनेछः

(क) रणनीतिक कार्ययोजनाका क्रियाकलापका आधारमा विषयगत मन्त्रालय वा निकायले आफ्नो नियमित अनुगमन तथा मूल्याङ्कन सूचकको एक अभिन्न अङ्गका रूपमा अनुगमन र मूल्याङ्कन गर्नेछन् ।

(ख) विषयगत मन्त्रालयले आफ्ना नियमित अनुगमन तथा मूल्याङ्कनका क्रममा नै विपद् जोखिम व्यवस्थापनका सूचकअनुसार अनुगमन तथा मूल्याङ्कन गरी त्यसको प्रतिवेदन विपद् विपद् व्यवस्थापन कार्यकारी समितिमा पठाउनेछन् ।

(ग) विपद् व्यवस्थापन कार्यकारी समितिले त्यस्ता प्रतिवेदनको अध्ययन गरी प्रदेश विपद् व्यवस्थापन परिषदमा पेश गर्नेछ र परिषदले आवश्यक समीक्षा गरी नियर्णय गर्नु पर्नेमा निर्णय गर्ने र सम्बन्धित निकायलाई निर्देशन दिनेछ ।

(घ) आवश्यक परेमा विपद् व्यवस्थापन परिषद र कार्यकारी समिति आफैं पनि अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक निर्णय र निर्देशन दिन सक्नेछ ।

(ङ) विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा गैरसरकारी संस्था वा विकास साझेदार संस्था, निजी क्षेत्र वा मार्फत् भएका कार्यको अनुगमन तथा मूल्याङ्कन प्रदेशका सम्बन्धित मन्त्रालय वा निकायले कार्यक्रमको क्रियाकलाप अनुरूप सूचक तयार गरी गर्नेछन् र त्यसको प्रतिवेदन विपद् व्यवस्थापन कार्यकारी समितिमा पेश गर्नेछन् ।

(च) स्थानीय तहमा यस रणनीतिक कार्ययोजना कार्यान्वयनको अनुगमन, मूल्याङ्कन र समन्वय सम्बन्धित स्थानीय तहमा गठित विपद् व्यवस्थापन समितिले गर्नेछन् ।

(छ) स्वीकृत सूचकका आधारमा भएको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनमाथि प्रदेश विपद् व्यवस्थापन परिषद, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति र विपद् व्यवस्थापन हेर्ने मन्त्रालय वा निकायले अध्ययन गर्नेछ । अध्ययनका क्रममा आवश्यक देखिएमा बाह्य तथा स्वतन्त्र अनुगमन तथा मूल्याङ्कन विज्ञबाट अनुगमन तथा मूल्याङ्कन गराउन सक्नेछ ।

## ७.३. पुनरावलोकन र अध्यावधिकः

यस कार्ययोजनाको कार्यान्वयन २०७७-२०८५ (सन् २०२०-२०३०) रहेको छ । रणनीतिक कार्ययोजनाले पहिचान र सुनिश्चित गरेका क्रियाकलापको कार्यान्वयनका क्रममा कमी कमजोरी देखिए वा नयाँ कार्यक्रम थप गर्नु पर्ने भएमा वा कुनै क्रियाकलाप अस्वभाविक भएको देखिएमा प्रदेश सरकारले कुनै पनि समय पुनरावलोकन गर्न सक्नेछ । यस रणनीतिक कार्य योजनालाई देहायका अवस्थामा पुनरावलोकन र अद्यावधिक गरिनेछः

१. प्रदेशमा विनाशकारी विपद् भएमा र त्यस्ता विपद्पछिको सिकाइका आधारमा रणानीतिक कार्ययोजनामा परिमार्जन गर्नु पर्ने भएमा ।

२. नेपाल सरकार वा प्रदेश सरकारका सम्बद्ध नीति र कानून परिमार्जन भएर रणनीतिक कार्ययोजनाको कार्यान्वयन गर्न नसकिएमा ।

३. अनुगमन र मूल्याङ्कनको समीक्षा गरी कुनै विषयमा बाट प्राप्त सुझावले परिवर्तन गर्न गरेको सिफारिस उपयुक्त देखिएमा

यो रणनीतिक कार्य योजना विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (पहिलो संशोधन) ऐन , २०७४ परिच्छेद ६ को दफा १४(२क) बमोजिम विपद् व्यवस्थापन परिषदबाट स्वीकृत भई लागू गरिएको छ ।

# अनुसूची १: कार्ययोजना अनुसारको अनुमानित लागत

यस विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०७७/७८-२०८६/८७ मा १० वर्षका लागि तय गरिएका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रणनीतिक कार्य अन्तर्गत सञ्चालन हुने ३०७८८ ओटा क्रियाकलापको कार्यान्वयनका लागि कूल १३ अर्ब ६ करोड ६९ लाग बजेट अनुमान गरिएको छ । क्रियाकलाप सञ्चालन गर्न आवश्यक उपकरण, विशेषज्ञ सेवा र मुद्रास्फ्रितिका कारण बजेटको आकारमा परिवर्तन पनि हुन सक्नेछ । बजेटको पूर्ण विवरण निम्न अनुसार छ र अलग्गै एक्सेलमा समेत उपलब्ध छ ।

**गण्डकी प्रदेशका प्रमुख विपद्हरुको जोखिम न्यूनीकरण कार्ययोजनाको वजेट अनुमान**

| क्रसं | लक्षित कार्यक्रम र गतिविधिहरु | अल्पकालीन (२०७७ - २०८०) जम्मा | | मध्यकालीन (२०८०- २०८३) जम्मा | | दीर्घकालीन (२०८३- २०८७) जम्मा | | प्रदेश जम्मा (२०७७- २०८७) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गतिविधि संख्या | वजेट अनुमान (रु. लाखमा) | गतिविधि संख्या | वजेट अनुमान (रु. लाखमा) | गतिविधि संख्या | वजेट अनुमान (रु. लाखमा) | गतिविधि संख्या | वजेट अनुमान (रु. लाखमा) | बजेटसम्बन्धी सङ्क्षिप्त व्याख्या |
| **४.१ भूकम्पीय जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना** | | | | | | | | | | |
| (क) प्राथमिकता प्राप्त क्षेत्र १: विपद् जोखिमबारे बुझाइ अभिवृद्धि | | ९३० | १२८३ | ९६६ | १६३३ | ३८८ | २०४ | २२६९ | ३१२० | |
| (ख) प्राथमिकता प्राप्त क्षेत्र २: विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण | | १७५ | ४० | २६३ | ५५ | ३४० | २० | ७७८ | ११५ | |
| (ग) प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरणका लागि लगानी अभिवृद्धि | | १२३ | ६०३ | ३९५ | १५६५ | ५६६ | २२०९ | ३३४ | ४३७७ | |
| (घ) प्राथमिकता प्राप्त क्षेत्र ४: विपद् पूर्वतयारीको सुदृढीकरण | | १५ | ९८६ | ७ | ५० | १० | ८३ | ३२ | १११९ | |
| | जम्मा | | २९१२ | | ३३०३ | | २५१६ | | ८७३१ | |
| **४.२. हिमपहिरो तथा हिमताल विष्फोटनबाट उत्पन्न बाढीको जोखिम न्यूनीकरणका लागि रणनीतिक कार्ययोजना** | | | | | | | | | | |
| (क) प्राथमिकता प्राप्त क्षेत्र १: विपद् जोखिमबारे बुझाइ अभिवृद्धि | | ११६ | ३९६ | ८७ | ३४० | ९२ | २९२ | २९५ | १०२८ | |
| (ख) प्राथमिकता प्राप्त क्षेत्र २: विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण | | ३ | ३० | ३ | ३० | ४ | ४० | १० | १०० | |
| (ग) प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरणका लागि लगानी अभिवृद्धि | | ३१९ | २२७ | ३४२ | ३२१ | ४६४ | ४९८ | २२५ | १०४६ | |
| (घ) प्राथमिकता प्राप्त क्षेत्र ४: विपद् पूर्वतयारीको सुदृढीकरण | | ८ | ५०७ | १८ | २६१ | २८ | २१४ | २४ | ९८२ | |
| | जम्मा | | ११६० | | ९५२ | | १०४४ | | ३१५६ | |
| **४.३. पहिरोको जोखिम न्यूनीकरणका लागि रणनीतिक कार्ययोजना** | | | | | | | | | | |
| (क) प्राथमिकता प्राप्त क्षेत्र १: विपद् जोखिमबारे बुझाइ अभिवृद्धि | | ६२२ | ७२४ | १३४० | १२१० | २३१३ | ६८५ | ३३४३ | २६१९ | |
| (ख) प्राथमिकता प्राप्त क्षेत्र २: विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण | | ४७ | ६६ | ५२ | ६३ | ८२ | १११ | ९२ | २४० | |
| (ग) प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरणका लागि लगानी अभिवृद्धि | | १४३ | ३४८.५ | २५६ | ६३९ | ४९४ | ११५३.५ | ६९३ | २१४१ | |
| (घ) प्राथमिकता प्राप्त क्षेत्र ४: विपद् पूर्वतयारीको सुदृढीकरण | | १५७ | ५३६ | २९१ | ४२३ | १३१ | ३६१ | ५१३ | १३२० | |
| | जम्मा | | १६७४.५ | | २३३५ | | २३१०.५ | | ६३२० | |
| **४.४. बाढीको जोखिम न्यूनीकरणका लागि रणनीतिक कार्ययोजना** | | | | | | | | | | |
| (क) प्राथमिकता प्राप्त क्षेत्र १: बाढीजन्य विपद् जोखिमबारे बुझाइ अभिवृद्धि | | १४४ | ११४० | २३१ | ११७८ | २८१ | १०९० | ६५६ | ३४०८ | |
| (ख) प्राथमिकता प्राप्त क्षेत्र २: विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण | | ६ | १२३ | ६ | १४२ | ८ | २१३ | ११ | ४७८ | |
| (ग) प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरणका लागि लगानी अभिवृद्धि | | १५६ | १४१२ | ३७१ | ३४९१ | ४९८ | ४४८२ | २९५ | ९३८५ | |
| (घ) प्राथमिकता प्राप्त क्षेत्र ४: विपद् पूर्वतयारीको सुदृढीकरण | | ६५५ | १८९५ | ६९२ | ३१२१ | ९२२ | ४६३८ | २२६९ | ९६५४ | |
| | जम्मा | | ४५७० | | ७९३२ | | १०४२३ | | २२९२५ | |
| **४.५. आगलागीको जोखिम न्यूनीकरणका लागि रणनीतिक कार्ययोजना** | | | | | | | | | | |
| (क) प्राथमिकता प्राप्त क्षेत्र १: आगलागीजन्य विपद् जोखिमबारे बुझाइ अभिवृद्धि | | १३६ | ३०२ | २९७ | ६०९ | ४३३ | ३८१ | ८६६ | १२९२ | |
| (ख) प्राथमिकता प्राप्त क्षेत्र २: विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण | | ५९ | २२९ | १६१ | ९१७ | ४१४ | १४७० | १२५ | २६१६ | |
| (ग) प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरणका लागि लगानी अभिवृद्धि | | १५६ | १५६० | ३१३ | १८३३ | १६७ | ६५० | ६३६ | ४०४३ | |
| (घ) प्राथमिकता प्राप्त क्षेत्र ४: विपद् पूर्वतयारीको सुदृढीकरण | | १२३ | ७७५ | २१९ | ११६१ | ८३७ | ११४८ | ७१८ | ३०८४ | |
| | जम्मा | | २८६६ | | ४५२० | | ३६४९ | | ११०३५ | |
| **५. एकीकृत विपद् जोखिम न्यूनीकरणका लागि रणनीतिक कार्ययोजना** | | | | | | | | | | |
| (क) प्राथमिकता प्राप्त क्षेत्र १: विपद् जोखिमबारे बुझाइ अभिवृद्धि | | १४१३ | ५००८ | २०९५ | ६४७६ | २५९३ | ६९९२ | ५२७४ | १८४७६ | |
| (ख) प्राथमिकता प्राप्त क्षेत्र २: विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण | | ३२६ | १२२१ | ४९६ | १६२४ | ८३० | २०७२ | ३६५ | ४९१७ | |
| (ग) प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरणका लागि लगानी अभिवृद्धि | | ६०४ | ६२५० | १०४० | ११६१२ | २३२९ | १२०६८ | २५०१ | २९९३० | |
| (घ) प्राथमिकता प्राप्त क्षेत्र ४: विपद् पूर्वतयारीको सुदृढीकरण | | २१३० | ६१०० | ४८२१ | ८३९२ | ७४५० | १०६८७ | ८४६४ | २५१७९ | |
| | जम्मा | | १८५७९ | | २८१०४ | | ३१८१९ | | ७८५०२ | |
| | **सर्वे क्षेत्रको जम्मा** | | **३१७६१.५** | | **४७१४६** | | **५१७६१.५** | | **१३०६६९** | |

**गण्डकी प्रदेशका प्रमुख विपदहरुको जोखिम न्यूनीकरण कार्ययोजनाको दश वर्षको कार्यान्वयनका लागि प्रक्षेपित वजेट लागत अनुमान रु एक खरब तीस अरब छैसठ्ठी करोड नौ लाख ।**

# सन्दर्भ सामग्री


EGU General Assembly 2014, 27 April - 2 May, 2014 in Vienna, Austria, The 2012 Seti River flood disaster and alpine cryospheric hazards facing Pokhara, Nepal,

DWIDP, 1993. Annual Disaster Review, 1993, Department of Water Induced Disaster Prevention, His Majesty's Government of Nepal

Gautam, D.K. and Regmi, S.K., 2013. Recent trends in the onset and withdrawal of summer monsoon over Nepal, Ecopersia 2013, 1, 353–367

GON, 2015. Post Disaster Needs Assessment, National Planning Commission, Government of Nepal

Karki, R., Hasson, S., Schickhoff, U., Scholten, T. and Boehner, J., 2017. Rising precipitation extremes across Nepal, Climate 2017, 5, 4; doi:10.3390/cli5010004

LRMP, 1986. Agriculture/Forestry Report, Land Resource Mapping Project, HMG/Nepal

MOAC, 2006. Agriculture and Environment, Deserts and Desertification: Don't Desert Dry lands, Government of Nepal, Ministry of Agriculture and Cooperatives, Gender Equity and Environment Division, Agri-Environment and Biodiversity Section, Kathmandu

MOHA, 2009. Nepal Disaster Report 2009, Government of Nepal, Ministry of Home Affairs

MOHA, 2011. Nepal Disaster Report 2011, Government of Nepal, Ministry of Home Affairs

MOHA, 2016. Disaster Risk Reduction in Nepal: Achievements, Challenges and Ways Forward, National Position Paper for the AMCDRR 2016, Government of Nepal, Ministry of Home Affairs

MOHA, 2019. Nepal Disaster Report 2019, Government of Nepal, Ministry of Home Affairs

NPC, 2007. Three Year Interim Plan (2007/08-2009/10), National Planning Commission Government of Nepal, Kathmandu

RC Neupane, 2009. Disaster Knowledge Series, 2009.

Sthapit K. M., 1995. Sedimentation-A Great Threat to Hydro-Power Generation in Nepal, WECS Bulletin, Vol. 6, No. 1 and 2, pp. 17-26, Water and Energy Commission Secretariat, Kathmandu

UNDP/BCPR, 2004. UNDP/BCPR, 2004, Reducing Disaster Risk: A Challenge for Development, A Global Report, United Nations Development Programme, Bureau for Crisis Prevention and Recovery, New York, USA

UNDP, 2013. Disaster Risk Governance: Issue Brief,UNDP, New York

UNDP, 2015. Strengthening Disaster Risk Governance, UNDP Support during the HFA Implementation Perido 2005-2015, United Nations Development Programme, New York

UNICEF, 2006. Situation of Children and Women in Nepal, United Nation's Children Fund, UN House, Kathmandu

World Bank, 2005. Natural Disaster Hotspots, A Global Risk Analysis, The World Bank